

# दुई शब्द

यस नगरपालिकाको केन्द्र जिरी नगरपालिका कार्यालय, साविकको जिरी नगरपालिका र श्यामा गा.वि.स.समावेश गरी २०७३/११/२२ मा नगरपालिका गठन गरिएपछि निर्माण गरिएको पार्श्वचित्र तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ । राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस नगरपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले नगरको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी नगर विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गर्नु पर्ने हुन्छ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने नगरपालिकाको सम्पूर्ण परिवार, उप-प्रमुख ज्यु, प्रमुख प्रशासकीय अधिकृत, सम्पुर्ण वडा अध्यक्ष ज्यूहरु तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं अन्य निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा नगरपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा नगरपालिका विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

**टंक बहादुर जिरेल**
**नगर प्रमुख**

# मेरो दुई शब्द



दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि नगरपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी जिरी नगरपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा नगरपालिकाका विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्कहरु समावेश गरिएको छ ।

यस नगरपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा नगरपालिकावासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा नगरपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएको छ ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने नगरपालिकाको सम्पूर्ण परिवार, नगर-प्रमुख ज्यु, प्रमुख प्रशासकीय अधिकृत, सम्पुर्ण वडा अध्यक्ष ज्यूहरु , सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, नगर कार्यपालिकाका कर्मचारीहरू तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई विशेष धन्यबाद दिन चाहन्छु ।

**कृष्णमाया बुढाथोकी**
**नगर उप-प्रमुख**

# मेरो भन्नु



कुनै पनि विकासको मार्ग तयार गर्न योजनाको सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन वस्तुगत तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय सरकारबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो नगरको बहुआयामिकता सहितको वर्तमान अवस्थाका बारेमा सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर नगरपालिकाको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यस मार्फत हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने नगर प्रमुख ज्यू, उपप्रमुख ज्यू, वडा अध्यक्ष ज्यूहरु तथा सम्पूर्ण जन प्रतिनिधिहरु, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौं लाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

**चक्रपाणी शर्मा**
**(उपसचिव)**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषयसूची


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ नगरपालिका पार्श्वचित्र तयारीको उद्देश्य १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ अध्ययन विधि २

१.६ अध्ययनका सीमाहरु ३

**खण्ड २ : नगरपालिकाको वस्तुस्थिति चित्रण** ४

२.१ नगरपालिकाको संक्षिप्त परिचय ४

२.२ राजनैतिक तथा प्रशासनिक केन्द्र ७

२.३ भौगोलिक अवस्थिति १०

२.४ भौगोलिक स्वरुप ( Topography ) ११

२.४.१ माटोको बनावट र उर्वराशक्ति १३

२.४.२ भू-आकृति तथा माटोको बनोट १३

२.४.३ भू-क्षेत्रको बर्गीकरण ((भिरालोपन) १३

२.४.४ हावापानी १७

२.५ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर १८

२.६ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु १९

२.७ नगरपालिकाको अन्तर नगर/गाउँपालिका सम्बन्ध २०

२.८ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु २१

२.९ ताल, नदीनाला तथा पोखरीहरु २४

२.९ मुख्य चाडपर्वहरु २८

२.१० सँस्कृति, कला, भाषा र साहित्य २८

२.१०.१ जिरेल जातिको पहिचान २९

**खण्ड ३ : जनसाङ्खिक विवरण** ३०

३.१ जनसंख्याको विवरण ३०

३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ३१

३.३ उमेर समूहअनुसार जनसंख्याको विवरण ३३

३.४ उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण ३५

३.५ पहिलो विवाह गर्दाको उमेरको विवरण ३६

३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण ३८
३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ३९
३.८ धर्मअनुसार जनसंख्याको विवरण ४१
३.९ घरमूलीको लैङ्गिक विवरण ४२
३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४३
३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४४
३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ४५
३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४६
३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ४७
३.१५ छानाको आधारमा घरको बनोटको विवरण ४८
३.१६ जगको आधारमा घरको बनोटको विवरण ४९
३.१७ बसाई सराईको अवस्था ५१
३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ५१
**खण्ड ४ : भू-उपयोग ५३**
४.१ नगरपालिकाको भू-उपयोगको विवरण ५३
४.२ क्रमिक विस्तार भईरहेका बस्तीहरुको वर्तमान स्वरुप ५४
४.३ शहरोन्मुख ग्रामीण बस्तीहरूको वर्तमान स्वरुप ५५
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ५६
४.५ भू-क्षय सम्भावित क्षेत्र ५७
४.६ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५८
**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति ५९**
५.१ नगरपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप ५९
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५९
५.३ आश्रित जनसंख्याको विवरण ५९
५.४ कृषि ६०
५.४.१ कृषक समूहको विवरण ६२
५.४.२ कृषी बालीमा लाग्ने रोग ६४
५.४.३ कृषि बजारीकरण ६५
५.४.४ कृषि पकेट क्षेत्रको बिबरण ६५
५.४.५ जग्गाको उर्वराशक्ति ७७
५.४.६ कृषि सहकारी संस्थाहरुको विवरण ७७
५.४.७ सिंचाइ ७८

५.५ पशुपालन ७८
५.५.१ पशुपकेट क्षेत्रको विवरण ८०
५.५.२ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु ८०
५.५.३ पशु औषधी तथा दाना पसलको विवरण ८०
५.५.४ पशु नश्ल ८१
५.५.५ पशुपंक्षीमा लाग्ने रोगहरु ८१
५.६ व्यापार तथा उद्योगको विवरण ८२
५.६.१ थोक तथा खुद्रा व्यापार ८२
५.६.२ ढुवानी तथा भण्डार व्यवस्था ८३
५.७ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ८३
५.८ बैंकको विवरण ८३
५.९ सहकारी संस्थाको विवरण ८३
५.१० संघ संस्था तथा विभिन्न समूहहरु ८६
खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ८७
६.१ यातायात ८८
६.२ यातायात सेवा ९१
६.३ संचार ९१
६.४ हुलाक सेवा ९२
६.५ विद्युत ९३
६.५.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ९३
६.५.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ९४
खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ९६
७.१ शिक्षा ९६
७.१.१. साक्षरता स्थिति ९६
७.१.२ शैक्षिक जनशक्तिको विवरण ९८
७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण ९९
७.१.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण १००
७.१.५. नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण १०१
७.१.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू १०८
७.२ स्वास्थ्य १०८
७.२.१ स्वास्थ्य सेवामा नगरपालिकाको वर्तमान अवस्था ११०
७.२.२ जिल्ला अस्पतालको विवरण ११०

| | | |
|---|---|---|
| | बिरामी सङख्याको विवरण | ११५ |
| | ७.२.३ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) | ११६ |
| | ७.२.४ गाउँघर क्लिनीक र नियमित खोप | ११६ |
| | ७.३.५ एच. आई. भी./एडसको अवस्था | ११७ |
| | ७.२.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण | ११७ |
| | ७.२.७ खोपको विवरण | ११८ |
| | ७.२.८ बाल्यकालमा हुने रोगका जोखिम | ११८ |
| | ७.२.९ बालपोषण सम्वन्धी विवरण | ११८ |
| **७.३** | **खेलकुद तथा मनोरञ्जन** | **११९** |
| **७.४** | **नागरिक सुरक्षा सेवा** | **११९** |
| | ७.४.१ बृद्धबृद्धाहरूको अवस्था | ११९ |
| | ७.४.२ सामाजिक सुरक्षा | १२० |
| **७.५** | **महिला तथा बालबालिका** | **१२०** |
| | ७.५.१ महिला सम्बन्धी विवरण | १२० |
| | ७.५.२ बालबालिका सम्बन्धी विवरण | १२१ |
| | ७.५.३ बालश्रमको अवस्था | १२२ |
| | ७.४.४ बालक्लब | १२३ |
| **७.५** | **टोल सुधार समिति** | **१२४** |
| **७.६** | **अपा·ताको विवरण** | **१२६** |
| **७.७** | **शान्ति सुरक्षा** | **१२८** |
| **७.८** | **खानेपानी तथा सरसफाई** | **१२८** |
| | ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण | १३८ |
| | ७.८.२ वडागत खानेपानीको विवरण | १३८ |
| | ७.८.३ शौचालयको विवरण | १३९ |
| | ७.८.४ वडागत शौचालयको संख्याको विवरण | १४० |
| **७.९** | **फोहोरमैला व्यवस्थापन** | **१४१** |
| | ७.९.१ खुला दिशा मुक्त क्षेत्र | १४१ |
| **खण्ड ८ :** | **वन तथा वातावरण** | **१४३** |
| **८.१** | **प्राकृतिक वन तथा वनस्पती** | **१४३** |
| **८.२** | **जैविक विविधता सम्वन्धी विवरण** | **१४४** |
| **८.३** | **लघु वन पैदावार** | **१४४** |
| **८.४** | **नगरपालिकामा पाईने वन्यजन्तु** | **१४४** |

८.५ वनजंगल १४५

८.५.१ सामुदायिक वन १४६

८.५.२ कबुलियति वन १४८

८.६ जडिबुटी सम्बन्धी विवरण १४९

८.७ वन पैदावारमा आधारित उद्योगहरूको विवरण १५०

८.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम १५०

**खण्ड ९ : विकास सूचकांङ्क र गरिबीको स्थिति १५२**

९.१ मानव विकास सुचकको विवरण (HDI) १५२

९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १५२

९.३ समग्र विकास स्थिति १५३

**खण्ड १० : नगरपालिकाको संगठनात्मक ढाँचा १५४**

१०.१ नगरसभा १५४

१०.२ नगरपालिकामा हाल कार्यरत कर्मचारीहरुको विवरण १५८

१०.३ नगरकार्यपालिका सदस्यहरुको विवरण १५९

**खण्ड ११ : जिरी फोटो ग्यालरी १६१**

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवस्यकता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्कको अपरिहार्यता हुन्छ। त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले कुनै पनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो नगर पार्श्वचित्र तयार गरिएको छ ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौधौं योजना (२०७३/७४-२०७५/७६) ले पनि नगरपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि नगरपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी नगरपालिका पार्श्वचित्र (Municipality Profile) तयार गरिएको हो ।

## १.२ नगरपालिका पार्श्वचित्र तयारीको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन् ।

क) नगरपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने ।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने ।

ग) नगरपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औंल्याउने ।

घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा प्रदेश तथा संघिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्ने ।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

झ) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने ।

ञ) नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। नगरपालिका को भावी योजना तथा कार्यक्रम र निति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी छ। नगरपालिकाका विभिन्न स्थानको आवस्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले जिरी नगरपालिका लाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ। यसका अलावा नगर पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले, सरकारलाई एक स्वायत्त निकायको रुपमा स्थापित गरेको छ । स्थानिय सरकारलाई सबल बनाउन पूँजीगत खर्च थप गर्नुका साथै नेपाल सरकारले नगरपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक नगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Municipality Profile तयार गर्नु एक हो। भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ। यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकाको उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ।

## १.५ अध्ययन विधि

यस नगरपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधीहरु निम्नानुसार छन् –

- यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्यांकहरु समावेश गरिएको छ।
- राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ।
- यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा बिभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक ( Primary) तथा द्वित्तीय ( Secondary) सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्वन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ

। यसका साथै नगरपालिका स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम नगरपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ । नगरका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धीत नगरपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले जिरी नगरपालिका को सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । यद्यपी स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । तथापी अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# खण्ड २ : नगरपालिकाको वस्तुस्थिति चित्रण

## २.१ नगरपालिकाको संक्षिप्त परिचय




नक्सा नं. १ : नगपालिकाको वस्तुस्थिति चित्रण



चित्र नं. १. **बुद्धपार्कबाट जिरी उपत्यकाको दृश्य**



चित्र नं. २.    **यलुङ उपत्यका**

नेपालको मानचित्रमा २७°३३'४८" देखि २७°४६'२६" उत्तरी अक्षांससम्म र ८६°११'१९" देखि ८६°२५'५०" पूर्वी देशान्तरसम्म फैलिएर रहेको जिरी नगरपालिका प्रदेश नं. ३ अन्तर्गत दोलखा जिल्लाको साविकको श्यामा र जिरी नगरपालिका मिलेर बनेको नगरपालिका हो । समुद्र सतहबाट १६४९ मिटरदेखि ५३४१ मिटरसम्मको उचाइमा अवस्थित रहेको यस नगरपालिकाले कुल २११.२५ वर्ग किलो मिटर क्षेत्रफल ओगटेको छ । नगरपालिकाको पूर्वमा रामेछाप जिल्ला, पश्चिममा बैतेश्वर र गौरीशंकर गाउँपालिका, उत्तरमा गौरीशंकर गाउँपालिका र दक्षिणमा तामाकोशी गाउँपालिका र रामेछाप जिल्ला रहेका छन् ।

जिरी नेपालको ज्युरिचको रुपमा चिनिन्छ । स्वीजरल्याण्डको ज्युरिचसँग तुलनागरी जिरीलाई नेपालको स्वीजरल्याण्ड उपाधि दिएको छ । यस जिरी नगरपालिका एक पर्यटकिय र व्यापारिक केन्द्रको रुपमा परिचित चारैतिर हरीयाली, सुन्दर झरना तथा ग्रामीण परिवेशले सजिएको पर्यटकीय नगरीको रुपमा सुपरिचित छ । पहिले हवाई यातायातको सुविधा नहुँदा, पर्यटकहरू सगरमाथाको लागि यस स्थानबाट जाने भएकोले यसलाई सगरमाथाको प्रवेशद्वार पनि भनिथ्यो ।

दोलखा जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा जिरी नगरपालिका रहेको छ । यसका अतिरीक्त सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दीगो विकासको श्रोतका रुपमा रहेका छन् । (२०६८ को जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या १५,५१५ रहेको छ जसमध्ये महिलाको जनसंख्या ८,३४७ (५३.९७ प्रतिशत) र पुरुषको जनसंख्या ७,१४१ (४६.०३ प्रतिशत) रहेको छ । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री

४,३६६ जना (२८.१४%), दोस्रोमा जिरेल ३,३६० (२१.६६%) र तेस्रोमा शेर्पा २,७९२ (१८%) रहेका छन् त्यस्तै सबै भन्दा कम २२ जना तराई अन्यहरुको बसोबास रहेको छ। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा साना व्यापार व्यवसाय, साना उद्योग, सेवामूलक व्यवसाय, नोकरी हुन् । यसको साथै विकल्पमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक कृषि प्रणाली र जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस नगरपालिका आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरु रहेका छन् । नगरपालिकामा पठनपाठनका लागि प्रा.वि सङ्ख्या १९, आधारभुत विद्यालय ३, मा.वि (कक्षा १-१०) सम्मको ५ वटा सामुदायिक र ३ संस्थागत गरी ८ वटा रहेका छन् । त्यस्तै  मा.वि १-१२ तह सञ्चालित २ वटा रहेका छन् । नगरमा १ क्यामपसको साथै, २ वटा धार्मिक विद्यालय, ३ वटा सामुदायिक सिकाई केन्द्रहरु रहेका छन् । अध्ययनका लागि यस नगरपालिकाका स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका समेत आउने गरेका छन् । जिरी नगरपालिकामा रहेको प्राविधिक शिक्षालय शैक्षिक क्षेत्रको आकर्षणको केन्द्र बिन्दु हो । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैँ, तिहार, ल्होसार, रामनवमी, होलि, शिवरात्री, कृष्णजन्माष्टमी, रक्षा बन्धन, छठपर्व, विवाह पञ्चमी आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

## २.२ राजनैतिक तथा प्रशासनिक केन्द्र




नक्सा नं. २ : नगरपालिकाको वडा विभाजन






चित्र नं. ३.        नगरपालिकाको प्रथम नगरसभा

## नगरपालिकाको स्थापना

नेपाल सरकारद्धारा गठित मन्त्रीपरिषद्को निर्णय अनुसार मिति २०७१ साल पुस २८ गते देहाय बमोजिमका साविकका गा.वि.स.हरु समेटेर ११ वडाहरु सहितको जिरी नगरपालिका घोषणा भएको थियो । जसको संरचना देहाय बमोजिम रहेको छ ।

**तालिका नं १:** पहिलो पटक नगरपालिका घोषणा हुँदाको नगरपालिकाको वडा संरचना

| जिल्ला | नगरपालिका को नाम | वडा संख्या | नगरपालिकाको केन्द्र | नगरपालिकामा गाभिने साविक गा.वि.स/न.पा. | वडा विभाजन<br>साविक गा.वि.स/न.पा. वडाहरु | नगरपीलकाम ा कायम हुने वडा |
|---|---|---|---|---|---|---|
| दोलखा | जिरी | ११ | साविकको जिरी गा.वि.स.को कार्यालय | माली | माली - १,२,३ | १ |
| | | | | | माली - ४,५,६ | २ |
| | | | | | माली - ७,८,९ | ३ |
| | | | | जिरी | जिरी -५,६ | ४ |
| | | | | | जिरी -७ | ५ |
| | | | | | जिरी -८,९ | ६ |
| | | | | | जिरी -१,२,३ | ७ |
| | | | | | जिरी -४ | ८ |
| | | | | ठुलोपाताल | ठुलोपाताल-५ | |
| | | | | | ठुलोपाताल-३,४ | ढ |
| | | | | | ठुलोपाताल-१,२,९ | ज्ञण |
| | | | | | ठुलोपाताल-६,७,८ | ज्ञज्ञ |

*स्रोत : जिरी नगर कार्यपालिकाको कार्यालय,२०७४*

माथिको तालिकामा २०७१/०९/२८ गतेमा भएको घोषणा अनुसार जिरी नगरपालिकाको संरचाना रहेको तत्पश्चात फेरि राज्यको पुनसंरचना सँगै नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार साविकको माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकको जिरी नगरपालिका र श्यामा गा.वि.स. गाभेर जम्मा ९ वडाहरु कायम गरी जिरी नगरपालिका घोषणा गरिएको हो । जसको वडागत संरचना तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं २:** जिरी नगरपालिकाको नयाँ वडा संरचना

| वडा नं. | साविकका गा.वि.स. | साविकका वडा |
|---|---|---|
| १ | श्यामा | १-६ |
| २ | श्यामा | ७-९ |
| | जिरी | १ |
| ३ | जिरी | २,३ |
| ४ | जिरी | ४ |
| ५ | जिरी | ५ |
| ६ | जिरी | ६ |
| ७ | जिरी | ७ |
| ८ | जिरी | ८,९ |
| ९ | जिरी | १०,११ |

*स्रोत : जिरी नगर कार्यपालिकाको कार्यालय,२०७४*

### मतदान/ नगरपालिकामा रहेको मतदाता र मतदान केन्द्र

प्रजातान्त्रिक प्रणालीमा मतदानको अधिकारलाई लोकतान्त्रिक व्यवस्थामा सबैभन्दा ठूलो अधिकार मानिन्छ । ९ वटा वडामा विभाजित यस जिरि नगरपालिकामा १० मतदान केन्द्रहरु रहेका छन् । जिरी नगरपालिकामा स्थानीय तह निर्वाचन, २०७४ (२०७३ साल फाल्गुण ९ सम्म १८ वर्ष पुरा भएका) को अन्तिम मतदाता संख्याको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ३:** जिरी नगरपालिकाको मतदाता विवरण

| वडा नं | क.सं. | मतदान केन्द्र | मतदाता संख्या | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १ | १ | गर्जनढुङ्गा मा.वि.,श्यामा | ५३१ | ५४१ | १०७२ |
| २ | २ | सेतीदेवि मा.वि.,श्यामा | ६७१ | ६७१ | १३४२ |
| ३ | ३ | सुर्योदय प्रा.वि.,आहालडाँडा | ४४० | ४३१ | ८७१ |
| | ४ | हलेश्वर मा.वि., भवन | ३३३ | ३६८ | ७०१ |
| ४ | ५ | नेपाली सेनाको पुरानो आवास भवन, बेठी धारा | ५२३ | ५५७ | १०८० |
| ५ | ६ | ढुङ्गेश्वरी मा.वि.,ढुङ्गेबजार | ३९० | ३९८ | ७८८ |
| ६ | ७ | जिरी मा.वि., मानेडाँडा | ५९९ | ६७९ | १२७८ |
| ७ | ८ | सुन्टयाग सामुदायिक भवन, माथिल्लो सिक्रि | ६५६ | ६३० | १२८६ |
| ८ | ९ | धनमाले आधारभुत विद्यालय | ६७० | ७५३ | १४२३ |
| ९ | १० | कालिका मा.वि., चिपाचिपे | ६२३ | ६९० | १३१३ |
| जम्मा | | | ५४३६ | ५७१८ | १११५४ |

*स्रोत : निर्वाचन आयोग, २०७४*

यस नगरपालिकामा २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या ११,१५४ रहेका छन् । जहाँ पुरुषको संख्या ५,४३६ जना र महिलाको संख्या ५,७१८ जना रहेको छ । यस नगरपालिकाको ९ वटा वडामा १० ओटा निर्वाचन केन्द्र रहेका छन् । जसको विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

## २.३ भौगोलिक अवस्थिति

भौगोलिक हिसाबले २७°३३'४८" देखि २७°४६'२६" उत्तरी अक्षांससम्म र ८६°११'१९" देखि ८६°२५'५०" पूर्वी देशान्तरसम्म सम्म फैलिएर २११.२५ वर्ग.कि.मी. क्षेत्रफलमा अवस्थित रहेको यस जिरी नगरपालिकाको पूर्वमा रामेछाप जिल्ला, पश्चिममा बैतेश्वर र गौरीशंकर गाउँपालिका, उत्तरमा गौरीशंकर गाउँपालिका र दक्षिणमा तामाकोशी गाउँपालिका र रामेछाप जिल्ला रहेका छन् । यो नगरपालिका समुद्र सतहबाट १६४९ मिटरदेखि ५३४१ मिटरसम्मको उचाइमा अवस्थित रहेको छ। पहाडी र हिमाली क्षेत्रमा पर्ने यस नगरपालिका सो क्षेत्रका व्यापारिक र प्रशासनिक बाहेक प्राकृतिक धार्मिक महत्वको साथै नदीनाला र वनजंगल जस्ता प्राकृतिक श्रोत साधनमा धनी नगर हो ।

## २.४ भौगोलिक स्वरुप




चित्र नं. ४. जिरी हाट डाँडा



चित्र नं. ५. जिरी उपत्यका




नक्सा नं. ३ : नगरपालिकाको उचाईको विवरण

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

जिरी नगरपालिकाको कुल क्षेत्रफल २११.२५ वर्ग कि.मि. मा ६५.६६ वर्ग कि.मि. खेतियोग्य जमिन रहेको छ । ९७.१६ वर्ग कि.मि. जमिन वनजंगलले ओगटेको छ माटोको बनावट र उर्वराशक्तिको हिसाबले यो गाउँपालिका मध्यम तथा हावापानीको लागि चिसो भएतापनि उपयुक्त र राम्रो जलाधार भएको नगरपालिका हो। नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा कोदो, मकै, मास, गहुँ, फापर, आलु, तोरी आदी हुन् भने सिमित स्थानमा धान उत्पान हुन सक्ने माटोको बनावट रहेको छ ।

### २.४.२ भू-आकृति तथा माटोको बनोट

जिरी नगरपालिका हालको नयाँ संरचना अनुसार प्रदेश नं. ३ अन्तरर्गत रहेको हिमाली जिल्ला दोलखामा पर्दछ । नगरपालिका समुद्री सतहबाट १६४९ मिटरदेखि ५३४१ मिटरसम्मको मिटर सम्मको उँचाईमा अवस्थित रहेको छ । भौगोलिक बनावटको दृष्टिकोणले यस जिल्लालाई सामान्यतया चार भागमा वर्गीकरण गर्न सकिन्छ :

#### (क) पहाडी खण्ड

जिरी नगरपालिका को साधारणतया १६४९ देखि २५०० मी. सम्को भूभाग लाई पहाडी खण्ड को रुपमा लिन सकिन्छ। यो भाग नगरपालिकाको सबैभन्दा तल्लो भाग हो । यहा बजार क्षेत्र तथा ग्रामीण बस्तीहरु पर्दछन्, यस क्षेत्रमा केहि मात्रामा खेतिपाती हुने गर्दछ । यो क्षेत्र पशुपालन तथा जडिबुटी उत्पादनको लागि उपयूक्त रहेको छ ।

#### (ख) उच्च पहाडी खण्ड

यो खण्ड समुन्द्र सतहबाट ३५०० मी. भन्दा होचो तर २५०० मी. भन्दा अग्लो भागहरु पर्दछन । यो भागमा जंगल, झाडी तथा पातला वस्ती र चौंरी खर्कहरु रहेका छन् । खेतीपातीका दृष्टिकोणले यो भाग त्यति उपयूक्त छैन साथै हावापानी समेत अत्यन्त चिसो रहने हँदा प्रतिकुल रहेको छ ।

#### (ग) लेकाली खण्ड

यो खण्ड ३५०० मी. देखी ४५०० मी. सम्मको  भूभाग हो जहाँ बाह्रै महिना चिसो रहन्छ । यस भूभागमा हिउँदमा हिमपात समेत हुने गर्दछ तसर्थ वर्षा याममा मात्र चौरी गोठहरु सार्ने गरिन्छ । वर्षामा समेत अधिकांश कुहिरो लाग्ने हुँदा जिवन कष्टकर हुन्छ तसर्थ यस खण्डमा मानव वस्ती रहेको छैन ।

#### (घ) हिमाली खण्ड

समुद्र सतहबाट ४५०० मी. भन्दा माथि ५३४१ मी. सम्मको भु-भागलाई हिमाली खण्डको रुपमा लिन सकिन्छ । यो भेग अत्यन्त विषम हिउँ पर्ने क्षेत्र हो । यहाँ मानव वस्ती तथा अन्य कुनै मानविय गतिविधि हुँदैन । हिउँदमा पूर्ण रुपमा हिउँ पर्दछ भने यस खण्डको तल्लो भागमा गर्मीयाममा हिउँ पग्लने र अत्यन्त कम मात्रामा वनस्पतिहरु विशेष गरी लेउ र झ्याउहरु पाइन्छ ।

### २.४.३ भू-क्षेत्रको बर्गीकरण ((भिरालोपन)

जिरी नगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रबृत्तिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading)क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भ-वनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical Characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन आँकलन गरिएको छ । जिरी नगरपालिकामा भूमिलाई भू-बनोट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा अध्ययन गरी भूमिको वर्गीकरणलाई हेर्दा

नगरपालिकाको जमिनमा ११.३ डिग्रि देखि ५०.०८ डिग्रि सम्मको भिरालोपन देखिन्छ। जसलाई तल उल्लेख गरिएको छ।




नक्सा नं. ४ : जमिनको भिरालोपन

### क) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा पराम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाइ सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### ख) Slope 5°-30°-माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ

यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। अलिकति पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

### ग) Slope = 30°–40° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।

माटोको पत्र २० से.मि. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन

भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जनिमनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतीको लागि उपयुक्त हुँदैन।

### घ) Slope > 40° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मि. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लगि अनुपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैँ एकातिर यस्तो जनिमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (reclaim) गन असम्भवन नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

### ङ) Slope <40°-50° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पदछ । यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायिकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लाीग अनुपयुक्त मानिन्छ । यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झै एकातिर यस्तो जनिमा भू-क्षयीकरणको प्रवृत्ति ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (reclaim) गर्न असम्भवन नै हुन्छ । उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ ।

### २.४.४ हावापानी

जलवायुको हिसाबले यस नगरपालिकामा उष्ण तथा समशितोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। गर्मीयाममा यहाँको ताफक्रम औषत अधिकतम ३२.४ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्युनतम ८.० डिग्री सेल्सियससम्म पुग्छ। यस नगरपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं ४:** जिरी नगरपालिकाको तापक्रम

| महिना | जनवरी | फेब्रुवरी | मार्च | अप्रिल | मे | जुन | जुलाई | अगष्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औषत अधिकतम तापक्रम (डिग्री सेन्टिग्रेडमा) | १५ | १८ | २२ | २६ | २६ | २६ | २५ | २५ | २४ | २२ | १९ | १७ |
| औषत मध्यम तापक्रम (डिग्री सेन्टिग्रेडमा) | १० | १३ | १८ | २२ | २२ | २४ | २२ | २० | २१ | १८ | १४ | ११ |
| औषत न्युनतम तापक्रम (डिग्री सेन्टिग्रेडमा) | ३ | ६ | ९ | १३ | १५ | १८ | १८ | १७ | १५ | ११ | ७ | ६ |

स्रोत: *World Online Weather*



## २.५ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर

नगर क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत कृषि, पशुपालन, स-सना व्यापार व्यवसाय, पर्यटन, होटल, यातायात सेवा, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस जिरी नगरपालिकाको नगर क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। नगरपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोग गरी कृषि उत्पादनमा वृद्धि हुन भइेरहेको छ। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरपालिकामा रहेको सिमीत उत्पादनशील जमिनमा वस्ती विकास, वैज्ञानिक कृषि योजनाको कमी तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उच्चतम उपयोग हुन सकेको छैन भने अर्कोतर्फ माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। संभावित ठाउँहरुमा पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी भू-क्षय हुने क्षेत्रमा विषेश कार्यक्रम तथा माटोको उर्वराशक्ति बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि अनुकूल र सुरक्षित स्थानको जोहो गर्न सकिनेछ।

नगरको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरै स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ। जिरी नगरपालिका चौरी पालनका लागी उपयूक्त क्षेत्र भएको र यहाँको चौरीको चिज प्रसिद्ध भएकोले यसको व्यवसायीक उत्पादनलाई बढावा दिन सके यहाँको आर्थिक उत्पादन वृद्धिमा टेवा पुग्ने देखिन्छ ।

यस नगरमा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ। यसको लागि जडिबुटि उत्पादनलाई विशेष जोड दिन सकिन्छ ।

जिरी नगरपालिका  क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा पोखरी निर्माण गरी वैज्ञानिक ढङ्गले माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ। साथै चिसो क्षेत्रमा उपयूक्त ट्राउट जातका माछाको उत्पादन उपयूक्त हुने देखिन्छ ।

नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न प्राकृतिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु जस्तै चेर्दीङ डाँडा, लोकी झरना, हलेसी महादेव मन्दिर, याक ग्यालरी, याक चिज उत्पादन केन्द्र, रैथाने जिरेल वस्ती रहेको यो नगरपालिकाका गहनाको रुपमा विभिन्न पर्यटकीय आकर्षणका स्थलहरु पदर्छन्। यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

जिरी नगरपालिका तथा देशमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले देशमै रोजगारी श्रृजना गर्ने व्यवस्था भएमा नगरपालिको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त जिरी नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- नगरपालिका क्षेत्र भित्र रहेका पानीका श्रोतहरुबाट कुलो निर्माण गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा वृद्धि हुन सक्छ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषी उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ।
- कृषि, पशुधन तथा स्थानिय श्रोतहरुमा आधारित उद्योगको विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ।
- यस क्षेत्रमा माथि उल्लेखित विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ।
- नगरपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा क्रमश ग्रामीण उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ।

## २.६ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु

यस जिरी नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ।

**अवसर तथा सम्भावनाहरु**

- जलस्रोत र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको उपलब्धता देखिन्छ ।
- शिक्षित मानविय श्रोतमा क्रमश वृद्धि हुँदै गएको देखिन्छ ।
- युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ ।
- शिक्षा केन्द्रहरुको शैक्षिक विकास गर्न सक्ने ।
- धार्मिक, ऐतिहासिक साथै प्राकृतिक महत्व रहेको यस क्षेत्रमा पर्यटन क्षेत्रको विकासको संभावना रहेको छ ।

**समस्या तथा चुनौतीहरु**

- नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना पर्याप्त नहुनु
- नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु
- आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव
- योजनावद्ध बस्ती विकासको अभाव
- वातावरण संरक्षण र फोहर व्यवस्थापनका ठोस योजनाको अभाव

## २.७ नगरपालिकाको अन्तर नगर ⁄ गाउँपालिका सम्बन्ध

नगरपालिकाको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरपालिकाले अर्को नगरपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगरपालिका तथा गाउँबाट आउने गरेको देखिन्छ। अन्य छिमेकी गाउँपालिकाहरुबाट कृषि र वनजन्य उत्पादनहरू यस नगरमा भित्रिने गर्दछन् र यहाँको विभिन्न घरेलु, उद्योगबाट उत्पादित वस्तु, कृषि तथा पशु उपज र विभिन्न सेवाहरु अन्य गाउँपालीका ⁄ नगरपालिकामा पुऱ्याईरहेको पाइन्छ जसले गर्दा यहाँका स्थानीय बासिन्दाको आयस्तरमा बृद्धि हुन पुगेको छ । यी विविध कारणले अन्तर नगरपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ। जिरी नगरपालिकाको सम्बन्ध छिमेकी भिमेश्वर नगरपालिका अर्थात चरिकोटसंग निकट रहेको छ । साथै, यस नगरपालिकाको अन्य छिमेकी गाउँपालिका ⁄ नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विकासका साझेदार विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## २.८ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु




नक्सा नं. ५ : धार्मिक स्थलहरुको विवरण

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले सम्पुर्ण विश्व नै एउटा समुदायको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ।



चित्र नं. ६. प्रस्तावित स्टोन पार्क क्षेत्र



चित्र नं. ७.       चेर्दुङ डाँडा

जिरी नगरपालिका एक पर्यटकीय नगरी हो । चेर्दोङ्ग डाँडा, हनुमन्ते डाँडा, बुलबुल डाँडा, लौती झर्ना, हलेसी महादेवको मन्दिर, याक ग्यालरी, याक चिज उत्पादन केन्द्र,जिरेल बस्ती, सिक्रि गाउँको संस्कृति, व्यवसायिक पशुपालन फार्म आदी पर्यटकीय आर्कषणका केन्द्रहरु हुन् । जिरी नगरपालिकाले यहाँको पर्यटकीय महत्वको पहिचान गर्दै "Green Tourism City" को रुपमा विकास गर्ने लक्ष्य लिएको छ ।

जिरी नगरपालिकामा रहेका विभिन्न प्राकृतिक, धार्मिक र साँस्कृतिक महत्व बोकेका पर्यटकीय स्थलहरुको साथै नगरमा प्राविधिक शिक्षालय, व्यवसायीक कृषि तथा पशु फार्म रहेका छन् जुन आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने माध्यमहरु हुन् । जसलाई व्यवस्थित पर्यटकीय स्थलको रुपमा विकास गरी आर्थिकरुपले सबल बन्न सकिन्छ ।



चित्र नं. ८.       लौती झर्ना



चित्र नं. ९.    बुद्ध स्तुपा



चित्र नं. १०.    राम्बोले देवि

## २.९ ताल, नदीनाला तथा पोखरीहरु

जल सम्पदाको दृष्टिले नेपाल ब्राजिलपछि विश्वको दोस्रो सबैभन्दा समृद्ध राष्ट्र र एसियामा पहिलो राष्ट्र मानिन्छ। नेपालमा ६ हजारभन्दा बढी नदिनालाहरू रहेका छन्। यी नदीनालाहरूबाट सिँचाई सुविधा,

खानेपानीको आपूर्ति, जल यातायात, पर्यटन र मत्स्य पालनको क्षेत्रमा बहुआयामिक रूपले प्रयोग गर्न सकिने देखिन्छ। तर समग्रमा जल उपयोग ज्यादै न्यून भई इन्धनका विविध साधनको प्रयोग गरिरहनु परेको कुरालाई नकार्न सकिन्न।

जल सम्पदाको हिसाबले यस जिरी नगरपालिका एकदमै समृद्ध नगरपालिकाको रूपमा रहेको छ। विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका तालतलैयाहरू र पोखरीहरू पर्यावरणका अभिन्न पक्षहरु हुन जसले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। नगरपालिकामा रहेका यस्ता नदीनाला, पोखरी तथा तालबाट पशुहरूले पानी पिउने, सिंचाईको तथा साना जलविद्युत आयोजना सञ्चालन लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक जलस्रोतलाई असर गरिरहेको छ । जलस्रोतको संरक्षण तथा व्यवस्थापन गरी माछा पालन गर्न सकिने संभावना जिरी नगरपालिकामा रहेको छ जसले जिरीबासीको लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिपय नदीनाला तथा ताल पर्यटकिय आकर्षणको केन्द्रविन्दुको रुपमा विकास गर्न सकिन्छ।

हिमाली क्षेत्रमा पर्ने यस जिरी नगरपालिका नदीनाला तथा जल स्रोतको हिसाबमा सम्पन्न रहेको छ। नगरपालिकामा विशेष उचाई बाट बग्ने हिमनदीहरु रहेका छन्। नगरमा रहेका जटापोखरी ताल, जटापोखरी खोला, खिम्ती खोला, सिक्री खोला, जिरी खोला, यलुङ खोला, घवाङ खोला आदी महत्पुर्ण जलस्रोत हुन्। जिरी नगरपालिका भएर बग्ने नदी तथा खोलाहरुको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ५:** जिरी नगरपालिका भएर बग्ने नदी तथा खोलाको विवरण

| क्र.सं. | नदी तथा खोलाको नाम | नदी तथा खोलाले छुने वडाहरु | |
|---|---|---|---|
| १ | खिम्ती खोला | १ | |
| २ | जिरी खोला | ४ र ५ | |
| ३ | रातमाटे खोला | ४ | |
| ४ | सिक्री खोला | ६ र ७ | |
| ५ | ढुङ्गे खोला | ५ | |
| ६ | यलुङ खोला | २ | |
| ७ | होसिङ खोला | ८,९ | |
| ८ | महादेव खोला | ९ | |
| ९ | घट्टे खोला | ८ र ९ | |
| १० | झर्के खोला | ९ | |
| ११ | घवाङ खोला | १ | |



चित्र नं. ११. जटापोखरी खोला



चित्र नं. १२. जटापोखरी ताल



चित्र नं. १३.     सिक्रि खोला

## २.९ मुख्य चाडपर्वहरु

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू र वौद्ध धर्म मान्ने मानिसहरु रहेका छन् भने त्यस्तै केहि संख्यामा इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, ल्होसार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली , चैते दशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा,कूल-थानी पूजा, संकट पूजा, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, होली, आदि चाडपर्वहरु रहेका छन् ।

## २.१० सँस्कृति, कला, भाषा र साहित्य



चित्र नं. १४. पञ्चकन्या

जिरी नगरपालिका साँस्कृतिक हिसाबले धनी नगरपालिकाका रुपमा रहेको छ। नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ। सिक्री गाउँको संस्कृतिलाई जिरी नगरपालिकाको विशेष संस्कृतिको रुपमा लिइन्छ । साथै जिरी नगरपालिकामा बसोबास गर्ने जिरेल जातिको संस्कृति पनि प्रसिद्ध रहेको छ ।

### २.१०.१ जिरेल जातिको पहिचान

यस नगरपालिका क्षेत्रमा प्राचिन समयदेखि आदिबासीको रुपमा बसोबास गर्दै आएका किराँत जातिभित्रको एक शाखाका रूपमा परिचित जाति हुन् जिरेल। आफ्नै भाषा, रीतिरिवाज तथा संस्कार, संस्कृति रहेको यस समुदायको उद्‌गम थलो हालको दोलखा जिल्लाको साविकको जिरी गाविसलाई मानिन्छ । परापूर्वकालमा किरातीहरू नेपालको पूर्वी पहाडहरूमा बसाइँ सर्दै आउने क्रममा सुन्दरवीरका पाँच भाइ छोरामध्ये माइला सुरसिंहका सन्तान हालका जिरी लगायतका क्षेत्रमा आएर बसोबास गर्न थाले भने केही भाइ भने हालको दोलखा जिल्लामा पर्ने साविक सुरी गाविसतर्फ गएर बसोबास गर्न थाले । पछि यिनै किरातीका सन्तानलाई ठाउँ विशेषको नामले जिरीमा बस्नेलाई जिरेल भनेर चिनिन थालियो । उनीहरूलाई नै जिरेल जातिको नामले चिनिन्छ । विशेषत पहिले यहाँका रैथाने वासिन्दालाई जिरेल भनिन्छ । जिरीमा बसोबास गर्ने भएकाले नै यिनिहरलाई जिरेल भनिएको हो। जिरेल जातिको आफ्नै भाषा छ जसलाई जिरेल भाषा भनिन्छ। यो भोट-बर्मेली भाषा परिवार अन्तर्गत पर्दछ। दोलखा जिल्लाका अधिकाशं जिरेल जातिले जिरेल भाषा बोल्दछन्।

जिरेल जातिको इतिहास हेर्दा किरात धर्म, प्रकृति पूजा मा वायु, आगो, पृथ्वीजस्ता प्रकृतिलाई पुज्ने चलन अनुसार नै जिरेल जातिले पनि ती वस्तुको पूजा गर्दै आएका छन्। बहुसंख्यक जिरेल जाति बौद्ध धर्म मान्दछन् तर  जिरेलहरूले दशैं, तिहार, सत्यनारायण पूजा हिन्दू धर्म अनुसार गरेपनि जन्म, विवाह, मृत्यु संस्कार बौद्ध धर्मअनुसार गर्दछन्। अर्थात् लामा र जिरेल पुरोहित फोम्बो दुवै प्रयोग गर्दछन्।

जिरेल जातिहरुको मुख्य पेशा कृषि हो । धेरै जसो जिरेलहरु कृषि पेशामा नै निर्भैर रहन्छन् । यस जातिमा नयाँ अन्न खानुअघि किरात धर्म अन्तर्गत आगो, वायु र पृथ्वीलाई चढाएर मात्र खाने चलन छ । पोल्दाक खाने जिरेल जातिमा मात्र रहेको एक विशेष प्रचलन हो । भुटेर पिँधेको गहुँको सातुसँग गहुँको कलिलो (गुलियो) छ्याङ मुछेर पोल्दाक बनाइन्छ। खासगरी कोदो रोप्दा खेतालालाई खाजाको रूपमा पोल्दाक दिने चलन छ। पोल्दाक बनाउँदा प्रतिव्यक्ति एक माना पिठो हालेर डल्लो बनाइन्छ। पोल्दाक छ्याङ वा कुनै अचार अथवा बाबरी (सुगन्धित जडिबुटी, पुदिना), खोर्सानी, नुन पिँधेर बनाएको अचारसँग खाइन्छ। अन्तमा पोल्दाकको डल्लाले मन परेको व्यक्ति वा रमाइलोका लागि साना टुक्रा बनाएर हिर्काएर रमाइलो गर्ने चलन पनि छ। यसरी हिर्काएर रमाइलो गर्दा माया बसेर घरबार बसालेको उदाहरण पनि जिरेल समाजमा पाइन्छ ।

आफ्नै रितीरिवाज तथा संस्कृति रहेक जिरेलहरुले बिनायो, डम्फु, खैंजडी, झ्याली, ढ्याङ्ग्रो आदी लोक बाजाहरुको  प्रयोग गर्नुको साथै विभिन्न थरीका गरगहना र पहिरनहरु प्रयोग गर्दछन्। विशेषत दौरा, सुरुवाल, ढाका टोपी, साडी, गुन्यु चोलो, लुकुनी आदी जिरेल जातिले प्रयोग गर्ने भेषभुषा हुन्। यसर्थ रैथाने जिरेल जातिको पहिचान र संस्कृतिलाई व्यवस्थित गर्दै लैजान सकेको खण्डमा जिरी नगरपालिकाको साँकृतिक पर्यटन विकास गर्ने आधार बन्न सक्ने देखिन्छ।

# खण्ड ३ : जनसाङ्ख्यिक विवरण

## ३.१ जनसंख्याको विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यस खण्डमा राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ।

**तालिका नं ६:** जनसंख्याको विवरण

| विवरण | २०६८ |
|---|---|
| जम्मा जनसंख्या | १५५१५ |
| पुरुष | ७१४१ (४६.०३) |
| महिला | ८३७४ (५३.९७) |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ८५.२८ |
| जम्मा घरधुरी | ३,८५४ |
| औषत परिवार आकार | ४.०३ |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ६१.८७ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ७३ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना, २०६८ अनुसार जिरी नगरपालिकाको जनसंख्या १५,५१५ रहेको छ जस मध्ये पुरुष ४६.०३ प्रतिशत (७,१४१ जना) र महिला ५३.९७ प्रतिशत (८,९७४ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८५.२८ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ७३ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५६.११ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३३.४२ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र १०.४७ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार जिरी नगरपालिकामा ३,८५४ घरपरिवार रहेका छन् भने यस न.पा.को कुल जनसंख्या मध्ये २.१५ प्रतिशत (३३४ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये २०२ जना पुरुष र १३२ जना महिला छन्। हाल यस नगरपालिकामा प्रति परिवार औषत ४.०३ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी परिवारको औषत आकार रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण




नक्सा नं. १ : वडागत जनसंख्या विवरण




नक्सा नं. २ : वडागत घरधुरी

**तालिका नं ७:** वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल (वर्ग कि.मि.) | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | १०६.७५ | ४.२४ | २७३ | १,१५८ | ५१५ | ६४३ | १०.८५ |
| २ | १७.५२ | ४.२२ | ३८४ | १,६२० | ७२२ | ८९८ | ९२.४७ |
| ३ | १३.६१ | ३.८६ | ४७६ | १,८३८ | ८२१ | १०१७ | १३५.०७ |
| ४ | ११.८९ | ३.९२ | ३७७ | १,४७७ | ६८४ | ७९३ | १२४.२२ |
| ५ | ६.७७ | ३.८१ | ४९३ | १,८७६ | ८८४ | ९९२ | २७७.१० |
| ६ | १२.३४ | ३.७६ | ५०४ | १,८९५ | ८८६ | १००९ | १५३.५७ |
| ७ | १३.४० | ४.११ | ४३० | १,७६८ | ८४८ | ९२० | १३१.९४ |
| ८ | १६.९३ | ४.२५ | ४७१ | २,००० | ९१८ | १०८२ | ११८.१३ |
| ९ | १२.०६ | ४.२२ | ४४६ | १,८८३ | ८६३ | १०२० | १५६.१४ |
| **जम्मा** | २११.२५ | ४.०३ | ३,८५४ | १५,५१५ | ७,१४१ | ८,३७४ | ७३ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस जिरी नगरपालिकामा जम्मा ९ वटा वडा पर्दछन् । यी वडाहरुमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं ८ रहेको छ जसमा जम्मा जनसंख्या २,००० (जसमा पुरुष ९१८ जना र महिला १,०८२ जना) रहेका छन् । यस वडाको औसत परिवार आकार ४.२५ र घरधुरी संख्या ४७१ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. १ रहेको छ जसको जनसंख्या १,१५८ (जसमा पुरुष ५१५ जना र महिला ६४३ जना) रहेका छन् भने घरधुरी संख्या २७३ र औसत परिवार संख्या ४.२४ रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। उल्लेखित विवरणलाई तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।



## ३.३ उमेर समूहअनुसार जनसंख्याको विवरण




नक्सा नं. ३ : लैङ्गिक अनुपात विवरण

तालिका नं ८: उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०–४ | ६४३ | ६१५ | १,२५८।०० | ८.११ | १.०५ |
| ५–९ | ८७७ | ९१३ | १,७९० | ११.५४ | ०.९६ |
| १०–१४ | १०४५ | १०९२ | २,१३७ | १३.७७ | ०.९६ |
| १५–१९ | ९५० | १०३६ | १,९८६ | १२.८० | ०.९२ |
| २०–२४ | ४६१ | ७२७ | १,१८८ | ७.६६ | ०.६३ |
| २५–२९ | ४१६ | ६३८ | १,०५४ | ६.७९ | ०.६५ |
| ३०–३४ | २९१ | ४७० | ७६१ | ४.९० | ०.६२ |
| ३५–३९ | ३२६ | ४५० | ७७६ | ५.०० | ०.७२ |
| ४०–४४ | ३४३ | ४८९ | ८३२ | ५.३६ | ०.७० |
| ४५–४९ | ३७६ | ४६५ | ८४१ | ५.४२ | ०.८१ |
| ५०–५४ | ३४९ | ३४८ | ६९७ | ४.४९ | १.०० |
| ५५–५९ | २९८ | २७३ | ५७१ | ३.६८ | १.०९ |
| ६०–६४ | २०१ | २७१ | ४७२ | ३.०४ | ०.७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६५-६९ | २१८ | २०५ | ४२३ | २.७३ | १.०६ |
| ७०-७४ | १६० | १६२ | ३२२ | २.०८ | ०.९९ |
| ७५-७९ | १०२ | १२९ | २३१ | १.४९ | ०.७९ |
| ८०-८४ | ५५ | ५२ | १०७ | ०.६९ | १.०६ |
| ८५-८९ | २१ | २३ | ४४ | ०.२८ | ०.९१ |
| ९०-९४ | ७ | १२ | १९ | ०.१२ | ०.५८ |
| ९५+ | २ | ४ | ६ | ०.०४ | ०.५० |
| **जम्मा** | ७,१४१ | ८,३७४ | १५,५१५ | १००.०० | ०.८५ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस नगरपालिकामा २०६८ मा, ०-१४ वर्ष उमेर समूहको संख्या ५,१८५ (३३.४२ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या ६,५९७ (४२.५२ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या ८,७०६ (५६.११ प्रतिशत) रहेको छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या १,६२४ (१०.४७ प्रतिशत) रहेको छ। तथ्याङ्कले नगरपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस नगरपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ । जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

उमेर समूहअनुसार जनसख्याको विवरण



## ३.४ उमेर समूहअनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

वैवाहिक स्थिति भन्नाले विवाह गरेका, विवाह गरेर पनि सम्वन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थालाई जनाउँछ। लैङ्गिक आधारमा समाजको वैवाहिक स्थिति असमान देखिन्छ। नेपाली समाजमा महिलाले श्रीमान्‌को मृत्यु भए पनि विवाह गर्नु हुँदैन भन्ने मान्यता र विधुवालाई हेरिने दृष्टिकोण रुढिवादी र परम्परागत रहेको छ। जसले गर्दा समाजमा बहुविवाह तथा विदुर र विधुवाको संख्यात्मक स्थिति असमान देखिन्छ। अझ प्राचीन समयमा सती प्रथा प्रचलनमा रहेको थियो तर १९७७ मा चन्द्रशमशेरले कानूनीरुपमा कु-प्रथाको रुपमा रहेको सती प्रथाको अन्त्य गरी महिला माथिको अन्यायको जड उठाएका थिए। सामान्यतया पितृसत्तात्मक समाज रहेको हाम्रो देशमा विधुवा महिलाको संख्या पुरुषको संख्या भन्दा दुई गुणा बढी देखिन्छ। सामाजिकरुपमा महिला र पुरुषको वैवाहिक स्थितिमा असमानता देखिन्छ तसर्थ जिरी नगरपालिकाको वैवाहिक स्थितिको विवरण तालिका तथा स्तम्भमा उल्लेख गरिएको छ।

**तालिका नं ९:** उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नगएको | एक विवाह | बहु विवाह भएको | पुनः विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २४०० | २७५२ | १६९ | १६० | १२५ | ३ | १२ | ५६२१ |
| महिला | २४१० | ३९२५ | ४६ | ९९ | ३४१ | ७ | १८ | ६८४६ |
| जम्मा | ४८१० | ६६७७ | २१५ | २५९ | ४६६ | १० | ३० | १२४६७ |
| प्रतिशत | ३८.५८ | ५३.५६ | १.७२ | २.०८ | ३.७४ | ०.०८ | ०.२४ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। नगरपालिकामा १० वर्ष माथिको कुल जनसंख्या १२,४६७ रहेको छ। जसमा ४,८१० अर्थात (३८.५८ प्रतिशत) अविवाहित रहेका छन्। विवाहितहरुमा ६,६७७ जना (५३.५६ प्रतिशत) को एक विवाह र २१५ जना (१.७२ प्रतिशत) बहु विवाह भएको देखिन्छ। त्यस्तै पुन: विवाह गर्ने २५९ जना (२.०८ प्रतिशत), विधुवा/विधुर ४६६ जना (३.७४ प्रतिशत), पारपाचुके भएका १० जना (०.०८ प्रतिशत) र छुट्टिएका ३० जना (०.२४ प्रतिशत) रहेका छन्।

नगरपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १,१७३ (१७.५७ प्रतिशत) ले बढी रहेको छ। भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा १२३ (५७.२१ प्रतिशत) ले बढी रहेको देखिन्छ। विदुर पुरुषको संख्या १२५ र विधवा महिलाको संख्या ३४१ रहेको छ। यसको विवरणलाई तल वार ग्राफ बाट प्रस्तुत गरिएको छ। जसको विस्तृत विवरण तालिकामा तथा स्तम्भमा उल्लेख गरिएको छ।




## ३.५ पहिलो विवाह गर्दाको उमेरको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, २०६५ ले विवाह गर्दा महिला र पुरुषको वीस वर्ष उमेर नपुगी विवाहवारी गर्न नहुने कानूनी व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू सुनिन्छ। यद्यपि चेतनाको विस्तारले यो प्रचलन घट्दै गएको छ।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा घट्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ। जिरी नगरपालिकाको पहिलो विवाह गर्दाको उमेर अनुसार वैवाहिक स्थितिको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं १०:** पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २१ | ९५ | १०१० | १३४६ | ५१५ | १५८ | ४७ | २१ | ५ | ५ | ३,२२३ |
| महिला | ३६ | ३५२ | २४५४ | १२६७ | २४५ | ५२ | २० | १० | ५ | २ | ४,४४३ |
| **जम्मा** | ५७ | ४४७ | ३,४६४ | २,६१३ | ७६० | २१० | ६७ | ३१ | १० | ७ | ७,६६६ |
| **प्रतिशत** | ०.७४ | ५.८३ | ४५.१९ | ३४.०९ | ९.९१ | २.७४ | ०.८७ | ०.४० | ०.१३ | ०.०९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना ,२०६८*

१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। माथिको आँकडामा जिरी नगरपालिकामा १० वर्षमाथिको उमेर समुहका व्यक्तिहरुमा गरिएको सर्वेक्षणमा जिरी नगरपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ३,४६४ अर्थात् सबैभन्दा बढी (४५.१९ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या २,६१३ (३४.०९ प्रतिशत) देखिन्छ। तेस्रोमा २५ देखि २९ वर्ष उमेरसमूहको संख्या ७६० (९.९१ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ५७ (०.७४ प्रतिशत) रहेको देखिन्छ। २०६८ को तथ्याङ्कले बाल अवस्थामै विवाह भएका व्यक्तिहरुको विवरण उल्लेख भएतापनि पछिल्लो समय बालविवाह धेरै हदसम्म निर्मूल भइसकेकोछ र यस्ता सामाजिक कुरिति केहि विकट ग्रामीण क्षेत्रहरुमा अझै पनि शिक्षा तथा चेतनाको कमिका कारण रहेका हुनाले ती ठाउँमा यस्ता गलत परम्परा अन्त्य गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । जसको विस्तृत माथि विवरण तालिकामा उल्लेख गरिएको छ साथै तल स्तम्भमा देखाईएको छ ।



माथि तालिका र स्तम्भलाई अध्ययन गर्दा यस नगरपालिकामा बाल विवाहको समस्या देखिन्छ। तथ्याङ्क अनुसार ६१.४२ प्रतिशत विवाहित मध्ये १५ वर्षदेखि १९वर्षमा ४५.१९ प्रतिशत विवाहित छन्। त्यस्तै ५.८३ प्रतिशतको १० देखि १४ वर्षमा विवाह भइसकेको पाईयो जुन उपयुक्त उमेर अगावै हुनुको साथै नेपालको कानून विपरित मानिन्छ। अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलनको साथै पछिल्लो समय सामाजिक सञ्जाल तथा संचार माध्यमको प्रभावको कारण उमेर अगावै आफुखुसी विवाह गर्ने प्रवृत्ति रहेको देखिन्छ जसले बाल विवाहको अन्त्य हुन सकेको छैन।

समय परिवर्तनको दौरान सँगै २०६८ को आँकडा भन्दा सकारात्मक हुँदै गएको भएतापनि बाल विवाहको अन्त्य भने भएको छैन। विवाहको उपयुक्त उमेर नपुग्दै भएको विवाहले समाजमा विभिन्न समस्याहरु निम्त्याएको कुरा लाई हामी नकार्न भने सक्दैनौ यसलाई समाधान गर्न सरकार र सरोकारवालाहरु बाट उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ।

## ३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण

यस नगरपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। दोलखा जिल्लामा विशेष गरी रैथाने जिरेल जातिको बसोबास यस क्षेत्रको एक पहिचानको रुपमा रहेको छ। यसरी दोलखा जिल्लामा अवस्थित जिरी नगरपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाति ४,३६६ जना (२८.१४%), दोस्रोमा जिरेल ३,३६० (२१.६६ %), तेस्रोमा शेर्पा २,७९२ (१८.००%) रहेका छन्। त्यसैगरी तामाङ्ग जाती १,७४८ (११.२७ प्रतिशत), नेवार जाती ७५५ (४.८७ प्रतिशत), सुनुवार जाती ७४५ (४.०५ प्रतिशत) त्यस्तै दमाई/ढोली, पहाडी ब्राम्हण, जनजाति अन्य, दलित अन्य, तराई अन्य जातजातिहरुको बसोबास रहेको छ भने यस नगरपालिकामा लोपउन्मुख जातिको रुपमा दलित अन्य र तराई अन्य रहेका छन् जातजातीको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ११:** जिरी नगरपालिकाको जनसंख्या र जातको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत | क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | ४,३६६ | २८.१४ | ८ | दमाई/ढोली | ४०७ | २.६२ |
| २ | जिरेल | ३,३६० | २१.६६ | ९ | ब्राम्हण पहाडी | ३७३ | २.४० |
| ३ | शेर्पा | २,७९२ | १८.०० | १० | जनजाति अन्य | २१८ | १.४१ |
| ४ | तामाङ | १,७४८ | ११.२७ | ११ | दलित अन्य | २५ | ०.१६ |
| ५ | नेवार | ७५५ | ४.८७ | १२ | तराई अन्य | २२ | ०.१४ |
| ६ | सुनुवार | ७४५ | ४.८० | १३ | अन्य | ७६ | ०.४९ |
| ७ | कामी | ६२८ | ४.०५ | | जम्मा | १५,५१५ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

नेपाल एक बहु-जाति, बहु-भाषा र बहु-साँस्कृतिक विशेषता बोकेको राष्ट्र हो । त्यसैले यहाँ जात भाषा र संस्कुतिमा विविधता पाईन्छ । नेपालको संविधान २०७२ को भाग ३ मा आफ्नो भाषा प्रयोग गर्ने, आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुने र त्यसको संरक्षण गर्ने विषयलाई मौलिक हककोरुपमा स्थापित गरेको छ ।

यसै अनुरुप यस जिरी नगरपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। नगरपालिकामा विशेषत नेपाली, जिरेल, शेर्पा, तामाङ, सुनुवार लगायतका भाषा बोल्ने गरेको देखिन्छ । यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं १२:** मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत | | क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ६,८११ | ४३.९० | | ६ | नेवार | २५८ | १.६६ |
| २ | जिरेल | ३,३१९ | २१.३९ | | ७ | अन्य | १४८ | ०.९५ |
| ३ | शेर्पा | २,६०३ | १६.७८ | | ८ | उल्लेख नगरिएको | ९ | ०.०६ |
| ४ | तामाङ | १,६५१ | १०.६४ | | जम्मा | | १५,५१५ | १००.०० |
| ५ | सुनुवार | ७१६ | ४.६१ | | | | | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा सबैभन्दा बढी नेपाली भाषा बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात ६,८११ (४३.९० प्रतिशत) रहेको देखिन्छ । दोस्रोमा जिरेल भाषा बोल्नेहरुको संख्या ३,३१९ (२१.३९ प्रतिशत), शेर्पा भाषा बोल्नेहरुको संख्या २,६०३ (१६.७८ प्रतिशत) रहेको पाइन्छ भने तामाङ भाषा बोल्नेहरुको संख्या १,६५१ (१०.६४ प्रतिशत), सुनुवार भाषा बोल्नेहरुको संख्या ७१६ (४.६१ प्रतिशत) र सबै भन्दा कम नेवार भाषा बोल्नेहरुको संख्या २,५८ (१.६६ प्रतिशत) रहेका छन् । सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।




## आदिवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ ।

यस नगरको कुल जनसंख्या १५,५१५ मध्ये ६१.९९ प्रतिशत (९,६१८ जना) जनसंख्या आदिवासी रहेको छ । आदिवासीहरुमा सबैभन्दा बढी जिरेल जातिको संख्या ३,३६० अर्थात कुल जनसंख्याको २१.६६ प्रतिशत रहेको छ। मुख्यत: कृषि पेशामा संलग्न यी आदिवासी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्युन रहेको छ। यी समुदायद्वारा जिरी नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल राष्ट्रका निर्णायक तहमा विस्तारै सहभागिता देखिन थालेको छ । जिरी नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदायमाथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

### सिमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ ।

जात जातिको हिसावले जिरी नगरपालिकामा कुल जनसंख्याको ६.८३ प्रतिशत हिस्सा सिमान्तकृत तथा उत्पीडित समुदायले ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका आधारभुत तथा माध्यमिक तहमा अध्यन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। जिरी नगरको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ अझै विधिवतरुपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा घोषणा गरेको छ । त्यस्तै नेपालको संविधान २०७२ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ । फलस्वरुप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाईन्छ ।

यस जिरी नगरपालिकाका प्राय जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ भने नगरपालिकामा बौद्ध, प्रकृति, क्रिश्चियन, ईस्लाम, किराँत, बोन धर्म अपनाई धार्मिक सहिष्णुता साथ आ-आफ्नो धर्म अनुसार रिती संस्कृति अंगालेको पाईन्छ। नगरपालिकामा अवलम्बन गरेको धर्मको विस्तृत विवरण लाई तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं १३:** धर्मअनुसार जनसंख्याको विवरण

| हिन्दु | बौद्ध | प्रकृति | क्रिश्चियन | इस्लाम | किराँत | बोन | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **७२९६** | ४४९५ | ३१६२ | ५५३ | २ | २ | १ | ४ | १५५१५ |
| **४७.०३** | २८.९७ | २०.३८ | ३.५६ | ०.०१ | ०.०१ | ०.०१ | ०.०३ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या १५,५१५ जना रहेकोमा ४७.०३ प्रतिशत अर्थात् (७,२९६ जना) हिन्दु, २८.९७ प्रतिशत (४४९५ जना) बौद्ध, २०.३८ प्रतिशत (३१६२ जना) प्रकृति धर्मावलम्बीहरु, ३.५६ प्रतिशत (५५३ जना) क्रिश्चियन र सबैभन्दा कम ईस्लाम, किराँत र बोन धर्मावलम्बीहरु रहेको पाईन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ । उल्लेखित विवरणलाई तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।




## ३.९ घरमूलीको लैङ्गिक विवरण

चौधौं योजनामा उल्लेख भए अनुसार नेपालमा महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार स्थानिय सरकारको रुपमा गठित यस जिरी नगरपालिकाको महिला घरमूलिको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं १४:** घरमुलीको लैङ्गिक विवरण

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १८९ | ८४ | २७३ |
| २ | २०७ | १७७ | ३८४ |
| ३ | २३३ | २४३ | ४७६ |
| ४ | २७१ | १०६ | ३७७ |
| ५ | ३१५ | १७८ | ४९३ |
| ६ | २९७ | २०७ | ५०४ |
| ७ | २६३ | १६७ | ४३० |
| ८ | २९८ | १७३ | ४७१ |
| ९ | ३११ | १३५ | ४४६ |
| **जम्मा** | २,३८४ | १,४७० | ३,८५४ |
| **प्रतिशत** | ६१.८६ | ३८.१४ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

वि.सं. २०६८ सालको केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा ३,८५४ घरधुरी संख्या रहेको यस नगरपालिकामा ६१.८६ प्रतिशत घरमा चाहिँ पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ३८.१४ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । जिरी नगरपालिकाको वडागतरुपमा लैङ्गिक घरधुरीको तुलना गर्दा वडा नं. २ मा सबै भन्दा बढी महिला घरमुली रहेको देखिन्छ भने वडा नं. ४ सबैभन्दा कम महिला घरमुली रहेको देखिन्छ । यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ। लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

**तालिका नं १५:** परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २५९ | ५ | १ | ८ | ० | २७३ |
| २ | ३६९ | ५ | ९ | १ | ० | ३८४ |
| ३ | ४७२ | ३ | ० | १ | ० | ४७६ |
| ४ | ३६६ | १० | ० | १ | ० | ३७७ |
| ५ | २४७ | १४८ | ९८ | ० | ० | ४९३ |
| ६ | ४३८ | ६१ | १ | ४ | ० | ५०४ |
| ७ | ४२४ | ३ | १ | २ | ० | ४३० |
| ८ | ४६१ | ८ | ० | २ | ० | ४७१ |
| ९ | ४४० | ६ | ० | ० | ० | ४४६ |
| **जम्मा** | ३,४७६ | २४९ | ११० | १९ | ० | ३,८५४ |
| **प्रतिशत** | ९०.१९ | ६.४६ | २.८५ | ०.४९ | ०.०० | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

तालिकामा जिरी नगरपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस नगरपालिकामा जम्मा ३,८५४ घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ३,४७६ (९०.१९ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या २४९ (६.४६ प्रतिशत) रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी ११० (२.८५ प्रतिशत) र अन्य घरधुरीको संख्या १९ (०.४९ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. ५ मा संस्थागत र भाडामा रहेको घरधुरी संख्या बढी रहेको पाइन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। उल्लेखित विवरण लाई तल स्तम्भमा प्रस्तुत गरिएको छ।




## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

**तालिका नं १६:** महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | २३ | २४७ | ३ | २७३ |
| २ | २५ | ३५९ | ० | ३८४ |
| ३ | १४ | ४६२ | ० | ४७६ |
| ४ | २६ | ३५१ | ० | ३७७ |
| ५ | ६५ | ४२५ | ३ | ४९३ |
| ६ | ६३ | ४४० | १ | ५०४ |
| ७ | २२ | ४०६ | २ | ४३० |
| ८ | १७ | ४५४ | ० | ४७१ |
| ९ | ३६ | ४१० | ० | ४४६ |
| **जम्मा** | २९१ | ३,५५४ | ९ | ३,८५४ |
| **प्रतिशत** | ७.५५ | ९२.२२ | ०.२३ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा जिरी नगरपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या २९१ (७.५५ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ३,५५४ (९२.२२ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या ९ (०.२३ प्रतिशत) रहेको छ । जुन प्राप्त तथ्यांक अनुसार यस नगरपालिकामा अझै पनि महिलाको सामाजिक, आर्थिक अवस्था शसक्तिकरण गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ। तथ्याङ्को विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

**तालिका नं १७:** महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| **१** | ३७ | २३३ | ३ | २७३ |
| **२** | ४४ | ३४० | ० | ३८४ |
| **३** | ४२ | ४३४ | ० | ४७६ |
| **४** | ४८ | ३२९ | ० | ३७७ |
| **५** | १२१ | ३६९ | ३ | ४९३ |
| **६** | ९१ | ४१२ | १ | ५०४ |
| **७** | ५५ | ३७३ | २ | ४३० |
| **८** | ३५ | ४३६ | ० | ४७१ |
| **९** | ४५ | ४०१ | ० | ४४६ |
| **जम्मा** | ५१८ | ३,३२७ | ९ | ३,८५४ |
| **प्रतिशत** | १३.४४ | ८६.३३ | ०.२३ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस जिरी नगरपालिकामा जग्गामा महिलाको स्वामित्व भएको विवरण अनुसार जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या ५१८ (१३.४४ प्रतिशत), जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ३,३२७ (८६.३३ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएकोमा ९ (०.२३ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। विवरणलाई तल स्तम्भ चित्रमा उल्लेख गरिएको छ।




तथ्याङ्क अनुसार नगरपालिकामा घरमुली, घर र जमिनमा स्वामित्वको विवरण हेर्दा लैङ्गिक असमानता देखिन्छ। यस खालको असमानतालाई कम गर्न विभिन्न चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ। घरमा महिलाको स्वामित्व भन्दा जमिनमा महिलाको स्वामित्व केही बढी रहेको छ। यस हुनुको प्रमुख कारण राज्यले जग्गा रजिष्ट्रेशनमा महिलाको स्वामित्वलाई वृद्धि गर्न छुट दिने नीति अवलम्बन गर्नु हो। जसले केहि सुधारका संकेतहरु देखिएका छन्। २०६८ को तथ्याङ्कले यस किसिमको विवरण देखाएता पनि समयको दौरान सँगै यो स्थितिमा परिवर्तन आएको छ यद्यपि महिलाको सामाजिक आर्थिक राजनैतिकरुपमा समान हैसियतको स्वामित्व भने कायम भएको छैन।

## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

लामो समयसम्म विशेष काम अध्ययन, व्यवसाय वा अन्य प्रयोजनको लागि आफनो स्थायी वासस्थान छोडी अन्यत्र रहने जनसंख्याको हिस्सालाई अनुपस्थित जनसंख्या भनिन्छ। तसर्थ यस्तो जनसंख्या मुल थलोमा अनुपस्थित रहने भएकोले त्यसलाई अनुपस्थित जनसंख्याकोरुपमा तथ्याङ्कमा देखाउने गरिन्छ। यस जिरी नगरपालिकामा रहेको अनुपस्थित घरधुरीको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं १८:** अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | उपस्थित घरधुरी | थाहा नभएको | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|---|---|
| २०६८ | ३,८५४ | १,०२५ | २,८२६ | ३ | ० | | |
| प्रतिशत | १०० | २६.६० | ७३.३३ | ०.०८ | | | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस जिरी नगरपालिकामा ३,८५४ घरधुरी मध्ये २६.६० प्रतिशत अर्थात १,०२५ घरधुरी अनुपस्थिति रहेको देखिन्छ भने ०.०८ प्रतिशत अर्थात ३ घरधुरी थाहा नभएको अवस्थामा रहेको छ। नगरपालिकामा धेरै घरधुरी उपस्थित नै रहेको पाईन्छ। अनुपस्थित घरधुरीहरु सेवा सुविधाको खोजीमा धेरै शहर केन्द्रित भएको पाईन्छ। जसले नगरपालिकाका कतिपय घरहरु खाली रहेको पाईन्छ। यसको समाधान गर्न नगरपालिकाले जनतालाई आवश्यक पर्ने आधारभुत सेवा सुविधालाई घरदैलोमा पुऱ्याउन जोड दिनुपर्ने देखिन्छ।

## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

**तालिका नं १९:** बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | काँचो ईंटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २६२ | १ | ४ | ४ | ० | ० | २ | २७३ |
| २ | ३६१ | २ | ११ | १० | ० | ० | ० | ३८४ |
| ३ | ४३५ | १ | २८ | ७ | ३ | ० | २ | ४७६ |
| ४ | ३४४ | ६ | २३ | ० | ० | ० | ४ | ३७७ |
| ५ | ३८९ | ४६ | ५२ | ० | १ | १ | ४ | ४९३ |
| ६ | ४३५ | ५६ | ११ | ० | ० | ० | २ | ५०४ |
| ७ | ४१२ | ११ | ६ | ० | ० | ० | १ | ४३० |
| ८ | ४४४ | २ | २२ | ० | ० | १ | २ | ४७१ |
| ९ | ४२१ | २ | २१ | १ | १ | ० | ० | ४४६ |
| जम्मा | ३,५०३ | १२७ | १७८ | २२ | ५ | २ | १७ | ३,८५४ |
| प्रतिशत | **९०.८९** | **३.३०** | **४.६२** | **०.५७** | **०.१३** | **०.०५** | **०.४४** | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस जिरी नगरपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाई भएको ईंटा/ढुङ्गाले बनेको सबैभन्दा धेरै घरधुरी संख्या ३,५०३ (९०.८९ प्रतिशत) छ भने सबैभन्दा कम काँचो ईंटाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ५ (०.१३ प्रतिशत) रहेको छ। यसैगरी सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा भएको घरधुरी संख्या १२७ (३.३० प्रतिशत), काठ तथा फल्याकबाट बनेको बाहिरी गारोको घरधुरी संख्या १७८ (४.६२ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको १७ (०.४४ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने वडा सबैभन्दा बढी नं. ६ मा सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा भएको घरधुरी संख्या ५६ रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण

**तालिका नं २०:** छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २९ | ६६ | ० | १७५ | ० | २ | २७३ |
| २ | ४२ | ४८ | १७३ | १ | ११९ | १ | ० | ३८४ |
| ३ | ११ | १०७ | ३१८ | २ | ३८ | ० | ० | ४७६ |
| ४ | ४ | १६० | १६२ | ० | ४६ | ० | ५ | ३७७ |
| ५ | ५ | ३२६ | १३६ | १४ | ६ | २ | ४ | ४९३ |
| ६ | ३० | २२७ | २२८ | १३ | ४ | ० | २ | ५०४ |
| ७ | ५ | १८८ | २१० | ४ | २२ | ० | १ | ४३० |
| ८ | ९ | १०६ | ३४३ | १ | १० | ० | २ | ४७१ |
| ९ | १४ | ६३ | ३५७ | १ | ८ | ३ | ० | ४४६ |
| **जम्मा** | १२१ | १,२५४ | १,९९३ | ३६ | ४२८ | ६ | १६ | ३,८५४ |
| **प्रतिशत** | ३.१४ | ३२.५४ | ५१.७१ | ०.९३ | ११.११ | ०.१६ | ०.४२ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस जिरी नगरपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरको संख्या सबैभन्दा धेरै १,९९३ (५१.७१ प्रतिशत) रहेको छ भने सबैभन्दा कम सिमेन्ट/ढलान छाना रहेको घरधुरी संख्या ३६ (०.९३ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा जस्ता, टिन तथा च्यादरको छाना भएको घरधुरी १,२५४ (३२.५४ प्रतिशत), खर/पराल/छ्वालीको छाना

भएका घरधुरी १२१ (३.१४ प्रतिशत) र काठ तथा फल्याकको छाना भएको घरधुरी ४२८ (११.११ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा दिइएको छ।




## ३.१६ जगको आधारमा घरको बनोटको विवरण

**तालिका नं २१:** जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | ढलान पिल्लरसहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २६३ | ० | ० | ८ | ० | २ | २७३ |
| २ | ३७३ | ० | १ | १० | ० | ० | ३८४ |
| ३ | ४५७ | १ | १ | १७ | ० | ० | ४७६ |
| ४ | ३४८ | १ | ० | २४ | ० | ४ | ३७७ |
| ५ | ४३१ | १२ | ८ | ३८ | ० | ४ | ४९३ |
| ६ | ४८० | ५ | ८ | ९ | ० | २ | ५०४ |
| ७ | ४१९ | ६ | ० | ५ | ० | ० | ४३० |
| ८ | ४६५ | ० | ० | ३ | १ | २ | ४७१ |
| ९ | ४३५ | २ | ० | ९ | ० | ० | ४४६ |
| **जम्मा** | ३,६७१ | २७ | १८ | १२३ | १ | १४ | ३,८५४ |
| **प्रतिशत** | ९५.२५ | ०.७० | ०.४७ | ३.१९ | ०.०३ | ०.३६ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

जिरी नगरपालिकामा जगको आधारमा घरको बनावट हेर्दा माटोको जोडाइ भएको ईंटा तथा ढुंगाको जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ३,६७१ (९५.२५ प्रतिशत) छन् भने सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा जग भएको २७ (०.७० प्रतिशत), काठको खम्बाबाट बनेको घरको जग भएका घरधुरी १२३ (३.१९ प्रतिशत) र सबैभन्दा कम ढलान पिल्लरसहितको जग भएको घरको संख्या १८ (०.४७ प्रतिशत) रहेको

छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। तालिकामा उल्लेखित विवरण लाई तल स्तम्भमा प्रस्तुत गरिएको छ।




## भवन निर्माणका किसिमहरु

जिरी नगरपालिका भित्र रहेका भवनको स्वरुपलाई हेर्दा सबैभन्दा बढी माटोको जोडाइ भएको ईटा/ढुङ्गाको जग ९५.२५ प्रतिशत, माटोको जोडाइ भएको ईटा/ढुङ्गाको बाहिरी गारो भएको घरधुरी ३,५०३ (९०.८९ प्रतिशत) तथा छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरको संख्या सबैभन्दा धेरै १,९९३ (५१.७१ प्रतिशत) रहेको पाईयो नगरमा भूकम्प जोखिमरहित भवन न्युन मात्र रहेकोमा कुनै पनि बेला भूकम्प आएको खण्डमा सजिलै भत्किने अवस्था छ तसर्थ भुकम्प प्रतिरोधी भवनहरुको कसरी निर्माण गर्ने, भूकम्प आएको खण्डमा कसरी जोगिने, नयाँ भवन बनाउँदा कसरी बनाउने जस्ता विषयमा आधारित चेतनामुलक कार्यक्रम गर्न जरुरी छ।

## भवन संवेदनशीलता

नगरपालिकामा अव्यवस्थित हिसाबले विकास हुने वस्ती वा मापदण्ड बिना निर्माण भएका भवनहरुका कारण भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ। निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रुपमा परिभाषित गरिएको छ। भवन, अत्यावश्यक सुविधाहरु, लाइफलाइन आदीको उपलब्धता र सुरक्षाका आधारमा संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ।

## ३.१७ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ। यस जिरी नगरपालिकामा छिमेकी नगरपालिका एवं जिल्लाबाट सिमित संख्यामा बसाईसराई गरी आउने गरेको तर विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ। यसरी बसाई सरी जानु वा आउनुका विभिन्न कारणहरु छन्। तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन्।

## ३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी प्रक्रियाहरु पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पालना गर्नुपर्ने हुन्छ। यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना समयमा नै दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।

जिरी नगरपालिकामा २०७४/०१/०१ देखि २०७४/१२/३१ गते सम्म नगरपालिकामा भएको व्यक्तिगत घटनादर्ता सम्बन्धी विवरण हेर्दा कुल ३६८ जनाको जन्मदर्ता, जनाको १३७ मृत्युदर्ता, २०२ जनाको विवाहदर्ता, २४ बसाईसराई दर्ता र १ जनाको सम्बन्धविच्छेद गरी जम्मा ७२७ घटना दर्ता भएको देखिन्छ। विवरणमा ३५ दिन भित्र दर्ता गर्ने भन्दा १ वर्षभन्दा माथि घटना दर्ता गरिएको देखिन्छ। नगरपालिकामा भएको व्यक्तिगत घटनादर्ता सम्बन्धी विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं २२: व्यक्तिगत घटनादर्ता सम्बन्धी विवरण

| वडा नं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाईसराई दर्ता | | | सम्बन्ध विच्छेद संख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | | | |
| १ | ० | १ | १ | ० | ० | ० | १ | १ | २ | ० | ० | ३ | ३५ दिन भित्र |
| | ३ | ४ | ७ | ३ | १ | ४ | १० | ० | ० | ० | ० | २१ | १ वर्ष भित्र |
| | १४ | ८ | २२ | २ | ० | २ | १२ | ० | ० | ० | ० | ३६ | १ वर्ष भन्दा माथि |
| **जम्मा** | **१७** | **१३** | **३०** | **५** | **१** | **६** | **२३** | **१** | **२** | **०** | **०** | **६०** | |
| २ | ० | २ | २ | ० | ३ | ३ | ३ | १ | ५ | ० | ० | ९ | ३५ दिन भित्र |
| | ९ | १० | १९ | २ | ५ | ७ | १५ | २ | ४ | ० | ० | ४३ | १ वर्ष भित्र |
| | १२ | ३५ | ४७ | ४ | ८ | १२ | २० | ३ | ५ | ० | ० | ८२ | १ वर्ष भन्दा माथि |
| **जम्मा** | **२१** | **४७** | **६८** | **६** | **१६** | **२२** | **३८** | **६** | **१४** | **०** | **०** | **१३४** | |
| ३ | १ | १ | २ | १ | ५ | ६ | ४ | १ | १ | १ | ० | १३ | ३५ दिन भित्र |
| | ६ | १० | १६ | १ | २ | ३ | ३ | १ | ० | ० | ० | २३ | १ वर्ष भित्र |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २१ | १५ | ३६ | ३ | ४ | ७ | १५ | ० | ० | ० | ० | ५८ | १ वर्ष भन्दा माथि |
| **जम्मा** | **२८** | **२६** | **५४** | **५** | **११** | **१६** | **२२** | **२** | **१** | **१** | **०** | **९४** | |
| **४** | ० | २ | २ | २ | ६ | ८ | २ | ० | ० | ० | ० | १२ | ३५ दिन भित्र |
| | २ | ५ | ७ | २ | १ | ३ | ७ | ० | ० | ० | ० | १७ | १ वर्ष भित्र |
| | १२ | १३ | २५ | ४ | १ | ५ | ११ | १ | ० | १ | ० | ४२ | १ वर्ष भन्दा माथि |
| **जम्मा** | **१४** | **२०** | **३४** | **८** | **८** | **१६** | **२०** | **१** | **०** | **१** | **०** | **७१** | |
| **५** | १ | २ | ३ | १ | १ | २ | ३ | ४ | ३ | १ | ० | १२ | ३५ दिन भित्र |
| | २ | १ | ३ | १ | ० | १ | ८ | ० | ० | ० | ० | १२ | १ वर्ष भित्र |
| | ८ | ५ | १३ | २ | १ | ३ | ३ | १ | ० | १ | ० | २० | १ वर्ष भन्दा माथि |
| **जम्मा** | **११** | **८** | **१९** | **४** | **२** | **६** | **१४** | **५** | **३** | **२** | **०** | **४४** | |
| **६** | २ | ३ | ५ | ८ | ७ | १५ | ४ | १ | १ | ० | ० | २५ | ३५ दिन भित्र |
| | ३ | ६ | ९ | ५ | ० | ५ | ११ | ० | ० | ० | १ | २६ | १ वर्ष भित्र |
| | २ | ७ | ९ | ३ | ० | ३ | १० | २ | ० | २ | ० | २४ | १ वर्ष भन्दा माथि |
| **जम्मा** | **७** | **१६** | **२३** | **१६** | **७** | **२३** | **२५** | **३** | **१** | **२** | **१** | **७५** | |
| **७** | ४ | ४ | ८ | ६ | ४ | १० | ४ | ० | ० | ० | ० | २२ | ३५ दिन भित्र |
| | ३ | १० | १३ | ५ | ३ | ८ | ८ | ० | ० | ० | ० | २४ | १ वर्ष भित्र |
| | ३ | ७ | १० | ४ | ० | ४ | ८ | ४ | २ | २ | ० | २६ | १ वर्ष भन्दा माथि |
| **जम्मा** | **१०** | **२१** | **३१** | **१५** | **७** | **२२** | **२०** | **४** | **२** | **२** | **०** | **७२** | |
| **८** | ६ | ९ | १५ | १ | ५ | ६ | ७ | १ | ४ | ० | ० | २९ | ३५ दिन भित्र |
| | ४ | ९ | १३ | ० | २ | २ | ५ | ० | ० | ० | ० | २० | १ वर्ष भित्र |
| | १३ | ११ | २४ | १ | २ | ३ | १० | ० | ० | ० | ० | ३७ | १ वर्ष भन्दा माथि |
| **जम्मा** | **२३** | **२९** | **५२** | **२** | **९** | **११** | **२२** | **१** | **४** | **०** | **०** | **८६** | |
| **९** | ५ | ३ | ८ | ४ | २ | ६ | ३ | १ | ० | ४ | ० | १८ | ३५ दिन भित्र |
| | ३ | १४ | १७ | ३ | २ | ५ | ५ | ० | ० | ० | ० | २७ | १ वर्ष भित्र |
| | १९ | १३ | ३२ | २ | २ | ४ | १० | ० | ० | ० | ० | ४६ | १ वर्ष भन्दा माथि |
| **जम्मा** | **२७** | **३०** | **५७** | **९** | **६** | **१५** | **१८** | **१** | **०** | **४** | **०** | **९१** | |
| **कुल जम्मा** | १५८ | २१० | ३६८ | ७० | ६७ | १३७ | २०२ | २४ | २७ | १२ | १ | ७२७ | |

# खण्ड ४ : भू-उपयोग

## ४.१ नगरपालिकाको भू-उपयोगको विवरण




नक्सा नं. ४ : भू-उपयोगको विवरण

तालिका नं २३: भू-उपयोग विश्लेषण २०७३

| क.सं. | विवरण | क्षेत्रफल (वर्ग कि.मी) |
|---|---|---|
| १ | बाँझो जमिन | ११.८९ |
| २ | आवासीय क्षेत्र | ०.२८ |
| ३ | झाडी | ११.११ |
| ४ | खेतियोग्य जमिन | ६५.६६ |
| ५ | वनजंगल | ९७.१६ |
| ६ | घाँसैमैदान | २३.७३ |
| ७ | बालुवा | १.२२ |
| ८ | अन्य | ०.२० |
| | **जम्मा** | २११.२५ |

*स्रोत : जिल्ला समन्वय समिति कार्यालय, दोलखा २०७४*

जिरी नगरपालिकाको विद्यमान भू-उपयोगको अवस्था हेर्दा नगरपालिकाको ६५.६६ वर्ग कि.मी.जमिन खेतियोग्य जमिनकोरुपमा रहेको छ भने ११.८९ वर्ग कि.मी. जमिन बाँझो जमिनको रुपमा रहेको छ त्यस्तै

९७.१६ वर्ग कि.मी. वनले ओगटेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति राम्रो रहेको छ। जिरी नगरपालिकामा जलाशय क्षेत्रले ०.५२ प्रतिशत (१.१० वर्ग कि.मी.) त्यस्तै झाडी क्षेत्रले ६.२५ प्रतिशत (१३.२१ वर्ग कि.मी.) जग्गा ओगटेको पाइन्छ । नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, वस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नितीहरु अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

## ४.२ क्रमिक विस्तार भईरहेका बस्तीहरुको वर्तमान स्वरुप



चित्र नं. १५. **लिङकन बजार , जिरी**

जिरी नगरपालिकाको सडक सञ्जाल देशको सबै मुख्य मुख्य सडक सञ्जालसँग जोडिएको हुँदा नगरपालिकाको सबै वडाहरुमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिन्छ। यसका अतिरिक्त अधिकांश क्षेत्रहरू क्रमश विकास भईरहेको देखिन्छ । नगरपालिकामा अधिकांश भू-व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित नगरपालिका योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ। नगरपालिका बासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडा मै कार्यालयहरु स्थापना गरी सेवा प्रवाह भै रहेका छन् ।

## ४.३ शहरोन्मुख ग्रामीण बस्तीहरूको वर्तमान स्वरुप




नक्सा नं. ५ : नगरपालिको वस्ती विवरण (अवासीय क्षेत्र)

नगरपालिकामा ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल क्रमश विकास भईरहेकाले शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत सुलभ बन्दै गरेको सन्दर्भमा नगरपालिकाका केन्द्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँच क्रमिक रुपमा बढ्दै गैरहेको हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पु¥याइरहेको पाइन्छ। यसका साथै नगरपालिकाले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। भोलिका दिनहरूमा नगरपालिकामा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।



चित्र नं. १६. **कलंग तथा खावा गाउँ**

नगरपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा बस्ती विकास हुने क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

नगरपालिकामा निर्माण भएका घरहरुमा कुल ३,८५४ परिवारहरू मध्ये, ईटा/ढुङ्गाको जग ९५.२५ प्रतिशत, माटोको जोडाइ भएको ईटा/ढुङ्गाको बाहिरी गारो भएको घरधुरी ३,५०३ (९०.८९ प्रतिशत) तथा छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरको संख्या सबैभन्दा धेरै १,९९३ (५१.७१ प्रतिशत) रहेका छन्। नगरपालिकामा कुल २४९ (६.४६) परिवारहरू घर भाडा लिई बसेका छन् भने ३,४७६ (९०.१९ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। नगरपालिका भित्र ११० (२.८५ प्रतिशत) संस्थागत उपयोग भएको छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र,

व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।

- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। जिरी बजारमा बजार विस्तारले गर्दा प्रदुषण भइरहेको हुँदा त्यसलाई न्यूनिकरण गर्नुपर्ने देखिन्छ। शहरी क्षेत्रलाइ व्यवस्थित गरी पर्यटनको केन्द्र बनाउन सकिने देखिन्छ ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय सरकार तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

नगरपालिकाका नदी तथा खोला किनारका भागहरु, भीर पाखा र विषम भौगोलिक अवस्था भएका क्षेत्रहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ । जिरी नगरमा विशेषत वन डँढेलोका कारण जंगल विनाश हुनुको साथै सडक विस्तारका कारण समेत पहिरो जाने गरेको छ । नगरपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। यस नगरपालिकाका विभिन्न विषम भैगोलिक क्षेत्रहरु वर्षायाममा बढी भ-क्षय हुने क्षेत्र हुन् । त्यस्तै, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा जाली तथा तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण पहिरो प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ । उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ । जिरी नगरपालिकाको भू-क्षय संभावित क्षेत्रहरुको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं २४:** भू-क्षय संभावित क्षेत्रहरुको विवरण

| क्र.सं. | संभावित स्थानहरु | वडा नं. |
|---|---|---|
| १ | खोल्मे, डाँडाखर्क, जिसेपुर, | ९ |
| २ | छहारे, तल्लो सिक्रि | ७ |
| ३ | तल्लो जयोखा, च्यामे त्रिशुले, फुलपिङ त्रिशुले क्षेत्र | ८ |
| ४ | पाटीटार | ६ |
| ५ | ढुङ्गे खोला, नाबोक खोला किनार कटान क्षेत्र | ५ |
| ६ | वेटी स्वारा, रातमाटे | ४ |
| ७ | घुन्सा, दोभाव आहाल डाँडा कटान क्षेत्र, कात्तिके | ३ |
| ८ | च्याङबा खोल्स कटान क्षेत्र, यलुङ खोला, भीर खर्क, कालो खोला | २ |

*स्रोत : जिरी नगरपालिका कार्यालय, २०७५*

## ४.६ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

**तालिका नं २५:** नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र.सं. | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भुकम्प प्रतिरोधात्मक घर कमै मात्रामा भएको, | जुनसुकै समयमा |
| २ | पहिरो | भौगोलिकरुपले विकट तथा नाङ्गा डाँडा पाखाहरु तथा भुकम्प प्रभावित भीर पाखाहरुमा पहिरो जाने गरेको । | असार–असोज |
| ३ | बाढी | नगरपालिकामा विशेषत: साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी  कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ४ | आगलागी | अग्नी नियन्त्रण यन्त्रको अभाव, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। साथै लापरवाहीबाट वनमा डढलो लगाउने गर्दा । | चैत्र–जेष्ठ |
| ५ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ६ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ७ | मौसमी चिसो | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाई नपुगेका भागहरु | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत:जिल्ला समन्वय समिति, दोलखा २०७३*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगरपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप

नगरपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, साना उद्योग, सेवामुलक व्यवसायहरु, नोकरी, व्यापार (थोक, खुद्रा बजार), होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी भएको यस नगरपालिकाका कतिपय स्थानहरुमा कृषिको लागि उपयुक्त उर्वर माटो रहेको छ । नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकाका सबै वडाहरुमा सडक सञ्जालको क्रमिक विकासको कारण पहुँच सहज बनाएको छ । त्यसैगरी नगरपालिकामा विद्यमान रहेको प्राविधिक शिक्षा, कृषि पर्यटनको विकास, सुन्दर प्राकृतिक बनावट वनजंगल तथा जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेका छन् ।

मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् ।

जैविक विविधता एवं साँस्कृतिक तथा धार्मिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षक गन्तव्यहरु मध्ये विशेषत: जिरी नगरपालिका महत्वपूर्ण स्थान रहेको छ । विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन्

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

**तालिका नं २६:** आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिकरुपले सक्रिय | | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पूरुष | महिला | |
| १५,५१५ | ३,८१० | ४,८९६ | ८,७०६ |
| प्रतिशत | ४३.७६ | ५६.२४ | ५६.११ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

नगरपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ३,८१० (४३.७६ प्रतिशत), महिलाको संख्या ४,८९६ (५६.२४ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता १२.४७ प्रतिशत छ भने नगरपालिकाको कुल जनसंख्याको ८,७०६ अर्थात् ५६.११ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या ४३.८९ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

**तालिका नं २७:** आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धाहरू (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ५,१८५ | ७६.१५ | १,६२४ | २३.८५ | ६८०९ | ४३.८९ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

नगरपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या ५,१८५ (७६.१५ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या १,६२४ (२३.८५ प्रतिशत) देखिन्छ । कुल जनसंख्या मध्ये जम्मा आश्रित जनसंख्या ६,८०९ (४३.८९ प्रतिशत) देखिन्छ। जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ ।

## ५.४ कृषि



चित्र नं. १७. **एग्रि देव फार्म**

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ।

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी

सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि भुमि व्यवस्थापन तथा मन्त्रालय, सहकारी तथा गरिबी निवारण मंत्रालय रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा वृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा कृषि जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।



चित्र नं. १८. **ट्राउट माछा पालन**

जिरी नगरपालिका कृषि तथा पशु विकासको एक उदाहरणीय क्षेत्र हो । जर्मनी र नेपालको संयुक्त लगानीमा सञ्चालित कृषि प्रजनन केन्द्र नगरको कृषि पर्यटन र विकास राम्रो उदाहरण हो । कृषि, निर्माण र स्वास्थ्य लगायत विषयमा प्राथमिकता साथ जिरीमा सञ्चालित प्राविधिक शिक्षालयले पनि यहाँको कृषि विकासमा टेवा पुऱ्याएको छ । यहाँको धेरै डाँडामा चियाखेती गरिएको छ । चिया बगानका कारण पनि जिरीको सौन्दर्य बढेको छ । यहाँ उत्पादित अर्थोडक्स चिया विश्व प्रसिद्ध छ । स्थानीय चीज कारखानामा उत्पादित चीजले राम्रो बजार लिएको छ । जिरी नगरपालिकाले कृषि शिक्षा, कृषि उत्पादन लाई अगाडि बढाइरहेको छ यो कृषि क्षेत्रको लागि सकारात्मक पक्ष हो । अहिले पनि त्यहाँ धेरै नेपालीहरुले शिक्षा लिइरहेका छन् । प्राविधिक शिक्षासँगै एउटा राम्रो कृषि फार्मका कारण धेरै नेपालीले रोजगार पाएका छन् । राम्रा राम्रा जनशक्तिहरु उत्पादन भइरहेका छन् ।

जिरी नगरपालिकाको हावापानी र उपयुक्त वातावरण भएको हुँदा कृषिका लागि उपयोगी क्षेत्र रहेको छ । यस नगरपालिकाको कुल क्षेत्रफको ३१.० प्रतिशत जमिन खेतियोग्य जमिनले ओगटेको छ । नगरमा

| ७ | डवलीटार बुलुङ सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ८ | खोलाघारी भमिले केसेखर्क सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ९ | दोकप पाङनागी छिटापु सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| १० | शिंबा थारखरी सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ११ | पाखाटोल औंतवरी गुम्बा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| **वडा नं. २** | | | | | |
| १ | रजाम-श्यामा डाँडा शिवलय सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| २ | ओखे शैलुङ सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ३ | क्वलबटार सर्वखासा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ४ | ओखे टाडदिङ सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ५ | राबु भस्मे रोड | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ६ | शिवडाँडा पाखाटोल सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| **वडा नं. ३** | | | | | |
| १ | काङदावा लामागाउँ तल्लो माली दोभान सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| २ | काप्सा सुर्योदय तल्लो खरायोवन सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ३ | कालोखोला आलडाँडा बजिनी सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ४ | कुथामे घुन्सा माली वडा कार्यालय सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ५ | कार्तिके लामाटार हाँडीखोला घुन्सा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ६ | टावरडाँडा डल्लोमाने पटासे च्योर्दुङ पर्यटकीय सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ७ | लामाटार आलडाडा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ८ | रोशी ग्यामगेल सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ९ | छ्याङ्गे माथिल्लो ब्वाँसे सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| १० | घुन्सा कार्तिके एकामफेदी सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ११ | हलेसी पर्यटकीय सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| १२ | बाघखोर काप्सा जुकेपानी कालोखोला सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| वडा नं. ४ | | | | | |
| १ | जिरी बसपार्क बोद्ले पटासे सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| २ | जिरेश्वरी प्रावि डल्लोमाने सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ३ | रातमाटे फुजिङ्ग प्रावि सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ४ | कालोखोला ब्वासे खोला सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ५ | मेक्पा बगरडाँडा फुजीङ सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ६ | चित्रे गुम्बा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | घैलेश्वरा कार्तिके सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ८ | बाघखोर पारीपाङ टहारी सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ९ | रोशी वेदली माथिल्लो कुमे सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| १० | कालडाँडा पानीछिर्के खोल्मे सिउरानी सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| वडा नं. ५ | | | | | |
| १ | लिंकन बजार आरन दुदुले खावा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| २ | आरन लोसा काप्ती सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| वडा नं. ६ | | | | | |
| १ | हाटडाँडा घुन्सा सिजेल कोट गुम्बा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| २ | चेन्चो भ्युटावर बुलडाँडा ठूलो नाँगी सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ३ | हनुमन्ते खावा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ४ | जेम्स एकेडेमी देखि चेप्टे सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ५ | हाटडाँडा रेन्जे सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ६ | डोडबोलाम थाला सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ७ | वल्लो टसिता देखि पल्लो टसिता ग्रामिण सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ८ | लिङकन बसपार्क कोट गुम्बा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ९ | हाटडाँडा कुँडार सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| १० | बासा बुलडाँडा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ११ | इलाक बन कार्यालय तल्लो कोट सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| १२ | चेन्चो यार्सा सडक | | | | |
| वडा नं. ७ | | | | | |
| १ | सेवजिलो मुडे सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| २ | माथिल्लो सिक्रि हाटडाँडा सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ३ | कलङ-माथिल्लो सिक्री सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ४ | माथिल्लो सिक्रि बभ्रुस्थान | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ५ | माथिल्लो आहाले ग्रामिण सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ६ | माथिल्लो सिक्रि भैसेलिम्बु सोर्दुम सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ७ | तल्लो सिक्रि वडा कार्यालय सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ८ | वडा कार्यालय चम्पुर कलङ ठिम्बासे ग्रामिण सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ९ | हिले धारापानी माडे फेदी सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| १० | खावा सुर्के सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| ११ | खावा हनुमन्ते सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| १२ | विराली रचने सडक | ३ | १२(६-६) | १.५ | स्थानिय सडक |
| वडा नं. ९ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | निगाले  नागि गाँउ सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| २ | थालारी बोजेनी चेमाली सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ३ | होसिङ्गा डाँडाखर्क सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ४ | नाथेलौरी निगाले सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ५ | पुरानो गाँउ सेतोघर ठलारी सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ६ | बोजेनी गाँउ त्रिशुली नागी सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ७ | पोखरी खर्क गेलापु सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ८ | घनमाले तामङ गाँउ सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ९ | होसिङ्गा भित्रि सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| १० | राम्बोले तल्लो झेफा सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ११ | सुइरे भकुन्डे सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| **वडा नं. ९** | | | | | |
| १ | खोल्मे-लेकखर्क-लिसे सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| २ | डाँडाखर्क-मानेभञ्ज्याङ- विजुलीबजार सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ३ | पहिरे खिम्ती सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ४ | विजुलीबजार-ठूलोपातल मा.वि.-पाटीखोला सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ५ | जोरलाकुरी -भुसुने -लिसे सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ६ | डाँडाखर्क -चोल्पे - झाँक्रे सडक | ३ | १२(६–६) | १.५ | स्थानिय सडक |
| ७ | खोल्मे कमेरे गाईघाट हदम्पु रामेछाप सडक | ३ | १२(६–६) | २.५ | स्थानिय सडक |
| | | | | | |
| | **टोल सडक (छोटो दुरीको)** | ३ | ६(३–३) | १.५ | भित्रि सडक |

*स्रोत : जिरी नगरपालिका कार्यालय, २०७५*

## ६.२ यातायात सेवा

जिरी नगरपालिका जोड्ने मुल सडक लामो साँघु जिरी सडक प्रमुह सडक भएकाले यसै सडकले जिरीको सम्पर्क राष्ट्रिय सडक सञ्जालसँग गराउँछ । नगरका सबै वडाहरुमा सडकको क्रमिक विस्तार भइरहेकाले आन्तरिक यातायातको सुविधा त्रमश बढ्दै गएको छ । तथापी प्राय सबै सडकहरु कच्ची हुँदा वर्षातको समयमा आवागमनमा ठुलो कठिनाई हुन्छ । नगरमा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरमा बस, टिपर, ट्र्याक्टर, जीप, मोटरसाइकल आदी साधनहरुको प्रयोग गरिएको देखिन्छ।

## ६.३ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासको गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ । दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ । सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरु हाल आधारभूत आवश्यकतामा परिणत भएको छ। ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्यांकले संचार क्षेत्रको तीब्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ ।

सन् १९९० सालसम्म संचार माध्ययमहरु सिमित थिए । हाल पत्रपत्रिका, रेडियो र टि.भि., ईन्टरनेट जस्ता सञ्चार माध्यमको प्रयोग बढ्दै गएको छ । यस नगरपालिकामा कान्तिपुर एफ.म., रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ । नगरपालिकामा नेपाल टेलिकम र एनसेल दुवै सेवा उपलब्ध छ । नगरपालिकामा NCell, NTC आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने केहि केवल नेटवर्क र स्याटलाईट च्यानल /टेलिभिजनको मनोरन्जनात्मक कार्यक्रमहरु प्रसारण गरिरहेका छन् ।

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाका ९ ओटै वडाहरुमा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

## ६.४ हुलाक सेवा

नगरपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन् । हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने जिरी देखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ । यद्यपि सञ्चार माध्यममा नयाँ प्रविधिको आगमन, सञ्चारको विकसित एवमं विस्तारित : (ईमेल, ईन्टरनेट विद्युतीय सञ्चार) रुपको विकासले पछिल्लो समयमा हुलाक सेवाको प्रयोग त्रमश घट्दै गईरहेको छ ।

नगरपालिकामा ईलाक हुलाक तथा अतिरिक्त हुलाकहरुले सेवा प्रदान गर्दै आएका छन् । हुलाक तथा हुलाकमा कार्यरत कर्मचारीहरुको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ४१:** नगरमा रहेको हुलाक सेवा

| कार्यालय | पद | दरबन्दी संख्या | हाल कार्यरत संख्या | कैफियत |
|---|---|---|---|---|
| **ईलाका हुलाक जिरी** | ना.सु. | | | हाल नभएको |
| | खरिदार | | | |
| | हलकारा | ४ | १ | |
| | हुलाकी | २ | २ | |
| | का.स. | | २ | |
| **ठुलोपातल अतिरिक्त हुलाक कार्यालय** | एजेन्ट | | १ | |
| | डाक बाहक | | २ | |
| | पत्र वितरक | | १ | |
| **श्यामा अतिरिक्त हुलाक कार्यालय** | एजेन्ट | | १ | |
| | डाक बाहक | | २ | |
| | पत्र वितरक | | १ | |
| **माली अतिरिक्त हुलाक कार्यालय** | एजेन्ट | | १ | |
| | डाक बाहक | | १ | |
| | | जम्मा | १५ | |

## ६.५ विद्युत

जलविद्युतको विकास नेपालको समग्र विकासको आधार हो । जलविद्युत नेपालमा रोजगारीको सृजना गर्ने, निर्यात बढाउने र सम्पूर्ण देशको आर्थिक तथा सामाजिक विकास गर्न सक्ने महत्वपुर्ण क्षेत्र हो । नेपाल जलस्रोतको हिसाबले विश्वको दोस्रो धनी राष्ट्र हो । नेपालमा ६००० भन्दा बढी नदीनालहरु रहेका छन् । उच्च हिमस्रोत भएका बाह्रै महिना अविरल बगिरहने नदीहरू नेपालका प्रमुख जलसम्पदाहरू हुन् । यी नदीनालाहरूबाट ८३ हजार मेगावाट विद्युत उत्पादन गर्ने क्षमता रहेको अड्कल गरिएता पनि त्यो पुरा हुन सकिरहेको छैन। जलविद्युत को विकासले अन्य क्षेत्रको विकासका लागि समेत जग बलियो बनाउँछ। वैदेशिक सम्बन्धहरुलाई आर्थिक अवस्था, व्यापारको मात्रा र आयात निर्यातले परिभाषित गरिरहेका नयाँ परिवेशमा यदी हामीले जलविद्युतमा अपेक्षित विकास गर्न सक्यौं भने हाम्रो नेपालको नयाँ अन्तर्राष्ट्रिय पहिचान बन्न पनि निकै सहयोग पुग्ने देखिन्छ ।

जिरी नगरपालिकामा पनि जल विद्युतको राम्रो संभावना रहेको देखिन्छ। यस नगरमा विभिन्न जलविद्युत आयोजना सञ्चालन, निर्माणाधीन तथा प्रस्तावित रहेका छन् । यी आयोजनाहरु लाई व्यवस्थित रुपमा सञ्चालन गर्न सकेको खण्डमा नगरपालिको विकासमा टेवा पुऱ्याउने देखिन्छ । नगरपालिकाको हाइड्रो आयोजनाहरुको विवरण तालिकामा दिईएको छ ।

**तालिका नं ४२:** नगरपालिकामा रहेका आयोजनाहरु

| क्र.सं. | विवरण | ठेगाना | क्षमता | कैफियत |
|---|---|---|---|---|
| १ | बजिनी हाइड्रो | जिरी ४ | २.४ मेगावाट | |
| २ | ट्रोनचाल हाइड्रो | जिरी ५ | ६०० किलोवाट | |
| ३ | झाँक्रेखोला हाइड्रो | जिरी ९ | ५०० किलोवाट | |
| ४ | अपी हाइड्रो | जिरी १ | १.१ मेगावाट | निर्माण इजाजत लिएको |
| ५ | बुङ खोला हाइड्रो | जिरी १ | | Survey चरणमा भएको |
| ६ | खिम्ती २ | | ४८.८ मेगावा ६ | निर्माणधीन |
| ७ | प्रस्तावित जिरी ताल | | २.४ मेगावाट | निकाल्ने तयारी |
| *नोट : हिमाल हाइड्रो (१२ मेगावाट) सिमानाको पानी use गरेको तर Powerhouse रामेछापमा* | | | | |

### ६.५.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस जिरी नगरपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नतिजाअनुसार दैनिक सोलार बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। नगरपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ३,६२९ (९४.१६ प्रतिशत) रहेको छ। त्यस्तै नगरपालिकाका कुल घरधुरीको १९२ (४.९८ प्रतिशत) ले मट्टितेल, १९ (०.४९ प्रतिशत) ले सोलार प्रयोग गरेको देखिन्छ। अधिकांश घरहरुमा विजुली बत्तीको प्रयोग भएको त्यस्तै वडागतरुपमा तुलना गर्दा सबैभन्दा बढी मट्टीतेल प्रयोग गर्ने वडा नं. २ रहेको देखिन्छ। जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं ४३: बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मट्टितेल | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २५५ | १६ | ० | ० | २ | २७३ |
| २ | २८८ | ७८ | १६ | २ | ० | ३८४ |
| ३ | ४३४ | ४० | ० | २ | ० | ४७६ |
| ४ | ३६२ | १२ | ० | २ | १ | ३७७ |
| ५ | ४७६ | १४ | ० | ० | ३ | ४९३ |
| ६ | ४९७ | ६ | ० | ० | १ | ५०४ |
| ७ | ४११ | १८ | ० | १ | ० | ४३० |
| ८ | ४६३ | ५ | ३ | ० | ० | ४७१ |
| ९ | ४४३ | ३ | ० | ० | ० | ४४६ |
| **जम्मा** | ३,६२९ | १९२ | १९ | ७ | ७ | ३,८५४ |
| **प्रतिशत** | ९४.१६ | ४.९८ | ०.४९ | ०.१८ | ०.१८ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




## ६.५.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं ४४: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २७१ | ० | ० | ० | ० | ० | ० | २ | २७३ |
| २ | ३८१ | २ | १ | ० | ० | ० | ० | ० | ३८४ |
| ३ | ४७५ | ० | ० | ० | १ | ० | ० | ० | ४७६ |
| ४ | ३७६ | ० | ० | ० | ० | ० | ० | १ | ३७७ |
| ५ | २४२ | ६ | २४० | ० | ० | १ | २ | २ | ४९३ |
| ६ | ४४३ | १ | ५९ | ० | ० | ० | ० | १ | ५०४ |
| ७ | ४२७ | २ | १ | ० | ० | ० | ० | ० | ४३० |
| ८ | ४६८ | ० | १ | ० | २ | ० | ० | ० | ४७१ |
| ९ | ४४३ | ० | १ | ० | १ | १ | ० | ० | ४४६ |
| **जम्मा** | ३,५२६ | ११ | ३०३ | ० | ४ | २ | २ | ६ | ३,८५४ |
| **प्रतिशत** | ९१.४९ | ०.२९ | ७.८६ | ०.०० | ०.१० | ०.०५ | ०.०५ | ०.१६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

२०६८ को जनगणनाअनुसार जिरी नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ३,५२६ (९१.४९ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा एल.पी ग्यास प्रयोग गर्ने घरधुरी संख्या ३०३ (७.८६ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने घरधुरी संख्या ११ (०.२९ प्रतिशत), गोबरग्याँस प्रयोग गर्ने घरधुरी संख्या ४ (०.१० प्रतिशत) रहेका छन् भने विजुली प्रयोग गर्ने घरधुरी २ (०.०५ प्रतिशत) रहेको देखिन्छ। वडागतरुपमा सबैभन्दा एल.पी ग्याँसको प्रयोग गर्ने वडा नं. ५ र ६ मा रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

वैकल्पीक उर्जामा प्रोत्साहन गरी सोलार तथा गोबरग्याँसको उपयोग गर्न सकेमा पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सकिन्छ यसको अलावा वन अतिक्रमण रोकिनुको साथै मानिसहरुको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्युन हुने हुँदा यसको प्रयोग गर्न जरुरी देखिन्छ ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ जिरी नगरपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ। राज्यको निति समेत शिक्षालाई विकासको प्रमुख पूर्वाधारको रुपमा विकसित, सर्वसुलभ र प्रभावकारी बनाउँदै लैजान रहेको छ । नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहायबमोजिमको व्यवस्था गरिएको छ :

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउनेहक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस नगरपालिकाको शैक्षिक स्थिती देखाउन यहाँको साक्षरता स्थिति,शिक्षण संस्थाको विवरण,दरबन्दी शिक्षककहरुको विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट जिरी नगरपालिकाको शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।

### ७.१.१. साक्षरता स्थिति

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा जिरी नगरपालिका यस दोलखा जिल्लाका अन्य गाउँपालिका तथा नगरपालिकाको तुलनामा अगाडी रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ६१.८७ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र झैं धेरै विभेद रहेको पाईन्छ। जस्तैः

यस नगरपालिकाको पुरुषको साक्षरता दर ७२.३८ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५३.०९ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग १९.२९ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२६ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ४५:** साक्षरता दर

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ३५२ | ३२८ | ५ | ७ | १०५ | २३६ | ० | १ | ४६२ | ५७२ | १,०३४ |
| २ | ४२७ | ४२१ | ९ | १८ | १९९ | ३६६ | ० | ० | ६३५ | ८०५ | १,४४० |
| ३ | ४७९ | ४३७ | १८ | १६ | २२४ | ४६६ | ० | ० | ७२१ | ९१९ | १,६४० |
| ४ | ४१५ | ३६५ | ६ | १३ | १८५ | ३४६ | ० | ० | ६०६ | ७२४ | १,३३० |
| ५ | ६२४ | ५९५ | ११ | १७ | १४४ | २९१ | १ | २ | ७८० | ९०५ | १,६८५ |
| ६ | ६६२ | ५४३ | २६ | ४२ | ११८ | ३५२ | ० | १ | ८०६ | ९३८ | १,७४४ |
| ७ | ५६१ | ४३७ | १२ | २० | १९१ | ३७८ | ० | ० | ७६४ | ८३५ | १,५९९ |
| ८ | ५१९ | ४५० | २६ | ३१ | २५८ | ४९४ | ० | ० | ८०३ | ९७५ | १,७७८ |
| ९ | ५५५ | ४५८ | ३ | ५ | २१२ | ४६२ | ० | ० | ७७० | ९२५ | १,६९५ |
| **जम्मा** | ४,५९४ | ४,०३४ | ११६ | १६९ | १,६३६ | ३,३९१ | १ | ४ | ६,३४७ | ७,५९८ | १३,९४५ |
| **प्रतिशत** | ७२.३८ | ५३.०९ | १.८३ | २.२२ | २५.७८ | ४४.६३ | ०.०२ | ०.०५ | १००.०० | १००.०० | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

जिरी नगरपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. ५ मा ७२.३४ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८०.०० प्रतिशत र महिला साक्षरता दर ६५.७५ प्रतिशत रहेको छ। त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वार्ड नं. ३ मा रहको छ। जसमा कुल साक्षरता दर ५५.८५ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ६६.४४ प्रतिशत र महिला साक्षरता दर ४७.५५ प्रतिशत रहेको छ । माथिको तथ्यांकलाई हेर्दा यस जिरी नगरपालिका शैक्षिक हिसाबमा देशको समान्य स्थानमा नै रहेको देखिन्छ ।



## ७.१.२ शैक्षिक जनशक्तिको विवरण

**तालिका नं ४६:** शैक्षिक जनशक्तिको विवरण

| शैक्षिक जनशक्ति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| स्कूल नगएको | १९३ | २०५ | ३९८ | ४.४५ |
| प्राथमिक तह | २०१० | १९१३ | ३,९२३ | ४३.९० |
| नि.मा.वि. तह | १०१३ | ८८६ | १,८९९ | २१.२५ |
| मा.वि. तह | ६८० | ५१८ | १,१९८ | १३.४० |
| एस.एल.सी. तह | ३०६ | २१२ | ५१८ | ५.८० |
| प्रमाणपत्र तह | २७९ | २०६ | ४८५ | ५.४३ |
| स्नातक तह | ६२ | ३७ | ९९ | १.११ |
| स्नातकोत्तर तह र सोभन्दामाथी | ३६ | ९ | ४५ | ०.५० |
| अन्य | ३ | २ | ५ | ०.०६ |
| अनौपचारिक शिक्षा | १५८ | १९३ | ३५१ | ३.९३ |
| उल्लेख नगरिएको | ९ | ७ | १६ | ०.१८ |
| **जम्मा** | ४,७४९ | ४,१८८ | ८,९३७ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

*( नोट : शिक्षा ऐनको पछिल्लो संशोधन अनुसार १-८ सम्म आधारभुत शिक्षा र ९-१२ सम्म माध्यमिक शिक्षा भनी परिभाषित गरिएको छ । )*

यस तालिकामा जिरी नगरपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा ३,९२३ (४३.९० प्रतिशत) प्राथमिक तह अध्ययन गरेको देखिन्छ, १,८९९ (२१.२५ प्रतिशत) नि.मा.वि. तह, १,१९८ (१३.४० प्रतिशत) मा.वि. तह, ५१८ (५.८० प्रतिशत) एस.एल.सी. तह, ४८५ (५.४३ प्रतिशत) प्रमाणपत्र तह, ९९ (१.११ प्रतिशत) स्नातक तह, ४५ (०.५० प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ। नगरमा अनौपचारीक शिक्षामा पनि करिब ३५१ (३.९३ प्रतिशत) जनाको सहभागीता जनाइएको देखिन्छ भने ३९८ (४.४५ प्रतिशत) जना स्कूल नगएका देखिन्छ जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



### ७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण

**तालिका नं ४७:** विषयगत शैक्षिक जनशक्तिको विवरण

| विषय | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| मानविकी र कला | १४१ | २२.४२ |
| व्यापार र प्रशासन | ६४ | १०.१७ |
| शिक्षा | २२८ | ३६.२५ |
| विज्ञान | ३० | ४.७७ |
| स्वास्थ्य | १८ | २.८६ |
| इन्जिनीयरिङ र निर्माण | ११ | १.७५ |
| कानुन | ४ | ०.६४ |
| सामाजिक र व्यवहारिक विज्ञान | ३२ | ५.०९ |
| गणित र तथ्याङ्क | ११ | १.७५ |
| कृषी, वन र मत्स्य | ११ | १.७५ |
| कम्प्यूटिङ्ग | ५ | ०.७९ |
| पत्रकारिता र सुचना | २ | ०.३२ |
| अन्य | ० | ०.०० |
| उल्लेख नगरिएको | ७२ | ११.४५ |
| जम्मा | ६२९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा नगरपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस नगरपालिकामा सबैभन्दा बढी शिक्षा विषय लिएर पढ्नेको संख्या २२८ (३६.२५ प्रतिशत), दोस्रोमा मानविकी तथा कला लिएर पढ्नेको संख्या १४१ (२२.४२ प्रतिशत) र व्यापार र प्रशासन विषय लिएर पढ्नेको संख्या पनि ६४ (१०.१७ प्रतिशत) रहेको छ । त्यसैगरी विज्ञान विषय लिएर पढ्नेको जनसंख्या ३० (४.७७ प्रतिशत), स्वास्थ्य विषय लिएर पढेनेको सङ्ख्या १८ (२.८६ प्रतिशत) रहेको देखिन्छ भने सामाजिक र व्यवहारिक विज्ञान विषय लिएर पढेनेको सङ्ख्या ३२ (५.०९ प्रतिशत) देखिन्छ। नगरमा पत्रकारिता र सुचना, कानुन विषय लिएर पढ्नेको संख्या न्युन रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.१.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

**तालिका नं ४८:** उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| पूर्व प्रा.वि. (नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | १,१७३ | १,२०० | २,३७३ | १,१४० | १,१५३ | २,२९३ | ९६.६३ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | २३ | २५ | ४८ | २१ | २३ | ४४ | ९१.६७ |
| उच्च मा.वि. (Higher Secondary School) जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | ११ | ५ | १६ | ९ | ५ | १४ | ८७.५० |
| जम्मा | | १,२०७ | १,२३० | २,४३७ | १,१७० | १,१८१ | २,३५१ | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९६.६३ प्रतिशत स्कुल गएको देखिन्छ भने ३.३७ प्रतिशत स्कुल गएको देखिदैन त्यस्ते १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ९१.६७ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ८.३३ प्रतिशत स्कुल गएको देखिदैन। यसैगरी १५ देखि १७ वर्ष उमेर

समुहको जनसंख्याको ८७.५० प्रतिशत उच्च मावि तह अध्ययन गरीररहेको र बाँकी १२.५० प्रतिशत संख्या सो तहको अध्ययन गर्न नगएको देखिन्छ । बाल्यकालमा सुरुवातको समयमा विद्याय गएको ९६.६३ देखिए पनि माथिल्लो उमेर तथा लेभल पुगे पछि पढ्नेको संख्या क्रमश घटेको देखीन्छ ।

तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ । ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९७.८८ प्रतिशत स्कुल गएको देखिन्छ भने २.१२ प्रतिशत स्कुल गएको देखिदैन त्यस्तै १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ९७.५३ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने २.४७ प्रतिशत स्कुल गएको देखिदैन।

### ७.१.५. नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण




चित्र नं. २२. जिरी मा.वि. विद्यालय

जिरी नगरपालिको शैक्षिक विकास राम्रो देखिन्छ । यस जिरी नगरपालिकामा प्राविधिक शिक्षाको पठनपाठनको लक्ष्य सहित एक जिरी प्राविधिक शिक्षालय वि.सं. २०४० सालमा स्थापना भइ हालसम्म निरन्तररुपमा सञ्चालन भईरहेको छ । यस प्राविधिक शिक्षालयले व्यवसायिक शिक्षामा प्राथमिकता दिई अगाडि बढि रहेको छ । कृषि, निर्माण र स्वास्थ्य क्षेत्रमा प्राविधिक शिक्षा सञ्चालन गरी सक्षम जनशक्ति उत्पादन गर्न सफल भएको छ । जसले नेपालको विभिन्न स्थानमा आफ्नो रोजगारीलाई सुनिश्चित गर्ने गरेका छन् । जिरी प्राविधिक शिक्षालय शैक्षिक अध्ययन तथा अनुसन्धानको उपयुक्त गन्तब्य स्थल हो । पर्याप्त भौतिक पूर्वाधार एवं गुणस्तरी शैक्षिक स्तरको कारण स्थानीय तथा अन्य जिल्लाहरुका विद्यार्थीलाई यस क्षेत्रले तानिरहेको देखिन्छ ।

### जिरी प्राविधिक शिक्षालय

नेपाल सरकार र स्वीस सरकारको सहकार्यमा १९८२ मा स्थापित जिरी प्रावाधिक शिक्षालय जिरी नगरपालिका मात्र नभई नेपालको एक नमुना प्राविधिक शिक्षालय हो । जिरी प्राविधिक शिक्षालयले कृषि, निर्माण तथा स्वास्थ्य क्षेत्रलाई समेट्दै सीपयुक्त जनशक्ति उत्पादन गरिरेको छ । १०.५ हे. निजी र ४ हे.भाडाको वन गरी १४.५ क्षेत्रफल ओगटेको यस शिक्षालयमा ३९७ विद्यार्थीहरु अध्ययनरत रहेका छन् भने २८६१ ले Graduations पुरा गरिसकेका छन्। (स्रोत : जिरी प्राविधिक शिक्षालय, २०१५) ग्रामीण समुदायको जीवनस्तर सुधार तथा दक्ष जनशक्तिको उत्पादन गर्ने उद्देश्य साथ सञ्चालित यो संस्थाको शिक्षा क्षेत्रमा महत्वपुर्ण भुमिका रहेको छ। सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक ज्ञानलाई जोड दिने जिरी प्राविधिक शिक्षालयले तालिमद्वारा दक्ष तथा गरी आत्मनिर्भर जनशक्तिको उत्पादन गरिरहेको छ। प्राविधिक ज्ञान तथा तालिमद्वारा नेपालको विकासमा आवश्यक जनशक्ति उत्पादन गर्न सफल भएको यो संस्थाले जिरी नगरपालिका शैक्षिक, आर्थिक तथा ग्रामीण विकासको क्षेत्रमा टेवा पुऱ्याएको छ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस नगरपालिकामा आ.व. २०७४/७५ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। नगरपालिकामा पठनपाठनका लागि प्रा.वि सङ्ख्या १९, आधारभुत विद्यालय ३, मा.वि (कक्षा १-१०) सम्मको ५ वटा सामुदायिक र ३ संस्थागत गरी ८ वटा रहेका छन् । त्यस्तै मा.वि १-१२ तह सञ्चालित २ वटा रहेका छन् । नगरमा १ क्याम्पसका साथै, २ वटा धार्मिक विद्यालय, ३ वटा सामुदायिक सिकाई केन्द्रहरु रहेका छन् । नगरपालिकामा सञ्चालित शैक्षिक संस्था, विद्यार्थी तथा शिक्षकहरुको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ४९:** नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

| क्र.सं. | विद्यालय | विद्यालयको किसिम | | |
|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा |
| १ | प्राथमिक विद्यालय | १९ | ० | १९ |
| २ | आधारभूत विद्यालय | ३ | ० | ३ |
| ३ | माध्यमिक विद्यालय (कक्षा १(१०) | ५ | ३ | ८ |
| ४ | माध्यमिक विद्यालय (कक्षा १(१२) | २ | ० | २ |
| ५ | क्याम्पस | ० | १ | १ |
| ६ | प्राविधिक शिक्षालय | १ | ० | १ |
| ७ | वालविकास केन्द्र | २२ | ० | २२ |
| ८ | धार्मिक विद्यालय (गुम्वा) | २ | ० | २ |
| ९ | खुला विद्यालय | ० | ० | ० |
| १० | विशेष स्रोत कक्षा | ० | ० | ० |
| ११ | सामुदायिक अध्ययन केन्द्र | ३ | ० | ३ |
| १२ | अनौपचारि प्राथमिक शिक्षा कार्यक्रम (FSP) | १ | ० | १ |

*स्रोत: जिरी नगरपालिकाको कार्यालय, २०७५*

नोट : (शिक्षा ऐनको पछिल्लो संशोधन अनुसार १-८ सम्म आधारभुत शिक्षा र ९-१२ सम्म माध्यमिक शिक्षा भनी परिभाषित गरिएको छ । )

**तालिका नं ५०:** सामुदायिक विद्यालयहरुको नामावली

| क्र.सं. | विद्यालयको नाम | ठेगाना (वडा नं.) सहित | संचालित कक्षा |
|---|---|---|---|
| १ | जिरी मा.वि. | जिरी, ६ | १ देखि १२ |
| २ | गर्ज्याङढुङ्गा मा.वि. | जिरी, १ | १ देखि १२ |
| ३ | बौद्ध भुवनेश्वरी मा.वि. | जिरी, २ | १ देखि १० |
| ४ | ढुङ्गेश्वरी मा.वि. | जिरी, ५ | १ देखि १० |
| ५ | ठुलोपातल मा.वि | जिरी, ९ | १ देखि १० |
| ६ | कालिका मा.वि. | जिरी, ९ | १ देखि १० |
| ७ | कालिदेवि मा.वि. | जिरी, ८ | १ देखि १० |
| ८ | देउराली आ.वि. | जिरी, ८ | १ देखि ८ |
| ९ | धनमाले आ.वि. | जिरी, ८ | १ देखि ८ |
| १० | हलेश्वर आ.वि. | जिरी, ३ | १ देखि ८ |
| ११ | कामेश्वर प्रा.वि. | जिरी, ९ | १ देखि ५ |
| १२ | कुशेश्वर प्रा.वि. | जिरी, ९ | १ देखि ५ |
| १३ | देउराली प्रा.वि. | जिरी, ७ | १ देखि ५ |
| १४ | छहारे प्रा.वि. | जिरी, ७ | १ देखि ५ |
| १५ | सेरेल्पा प्रा.वि. | जिरी, ७ | १ देखि ५ |
| १६ | माथिल्लो सिक्रि प्रा.वि. | जिरी, ७ | १ देखि ५ |
| १७ | बज्युस्थान प्रा.वि. | जिरी, ७ | १ देखि ५ |
| १८ | ठुलाचौर प्रा.वि. | जिरी, ८ | १ देखि ५ |
| १९ | चेर्दुङ प्रा.वि. | जिरी, ५ | १ देखि ५ |
| २० | कामेश्वर प्रा.वि. | जिरी, ४ | १ देखि ५ |
| २१ | जिरीस्वरी प्रा.वि. | जिरी, ४ | १ देखि ५ |
| २२ | देउराली प्रा.वि. | जिरी, ४ | १ देखि ५ |
| २३ | सुर्योदय प्रा.वि. | जिरी, ३ | १ देखि ५ |
| २४ | सेति देवि प्रा.वि. | जिरी, ३ | १ देखि ५ |
| २५ | सेति देवि प्रा.वि. | जिरी, २ | १ देखि ५ |
| २६ | रावुटार प्रा.वि. | जिरी, १ | १ देखि ५ |
| २७ | पाँचपोखरी प्रा.वि. | जिरी, १ | १ देखि ५ |
| २८ | पाथीभरा प्रा.वि. | जिरी, १ | १ देखि ५ |
| २९ | सम्त्यन क्षोस्लीङ गुम्बा प्रा.वि. | जिरी, १ | १ देखि ५ |

*स्रोत : जिरी नगरपालिकाको कार्यालय, २०७५*

**तालिका नं ५१:** विद्यालय अनुसार शिक्षक संख्या विवरण २०७४

| क्र.सं. | विद्यालयको नाम | प्राथमिक | | | | निम्न माध्यमिक | | | | माध्यमिक | | | | उ.मा.वि. | | | | | बालविकास | वि. सहायक | वि.सहयोगी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत | जम्मा | स्थायी | अस्थायी | राहत | जम्मा | स्थायी | अस्थायी | राहत | जम्मा | अस्थायी | स्थायी | अस्थायी | राहत | जम्मा | | | | |
| १ | जिरी मावि,जिरी ६ | ३ | ३ | १ | ७ | ३ | १ | | ४ | ३ | २ | | ५ | ३ | ९ | ८ | २ | १९ | १ | १ | १ | |
| २ | गर्ज्याङ्ढुङ्गा मावि,जिरी १ | २ | २ | | ४ | १ | ३ | | ४ | ३ | २ | | ५ | २ | ६ | ९ | | १५ | १ | १ | १ | |
| ३ | बौद्ध भुवनेश्वरी मावि,जिरी २ | ४ | | १ | ५ | १ | | २ | ३ | | | ४ | ४ | | ५ | | ७ | १२ | १ | १ | १ | |
| ४ | ढुङ्गेश्वरी मावि,जिरी ५ | ६ | | | ६ | २ | १ | | ३ | १ | | | १ | | ९ | १ | | १० | १ | १ | १ | |
| ५ | ठुलोपातल मावि,जिरी ९ | २ | | १ | ३ | | | ४ | ४ | | | १ | १ | | २ | | ६ | ८ | १ | १ | १ | |
| ६ | कालिका मावि,जिरी ९ | | २ | ३ | ५ | | | १ | १ | | | | | | | २ | ४ | ६ | १ | १ | १ | |
| ७ | कालिदेवी मावि,जिरी ८ | १ | ३ | | ४ | | | २ | २ | | | | | | १ | ३ | २ | ६ | १ | १ | १ | |
| ८ | देउराली आवि,जिरी ८ | ३ | | | ३ | | | | | | | | | | ३ | | | ३ | १ | | १ | |
| ९ | धनमाले आवि,जिरी ८ | | ३ | १ | ४ | | | १ | १ | | | | | | | ३ | २ | ५ | १ | | १ | |
| १० | हलेश्वर आवि,जिरी ३ | १ | २ | १ | ४ | | | २ | २ | | | | | | १ | २ | ३ | ६ | १ | | १ | |
| ११ | कामेश्वर प्रावि,जिरी ९ | २ | | १ | ३ | | | | | | | | | | २ | | १ | ३ | १ | | १ | |
| १२ | कुशेश्वर प्रावि,जिरी ९ | १ | | १ | २ | | | | | | | | | | १ | | १ | २ | १ | | १ | |
| १३ | देउराली प्रावि,जिरी ७ | १ | २ | | ३ | | | | | | | | | | १ | २ | | ३ | १ | | १ | |
| १४ | छहारे प्रावि,जिरी ७ | | २ | १ | ३ | | | | | | | | | | | २ | १ | ३ | १ | | १ | |
| १५ | सेरेल्पा प्रावि,जिरी ७ | २ | १ | | ३ | | | | | | | | | | २ | १ | | ३ | | | १ | |
| १६ | माथिल्लो सिक्रि प्रावि,जिरी ७ | २ | | १ | ३ | | | | | | | | | | २ | | १ | ३ | १ | | १ | |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | बज्युस्थान प्रावि,जिरी ७ | २ | १ | | ३ | | | | | | | | | | २ | १ | | ३ | १ | | १ | |
| १८ | ठुलाचौर प्रावि,जिरी ८ | १ | २ | | ३ | | | | | | | | | | १ | २ | | ३ | | | १ | |
| १९ | चेर्दुङ प्रावि,जिरी ५ | १ | १ | | २ | | | | | | | | | | १ | १ | | २ | १ | | १ | |
| २० | जिरीश्वरी प्रावि,जिरी ४ | १ | २ | | ३ | | | | | | | | | | १ | २ | | ३ | | | १ | |
| २१ | फुजिङ प्रावि,जिरी ४ | १ | २ | | ३ | | | | | | | | | | १ | २ | | ३ | १ | | १ | |
| २२ | देउराली प्रावि,जिरी ४ | १ | २ | | ३ | | | | | | | | | | १ | २ | | ३ | १ | | १ | |
| २३ | सुर्योदय प्रावि,जिरी ३ | | १ | २ | ३ | | | | | | | | | | | १ | २ | ३ | १ | | १ | |
| २४ | सेतीदेवी प्रावि,जिरी ३ | | | २ | २ | | | | | | | | | | | | २ | २ | | | १ | |
| २५ | सेतीदेवी प्रावि,जिरी २ | २ | १ | | ३ | | | | | | | | | | २ | १ | | ३ | १ | | १ | |
| २६ | राबुटार प्रावि,जिरी १ | १ | | | १ | | | | | | | | | | १ | | | १ | १ | | १ | |
| २७ | पाँचपोखरी प्रावि,जिरी १ | १ | १ | | २ | | | | | | | | | | १ | १ | | २ | | | १ | |
| २८ | पाथिभरा प्रावि,जिरी १ | २ | | | २ | | | | | | | | | | २ | | | २ | | | १ | |
| २९ | सम्त्यन क्षोस्लीङ,गुम्बा प्रावि,जिरी १ | | | १ | १ | | | | | | | | | | | | १ | १ | | | | |
| जम्मा | | ४३ | ३३ | १७ | ९३ | ७ | ५ | १२ | २४ | ७ | ४ | ५ | १६ | ५ | ५७ | ४६ | ३५ | १३८ | २२ | ७ | २८ | |

*स्रोत : जिरी नगरपालिकाको कार्यालय, २०७५*

**तालिका नं ५२:** शिक्षक तथा विद्यार्थी अनुपात विवरण २०७४

| सि.नं. | तह | सामुदायिक | | | संस्थागत | | | जम्मा | | | शिक्षक विद्यार्थी अनुपात(सामुदायिक) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | पुर्व प्राथमिक | १६१ | १६३ | ३२४ | १३९ | १८१ | ३२० | ३०० | ३४४ | ६४४ | १४.७३ |
| २ | कक्षा १–५ | ६७५ | ६०० | १२७५ | २१५ | ३०० | ५१५ | ८९० | ९०० | १७९० | १३.७१ |
| ३ | कक्षा ६–८ | ४५४ | ३३७ | ७९१ | १४२ | १५४ | २९६ | ५९६ | ४९१ | १०८७ | ३२.९६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | कक्षा ९–१० | २७४ | २२० | ४९४ | ६५ | ७० | १३५ | ३३९ | २९० | ६२९ | ३०.८८ |
| ५ | कक्षा ११–१२ | १३७ | ७९ | २१६ | ० | ० | ० | १३७ | ७९ | २१६ | ४३.२० |
| **जम्मा** | | १७०१ | १३९९ | ३१०० | ५६१ | ७०५ | १२६६ | २२६२ | २१०४ | ४३६६ | २७.०९ |

*स्रोत : जिरी नगरपालिकाको कार्यालय, २०७५*

**तालिका नं ५३:** शिक्षक विवरण

| सि.नं. | तह | दरबन्दी | | | कार्यरत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | जम्मा | स्वीकृत | | राहत | |
| | | | | | महिला | पुरुष | महिला | पुरुष |
| १ | प्रावि | ७६ | १७ | ९३ | २७ | ४९ | १२ | ५ |
| २ | निमावि | १२ | १२ | २४ | २ | १० | ६ | ६ |
| ३ | मावि | ११ | ५ | १६ | १ | ९ | - | ६ |
| ४ | उमावि | ५ | - | ५ | - | ५ | - | - |
| **जम्मा** | | १०४ | ३४ | १३८ | ३० | ७३ | १८ | १७ |

*स्रोत : जिरी नगरपालिकाको कार्यालय, २०७५*

**तालिका नं ५४:** विद्यालय बाहिर रहेका बालबालिका विवरण-२०७४

| सि. नं. | नगरपालिका | वडा नं. | घरमुली अभिभावकको नाम | विद्यालय नजाने बालबालिकाको नाम | बालक /बालिका | उमेर वर्ष | नजिकको विद्यालय | विद्यालय नजानुको कारण |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिरी | १ | डम ब. खड्का | बेद ब. खड्का | बालक | १४ | पाँचपोखरी प्रावि | सुस्त मनस्थिति |
| २ | जिरी | १ | हिक्मत बस्नेत | रोशन बस्नेत | बालक | १२ | पाँचपोखरी प्रावि | आर्थिक कमजोर |
| ३ | जिरी | १ | झपड ब. राउत | रविन राउत | बालक | १४ | पाथिभरा प्रावि | आर्थिक कमजोर |
| ४ | जिरी | १ | लिली ब. खड्का | चन्द्रावती खड्का | बालिका | १० | पाथिभरा प्रावि | सुस्त मनस्थिति |
| ५ | जिरी | १ | डिमासाङ्गे शेर्पा | फुरछिरी शेपा | बालक | | | |
| ६ | जिरी | १ | रोहित कार्की | अरुणा कार्की | बालिका | १३ | गर्ज्याङ्ढुङ्गा मावि | स्कुल जान नमान्ने |
| ७ | जिरी | २ | टिकाराम खड्का | शुरेश खड्का | बालक | १४ | गर्ज्याङ्ढुङ्गा मावि | आर्थिक कमजोर |
| ८ | जिरी | २ | लक्ष्मी कार्की | निरुता कार्की | बालिका | १४ | गर्ज्याङ्ढुङ्गा मावि | आर्थिक कमजोर |
| ९ | जिरी | २ | नर ब. किराती | विशाल किराती | बालक | १० | सेतीदेवी प्रावि,श्यामा | आर्थिक कमजोर |
| १० | जिरी | २ | ज्ञान ब. गुभाजु | राम ब. गुभाजु | बालक | १० | सेतीदेवी प्रावि,श्यामा | आर्थिक कमजोर |
| ११ | जिरी | २ | नर ब. विक | विनोद विक | बालक | १५ | बौद्ध भुवनेश्वरी मावि | अपाङ्गता |
| १२ | जिरी | २ | जाङबु शेर्पा | डोल्मा शेर्पा | बालिका | १४ | बौद्ध भुवनेश्वरी मावि | अपाङ्गता |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **१३** | जिरी | २ | अमृत ब. कार्की | सावित्री कार्की | बालिका | १३ | बौद्ध भुवनेश्वरी मावि | आर्थिक कमजोर |
| **१४** | जिरी | २ | निर्मल विक | रमेश विक | बालक | १३ | बौद्ध भुवनेश्वरी मावि | आर्थिक कमजोर |
| **१५** | जिरी | २ | साङ्गे शेर्पा | नामगेली शेर्पा | बालक | १५ | बौद्ध भुवनेश्वरी मावि | अपाङ्गता |
| **१६** | जिरी | ३ | दुफुरी शेर्पा | दाँडीमा शेर्पा | बालक | ८ | बौद्ध भुवनेश्वरी मावि | आर्थिक कमजोर |
| **१७** | जिरी | ३ | तम्डी शेर्पा | दाफिन्जो शेर्पा | बालक | ७ | बौद्ध भुवनेश्वरी मावि | अस्वस्थता |
| **१८** | जिरी | ४ | दिल ब. जिरेल | पर्मिला जिरेल | बालिका | १४ | ढुङ्गेश्वरी मावि | आर्थिक कमजोर |
| **१९** | जिरी | ४ | किर्ति ब. जिरेल | कालु जिरेल | बालक | १० | जिरीश्वरी प्रावि | बुबा आमा नभएको |
| **२०** | जिरी | ४ | तिर्थ ब. जिरेल | टिका जिरेल | बालक | १५ | जिरीश्वरी प्रावि | पढाइमा कमजोर |
| **२१** | जिरी | ४ | ढाल ब. जिरेल | कुमार जिरेल | बालक | १४ | जिरीश्वरी प्रावि | आर्थिक कमजोर |
| **२२** | जिरी | ४ | शान्तेवीर जिरेल | केदार जिरेल | बालक | १४ | जिरीश्वरी प्रावि | अपाङ्गता |
| **२३** | जिरी | ८ | भिम ब. खड्का | राम ब. खड्का | बालक | १४ | धनमाले आवि | आर्थिक कमजोर |
| **२४** | जिरी | ८ | सेते तामाङ | आइते तामाङ | बालक | १२ | धनमाले आवि | चासो नभएको |
| **२५** | जिरी | ८ | जगत ब. सुनुवार | प्रकाश सुनुवार | बालक | १५ | धनमाले आवि | आर्थिक कमजोर |
| **२६** | जिरी | ८ | ज्ञान ब.सुनुवार | सन्तोष सुनुवार | बालक | १५ | धनमाले आवि | आर्थिक कमजोर |
| **२७** | जिरी | ८ | तेज ब. सुनुवार | अमीसा सुनुवार | बालिका | १४ | धनमाले आवि | स्कुल टाढा भएकाले |
| **२८** | जिरी | ८ | कुलनारायण श्रेष्ठ | टिकामाया श्रेष्ठ | बालिका | १० | देउराली आवि | सुस्त मनस्थिति |
| **२९** | जिरी | ९ | दिर्घलाल सुनुवार | मेरी सुनुवार | बालिका | १४ | ठुलाचौर प्रावि | |
| **३०** | जिरी | ९ | सन्ते विक | देव ब. विक | बालक | १३ | ठुलोपातल मावि | ज्याला मजदुरीमा जानु पर्ने |
| **३१** | जिरी | ९ | लिला ब. खाती | सविन खाती | बालक | ५ | ठुलोपातल मावि | अपाङ्गता |
| **३२** | जिरी | ९ | लिला ब. खाती | करिष्मा खाती | बालिका | ५ | ठुलोपातल मावि | अपाङ्गता |
| **३३** | जिरी | ९ | लिला ब. खाती | कविता खाती | बालिका | ८ | ठुलोपातल मावि | अपाङ्गता |
| **३४** | जिरी | ९ | भिम ब.तामाङ | सुवास तामाङ | बालक | १३ | ठुलोपातल मावि | अपाङ्गता |
| **३५** | जिरी | ९ | टुपे कामी | मिन ब. खाती | बालक | १५ | ठुलोपातल मावि | अपाङ्गता |
| **३६** | जिरी | ९ | राजकुमार तामाङ | निङ्मर तामाङ | बालक | १५ | ठुलोपातल मावि | ज्याला मजदुरीमा जानु पर्ने |
| **३७** | जिरी | ९ | कुमार तामाङ | विमला तामाङ | बालिका | १० | कामेश्वर प्रावि | आर्थिक कमजोर |
| **३८** | जिरी | ९ | भक्त ब. भुजेल | राम ब. भुजेल | बालक | १५ | कामेश्वर प्रावि | आर्थिक कमजोर |
| **३९** | जिरी | ९ | श्रीबहादुर तामाङ | निर्मला तामाङ | बालिका | ५ | कामेश्वर प्रावि | |

*स्रोत : जिरी नगरपालिकाको कार्यालय, २०७५*

### ७.१.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरु प्राथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासी जनजातिहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** नगरपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- ✓ **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

## ७.२ स्वास्थ्य

नगरपालिकाबासीहले सामान्य स्वास्थ्य सेवा आफ्नो पहुँचमा रहेका स्वास्थ्य चौकीहरुको साथै जिरी नगरपालिकामा रहेको दोलखा जिल्ला अस्पतालबाट सेवा सुविधाहरु लिइरहेका छन् । यस नगरपालिकामा १ वटा जिल्ला अस्पताल, ३ वटा स्वास्थ्य चौकी, लगायत निजी औषधालय र क्लिनिक हरुले स्वास्थ्य सुविधा प्रदान गरिरहेका छन् । अझै पनि भौतिक पूर्वाधार तथा दरबन्दी पर्याप्तता भने देखिँदैन ।



चित्र नं. २३. जिरी अस्पताल

२०१४ सालमा स्वीस सरकारबाट सुरु भई २०२९ सालमा नेपाल सरकारलाई हस्तान्तरण भएको दोलखा जिल्ला अस्पतालको स्वास्थ्य सेवा जिरी नगरपालिकाको ठुलो स्वास्थ्य प्रदायक संस्था हो । यस अस्पतालमा जटिल विरामीको लागि एम्बुलेन्स सेवा पनि रहेको छ । ३४ वेड रहेको यस दोलखा जिल्ला अस्पतालमा उपलब्ध सेवा सुविधा निम्न अनुसार रहेका छन् ।

(क) बिरामी भर्ना सेवा

(ख) बहिरङ्ग सेवा

(ग) दन्त सेवा

(घ) आँखा सेवा

(ङ) फिजियोथेरापी सेवा

(च) ल्याव सेवा

(छ) एक्सरे सेवा

(ज) भिडियो एक्सरे सेवा

(झ) ECG सेवा

(ञ) महिला रोग सेवा

(ट) अन्य सेवाहरु अन्तर्गत (CEONC, Oxygen, Dressing, Plaster, Vasectomy/Minilap, Surgery, शव परिक्षण सेवा, मातृ शिशु स्वास्थ्य सेवा, खोप कार्यक्रम, फार्मेसी सेवा, खकार परीक्षण एम्बुलेन्स सेवा आदी । )

नगरबासीहरुले प्राथमिक स्वास्थ्य सेवाको लागि स्वाथ्य चौकीहरुमा जाने गरेका छन नगरपालिकामा ३ वटा स्वास्थ्य चौकीमा विभिन्न तहमा स्वास्थ्यकर्मीहरु कार्यरत रहका छन् जसको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ५५:** नगरमा रहेका स्वाथ्यचौकीहरुको विवरण

| क.सं. | स्वास्थ्य चौकी | कर्मचारी | कैफियत |
|---|---|---|---|
| १ | ठुलोपातल स्वास्थ्य चौकी | हे.अ. १ जना | |
| | | अ.हे.व. २ जना | १ जना करार क्षेत्रीय बाट |
| | | अ.न.मी. २ जना | |
| | | का.स. १ जना | |
| २ | श्यामा स्वास्थ्य चौकी | हे.अ. १ जना | |
| | | अ.हे.व. २ जना | |
| | | अ.न.मी. ३ जना | १ जना नगरपालिकाबाट करारमा नियुक्त |
| | | का.स. १ जना | १ जना नगरपालिकाबाट करारमा नियुक्त |
| ३ | माली स्वास्थ्य चौकी | हे.अ. १ जना | |
| | | अ.हे.व. २ जना | |
| | | अ.न.मी. २ जना | |
| | | का.स. १ जना | |

*स्रोत : नगरपालिका कार्यालय, २०७५*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी

उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ। नगरपालिकामा रहेको जिल्ला अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन । नगरपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी वा क्लिनिकहरु रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ । ग्रामिण वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा आगमनमा हुने समस्याले थप अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.२.१ स्वास्थ्य सेवामा नगरपालिकाको वर्तमान अवस्था

यद्यपि जिरी नगरपालिकाको वर्तमान अवस्था हेर्दा यहाँको स्वास्थ्य सेवामा सुधार भएकोको छ। नगरमा रहेका स्थास्थ चौकी तथा गाउँघर क्लिनिकहरुमा कुल १०२ जना स्वास्थ्य स्वयम सेविकाहरु रहेका छन् । यस नगरपालिकामा तिलगंगा आँखा अस्पतालको सहयोगमा सामुदायिक आँखा केन्द्र सञ्चालनमा रहेको छ जसले नगरबासीहरुलाई आँखा सम्बन्धी स्वास्थ्य सेवा लिन सहज भएको छ । त्यस्तै प्रत्येक महिनाको १८ गते पाटन अस्पालत मार्फत मानसिक रोगको परामर्श तथा जाँच हुँदै आएको छ। जिरी अस्पतालको सेवाहरु पनि वृद्धि हुँदै गएको छ श्यामा, सिकि, माली लगायतका गाउँघर क्लिनिकको उल्लेख्य सुधार भईरहेको छ । नगरपालिकामा उपलब्ध यी सेवा तथा सुविधाहरुले नगरको स्वास्थ्य सेवामा राम्रो पहुँच रहेको कुरा प्रष्ट हुन्छ ।

### ७.२.२ जिल्ला अस्पतालको विवरण

#### (क) अस्पतालको भौतिक श्रोत साधनको विवरण

करिब ६५.५ रोपनीको क्षेत्रफलमा फैलिएको यस अस्पतालको अधिकांश भौतिक संरचना वि.सं. २०७२ बैशाख १२ को विनासकारी महाभुकम्पका कारण भत्किएका छन् । हाल कायम रहेका भवन र तिनिहरुलाई निम्नानुसार प्रयोग गरिएको छ :

**तालिका नं ५६:** भवन तथा भौतिक श्रोत साधनको विवरण

| क्र.सं. | भवन तथा भौतिक श्रोत साधन | संख्या |
|---|---|---|
| १ | प्रशासनको कार्यालय रहेको भवन जसमा प्रशासन कार्यालयको साथसाथै कार्यालयको साथसाथै एक्स रे सेवा, दर्ता, टिकट लिने ठाउँ, सोधपुक्ष कक्ष, समितिको कार्यालय, भिडियो एक्स रे सेवा, Bio-medical Engineering Department सहित सुविधा सम्पन्न तालिम हाल समेत रहेको छ । | १ |
| २ | अप्रेशन कक्ष, प्रशुति वार्ड, ड्रेसिङ तथा प्लाष्टर कक्ष सहितको भवन | १ |
| ३ | Indoor सेवा तथा स्टोर कक्ष सहितको भवन | १ |
| ४ | दन्त विभाग, ल्याब सेवा सहितको भवन | १ |
| ५ | शव परिक्षण कक्ष रहेको भवन | १ |
| ६ | चमेना गृह रहेको भवन | १ |
| ७ | फार्मेशी सेवा रहेको अस्थाई भवन | १ |

| | | |
|---|---|---|
| ८ | डाक्टर क्वाटर भवन | २ |
| ९ | अस्थाई बसोवासकोलागि तयार गरिएको अस्पतालका कर्मचारीहरुको आवास भवन | २ |
| १० | एम्बुलेन्स | १ |
| ११ | पिक अप भ्यान | १ |
| १२ | मोटर साईकल | १ |
| १३ | एक्स-रे मेसिन | २ |
| १४ | भिडियो एक्स-रे मेसिन | ३ |
| १५ | इन्डोस्कोपी | १ |
| १६ | फोटोथेरापी मेसिन | १ |
| १७ | बायोकेमेष्टी मेसिन | १ |
| १८ | $NA^+$, $K^+$ एनलाइजर मेसिन | १ |
| १९ | वासिङमेसिन, ड्रायरमेसिन | १ |
| २० | Babywarmer | १ |
| २१ | कम्प्यूटर, प्रिन्टर, स्क्यानर, फ्याक्स मेसिन | |

*स्रोत: जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

## (ख) अस्पतालको मानव जनशक्तिको विवरण

यस अस्पतालमा नेपाल सरकारको स्वीकृती दरबन्दी अन्तगर्त नियुक्त स्थायी स्वास्थ्यकर्मी तथा कर्मचारीहरु, नेपाल सरकारको करार सेवामा नियुक्त स्वास्थ्यकर्मी तथा कर्मचारीहरु, निक साइन्स ईन्सिच्युटको तर्फबाट नियुक्त चिकित्सक तथा स्वास्थ्यकर्मी र अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति तर्फबाट कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको विवरण निम्नानुसार रहेको छ :-

**तालिका नं ५७:** अस्पतालको मानव जनशक्तिको विवरण

| S.N | Position | Post Level | Service/Service Group/Service Sub Group | Approved Group | Fullfill | Vacant | remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | Medical Generalist | Officer 9/10 | Health/Medical Generalist | 1 | 0 | 1 | |
| 2 | Medical Officer | Officer 8 | Health/General Health Service | 1 | 1 | 0 | Act. Ms |
| 3 | Staff Nurse | Assisttant 5/6 | Health/General Nursing | 4 | 3 | 1 | |
| 4 | Acting Nursing Midwife | Assistant 4/5/6 | Health/Communite Nursing | 2 | 2 | - | |
| 5 | Nayab Subba | Non Gazetted first | Administration/ General Administration | 1 | 1 | - | |
| 6 | Health Assistant | Assistant 5/6 | Health/Health Inception | 1 | - | 1 | |
| 7 | Assistant Health Worker | Assistant 4/5/6 | Health/Health Inception | 3 | 1 | 2 | |
| 8 | Lab Technician | Assistant 5 | Health/Medical Lab Technology | 1 | 1 | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 9 | Lab Assistant | Assistant 4/5 | Health/Medical Lab Technology | 1 | 1 | - | |
| 10 | Radiographer | Assistant 5/6 | Health/Radiography | 1 | - | 1 | |
| 11 | Dark Room Assistant | Assistant 4/5/6 | Health/Radiography | 1 | - | 1 | |
| 12 | Anesthetic Assistant | Assistant 5/6 | Heatlth/Miscellaneous | 1 | - | 1 | |
| 13 | Kharidar | Non Gazetted Second | Administration/Account | 1 | - | 1 | |
| 14 | Office Assistant | Class Less | Administration/General Administration | 9 | 6 | 3 are appointed on contract basis | |

*स्रोतः जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

## (ग) अस्पतालले प्रदान गर्दै आएका सेवाहरुको विवरण

हाल जिल्ला अस्पताल दोलखाले नियमित रुपमा बहिरंग सेवा, अन्तरंग सेवा, आकस्मिक सेवा, निशुल्क स्वास्थ्य सेवा, शल्यक्रिय सेवा, (सामान्य/जटिल), प्रयोगशाला सेवा, एक्स रे सेवा, दन्त चिकित्सा सेवा साथै यस अस्पताल वरपरका दुर्गम हिमाली क्षेत्रमा विभिन्न स्वास्थ्य शिविरहरु सञ्चालन गर्दै आइरहको छ :

## १. बहिरंग सेवा (Outpatient Service)

अस्पतालले सार्वजनिक विदाका दिन बाहेक हरेक दिन बिहान १०:०० बजे देखि दिउँसो ३:०० बजे सम्म नाम दर्ता, टिकट प्रदान गरिन्छ, शुक्रवारको हकमा विहान १२ बजेसम्म मात्र बाहिरंग सेवा उपलब्ध हुन्छ । यस सेवा लिने कर्मचारीहरुको संख्या निम्नानुसार रहेको छ ।

**तालिका नं ५८:** बहिरंग सेवाको विवरण

| आ.व. | बिरामी संख्या |
|---|---|
| २०६८/०६९ | १३,९०३ जना |
| २०६९/०७० | १८,११२ जना |
| २०७०/०७१ | १५,६७८ जना |
| २०७१/७२ | १८,२१५ जना |
| २०७२/०७३ | १९,७२१ जना |
| २०७३/७४ | २०,१४३ जना |

*स्रोतः जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

## २. अन्तरंग सेवा (In Patient Service)

बहिरंग सेवाबाट प्रषित तथा आकस्मिक सेवाबाट आउने बिरामीलाई यस अस्पतालको अन्तरंग सेवामा भर्ना गरिन्छ । नेपाल सरकारबाट स्विकृत १५ शैयाको सेवा भएतापनि सेवाग्राहिको माग, अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको सक्रियताका कारण हाल ४० बेड बराबरको सेवा प्रवाह गरिरहेको छ ।

**तालिका नं ५९:** अन्तरंग सेवा लिनहरुको विवरण

| आ.व. | बिरामी संख्या |
|---|---|
| २०६८/०६९ | १,३२९ जना |
| २०६९/०७० | १,०९४ जना |
| २०७०/०७१ | १,२०४ जना |
| २०७१/७२ | १,५७५ जना |
| २०७२/०७३ | १,८२३ जना |
| २०७३/७४ | १,५२० जना |

*स्रोत: जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

## ३. इमरजेन्सी सेवा (Emergency Service)

जटिल प्रकारको बिरामीहरुलाई प्राथमिकताका साथ तथा नियमित ओ.पि.डि सेवा भन्दा बाहेकको समयमा आउने बिरामी लाई आकस्मिक सेवा मार्फत जाँच गरिन्छ । यस अस्पतालको इमरजेन्सी सेवा लिनेहरुको संख्यात्मक विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ६०:** इमरजेन्सी सेवा लिनेहरुको विवरण

| आ.व. | बिरामी संख्या |
|---|---|
| २०६९/०७० | ४,४६० जना |
| २०७०/०७१ | ६,०६९ जना |
| २०७१/७२ | ८,८३३ जना |
| २०७२/०७३ | ३,६५१ जना |
| २०७३/७४ | ३,१६८ जना |

*स्रोत: जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

## ४. शल्यक्रिया सेवा (Surgical Service)

यस जिल्ला अस्पताल दोलखामा १ जना MDGP डाक्टर सहित अन्य अधिकृतहरुले नियमित शल्यक्रिया सेवा प्रवाह गर्दै आइरहनुभएको छ ।

**तालिका नं ६१:** शल्यक्रिया सेवा लिनेहरुको विवरण

| आ.व. | बिरामी संख्या |
|---|---|
| २०७०/०७१ | ६७१ जना |
| २०७१/७२ | ७६७ जना |
| २०७२/०७३ | - |
| २०७३/७४ | २,६५० जना |

*स्रोत: जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

## ५. जटिल शल्यक्रिया सेवा (Major Surgical Service)

**तालिका नं ६२:** जटिल शल्यक्रिया सेवा लिनेहरुको विवरण

| आ.व. | बिरामी संख्या |
|---|---|
| २०६८/०६९ | १९५ जना |
| २०६९/०७० | २२ जना |
| २०७०/०७१ | १०५ जना |
| २०७१/७२ | ८१ जना |
| २०७२/०७३ | १०८ जना |
| २०७३/७४ | १०३ जना |

## ६. साधारण शल्यक्रिय सेवा (Minor Surgical Service)

तालिका नं ६३: साधारण शल्यक्रिय सेवा लिनेहरुको विवरण

| आ.व. | बिरामी संख्या |
|---|---|
| २०६८/०६९ | १९५ जना |
| २०६९/०७० | २२ जना |
| २०७०/०७१ | १०५ जना |
| २०७१/७२ | ८१ जना |
| २०७२/०७३ | १०८ जना |
| २०७३/७४ | १०३ जना |

*स्रोत: जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

## ७. निशुल्क स्वास्थ्य सेवा (Free Treatment Service)

नेपाल सरकारको बर्तमान नीति तथा निर्देशिका अनुरुप अस्पतालबाट लक्षित वर्ग केन्द्रित रहेर निशूल्क स्वास्थ्य सेवा प्रदान गरिन्छ। अति गरिब, गरिब विपन्न वर्ग, अपाङ्ग, ज्येष्ठ नागरिक र महिला स्वास्थय स्वयम सेविकाहरुलाई निशूल्क स्वास्थ्य सेवा बाट प्रत्यक्ष लाभ लिईरहेको अवस्था छ।

## ८. ल्याब/प्रयोगशाला सेवा (Laboratory Service)

तालिका नं ६४: ल्याब/प्रयोगशाला सेवा लिनेहरुको विवरण

| आ.व. | paracitology /Bactirology | Virology | Hematology | Biochemistry | Immunology/Serology | जम्मा विरामी संख्या |
|---|---|---|---|---|---|---|
| २०६८/०६९ | १९६५ | ६२७ | ४११५ | २७३९ | १४३१ | १०,८७७ जना |
| २०६९/०७० | १९२४ | ६१९ | ४११५ | २८४७ | १५९६ | ११,१०१ जना |
| २०७०/०७१ | २५८२ | ९४६ | ३८२२ | २७०७ | १८५६ | ११,९०८ जना |
| २०७१/७२ | २१२० | ७७८ | ४३८८ | ३०२० | १७०७ | १२,०१३ जना |
| २०७२/०७३ | २२८२ | ८५२ | ४५६१ | ३१७९ | १९०५ | १२,७८९ जना |
| २०७३/७४ | २३०४ | १००२ | ४७७७ | ३४०९ | २०४३ | १३,५३५ जना |

*स्रोत: जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

**तालिका नं ६५:** एक्स रे, इसिजी सेवा लिनेहरुको विवरण

| आ.व. | विरामी संख्याको विवरण | | |
|---|---|---|---|
| | एक्स रे सेवा | भिडियो एक्स रे सेवा | इसिजी सेवा |
| २०६८/०६९ | २७५६ जना | ९२३ जना | ९२३ जना |
| २०६९/०७० | २६७३ जना | ७५९ जना | ७५९ जना |
| २०७०/०७१ | २२७२ जना | ६०३ जना | ६०३ जना |
| २०७१/७२ | २७९५ जना | १३५९ जना | १४६ जना |
| २०७२/०७३ | ३०३० जना | १८९० जना | १७९ जना |
| २०७३/७४ | २६७४ जना | १९३८ जना | २७२ जना |

*स्रोतः जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

## ९. प्रेषण सेवा

यस अस्पतालमा उपचार हुन नसकेका कारण अन्य प्रेषण हुने र अन्य स्वास्थ्य संस्थाबाट यहाँ प्रेषण भई आउने बिरामीहरुको सुविधाको लागि अस्पतालले २४ सै घण्टा एम्बुलेन्स सेवा लिदै आएको छ। आ.व. २०७३/७४ मा प्रेषण भई आएका/गएका निम्न अनुसारका बिरामीहरु अस्पताल एम्बुलेन्सबाट प्रत्यक्ष लाभांवित भएका थिए।

**तालिका नं ६६:** प्रेषण सेवा लिनेहरुको विवरण

| लिङ्ग | प्रेषण भई आउने | प्रेषण भई जाने | | | |
|---|---|---|---|---|---|
| | | ओ.पि.डि | आइ. पि.डि | इमर्जेन्सी | जम्मा |
| महिला | ७२ | २५ | ३२ | ७८ | |
| पुरुष | ४३ | २५ | २१ | ६० | |
| जम्मा | ११५ | ५० | ५३ | १३८ | ३५६ |

*स्रोतः जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

आ.व. २०७४/७५ को पहिलो चौमासिकमा प्रेषण भई आएका/गएका निम्न अनुसारका बिरामीहरु अस्पताल एम्बुलेन्सबाट प्रत्यक्ष लाभांवित भएका थिए।

| लिङ्ग | प्रेषण भई आउने | प्रेषण भई जाने | | | |
|---|---|---|---|---|---|
| | | ओ.पि.डि | आइ. पि.डि | इमर्जेन्सी | जम्मा |
| महिला | १७ | ७ | ७ | २२ | |
| पुरुष | १२ | ५ | ११ | २५ | |
| जम्मा | २९ | १२ | १८ | ४७ | १०६ |

*स्रोतः जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

## १०. एम्बुलेन्स सेवा

यस अस्पतालमा उपचार हुन नसकेका कारण तथा अन्य अस्पतालमा रिफर भई जाने विरामीहरुको सुविधाका लागि २४ सै घण्टा एम्बुलेन्स सेवा उपलब्ध रहेको छ। हाल अस्पतालको २ वटा एम्बुलेन्स र २ जना सवारी चालक पनि रहेका छन्।

गत आ.व. २०७३/०७४ मा अस्पतालमा रहेका एम्बुलेन्सहरु पुरानो भई बिग्रिएको हुँदा एम्बुलेन्सबाट प्राप्त आम्दानीबाट मर्मत खर्च अस्पतालले धान्न नै नसक्ने अवस्था थियो। त्यसैले आ.व. २०७३/०७४ मा

एम्बुलेन्सबाट आम्दानी रु ३२०,००० र खर्च रु ४७०,१८९ भई खुद घाटा रु १५०,१७९ भएको थियो । आ.व. २०७४/०७५ को पहिलो चौमासिक अवधिमा भने एम्बुलेन्स मर्मत तर्फ ठूलो रकम खर्च नभएकाले रु ९३२०० आम्दानी र रु ४११६७ खर्च भएकाले खुद नाफा रु ५११३३ रहेको छ ।

माथिको एम्बुलेन्स सेवा र रिफर सेवाको अनुपात तथा त्यसबाट प्राप्त आम्दानीलाई विश्लेषण गर्दा अस्पतालमा नयाँ एम्बुलेन्सको आवश्यकता रहेको छ ।

## ११. दन्त सेवा

यस अस्पतालमा दाँत मुख तथा गिजा सम्बन्धी सम्पूर्ण रोगहरुको उपचार गर्नका लागि डेन्टल सर्जन सहित आवश्यक अन्य अत्याधुनिक उपकरणहरु सहितको दन्त सेवा उपलब्ध रहेको छ ।

**तालिका नं ६७:** अघिल्लो आ.व. दन्त सेवा लिएका सेवाग्राहिहरुको विवरण

| आ.व. | बिरामी संख्या | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| २०७१/७२ | ९२० जना | ७०९ जना | १६२९ जना | |
| २०७२/०७३ | ९५४ जना | ७२६ जना | १६८० जना | |
| २०७३/७४ | ८४३ जना | ६५२ जना | १४९५ जना | |

*स्रोत: जिल्ला अस्पताल, जिरी दोलखा वार्षिक प्रतिवेदन २०७३/०७४*

## १२. मातृशिशु स्वास्थ्य सेवा

यस अस्पतालमा नियमित रुपमा बालबालिकाहरुलाई खोप सेवा, गर्भवती आमाको जाँच, परिवार नियोजन सम्बन्धी सेवा तथा परामर्श, पोषण सम्बन्धी सेवा, शिशु तथा सुरक्षित मातृत्व सम्बन्धी सेवा, भ्याक्सिनेशन सेवा लागयतका सेवाहरु मातृशिशु स्वास्थ्य सेवा अन्तर्गत प्रदान गरिँदै आएको छ ।

## १३. बायो मेडिकल ईन्जिनियरिङ्ग सेवा

यस अस्पतालमा भएका उपकरणहरुको नियमित चेक जाँच र आवश्यक मर्मत संम्भार गर्नका लागि एक जना बायोमेडिकल टेक्निसियन को व्यवस्था गरेको छ । जसकारण सामान्य प्रकृतिका प्राविधिक समस्याहरुको अस्पताल आफैले समाधान गर्न सक्ने अवसर रहेको छ ।

## ७.२.३ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्। यसै क्रममा हाल जिरी नगरपालिकामा १०२ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुले सेवा दिदै आएका छन् ।

## ७.२.४ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ । यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकी तहमा मात्र उपलब्ध गराइन्छ।

नगरपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.५ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भी.को प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार दोलखा जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ । नगरपालिकामा एच.आई.भी./एड्सको ३ वटा केश देखिएको छ । जस मध्ये २ पुरुष र १ महिला रहेका छन् ।

### ७.२.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन। नगरपालिकामा गर्भवती र सुत्केरी भएका महिलालाई स्वास्थ्य चौकीबाट पाएको सेवाहरुको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ६८:** स्वास्थ्य चौकीबाट पाएको सेवाहरुको विवरण

| सि.नं. | सेवा | सेवा पाउने संख्या |
|---|---|---|
| १ | आइरन बितरण गर्भवती महिला १८० चक्की | ९० |
| २ | जुकाको औषधि बितरण गर्भवती महिला | ९३ |
| ३ | Vitamin A बितरण सुत्केरी महिला | ७४ |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय, दोलखा २०७३*

### ७.२.७ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

### ७.२.८ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलविनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.२.९ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । यस नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । कार्यक्रम सञ्चालनको सहयोगका लागि नगर नगरमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ ।

## ७.३ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ।

समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। जिरी नगरपालिकामा सञ्चालित विद्यालयहरुमा खेलमैदान हरु रहेका छन् जसबाट यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

## ७.४ नागरिक सुरक्षा सेवा

### ७.४.१ बृद्धबृद्धाहरूको अवस्था

जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३, नियमावली २०६५ मा वृद्धवृद्धा सम्बन्धी व्यवस्था गरिएको छ। जनगणना २०६८ को नतिजा अनुसार यस जिरी नगरपालिकामा, ७० वर्ष उमेर नाघेका ४.७० प्रतिशत (७२९ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै लगेको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले समयमा पाउन सकेका छैनन्। यस नगरपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको ३.०४ प्रतिशत (४७२ जना), ६५-६९ वर्षका २.७३ प्रतिशत (४२३ जना) र ७० भन्दा माथी ४.७० प्रतिशत (७२९ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र नगरपालिकामा जिवित यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ। राज्यले जेष्ठ नागरिकको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेको भएता पनि ढल्कँदो उमेरको मनोविज्ञान अनुसार सामाजिक तथा पारिवारीक अनुकुलताको उपयुक्त व्यवस्था हुनु पर्ने देखिन्छ।

### ७.४.२ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा,दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरु एवंम दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने व्यवस्था गरेको छ । यसै अनुरुप जिरी नगरपालिकामा विभिन्न श्रेणीका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरीएको छ। यस नगरपालिकामा आ.व. ०७४/७५ को दोस्रो किस्ता सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको संख्यात्मक विवरण यस प्रकार रहेको छ ।

**तालिका नं ६९:** सामाजिक सुरक्षा भत्ता वितरणको विवरण

| वडा नं. | जेष्ठ नागरिक अन्य | दलित जेष्ठ नागरिक दलित | एकल महिला | विधवा भत्ता | पुर्ण अपाङ्ग | अति अपाङ्ग | वालबालिका सुरक्षा भत्ता (दलित बालबालिका) | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|
| **१** | १ | ७६ | ६ | ३ | ४१ | २ | ३ | ९ |
| **२** | २ | ८८ | ९ | ० | ४८ | ३ | १ | १७ |
| **३** | ३ | १२० | १७ | ० | ७८ | ५ | ५ | २७ |
| **४** | ४ | ६५ | ५ | ० | ४९ | ३ | ५ | ० |
| **५** | ५ | ३५ | ७ | ० | ३६ | ० | ५ | ८ |
| **६** | ६ | ६२ | १४ | १ | ६३ | २ | ५ | १८ |
| **७** | ७ | ७७ | २ | १ | ४९ | २ | ७ | २ |
| **८** | ८ | ८८ | ७ | ० | ६३ | २ | ५ | ९ |
| **९** | ९ | १०९ | १३ | ० | ५३ | ३ | ३ | १८ |
| **जम्मा** | ७२० | ८० | ५ | ४८० | २२ | ३९ | १०८ | १४५४ |

*स्रोत : जिरी नगरपालिका २०७५*

आ.व. ०७४/७५ को दोस्रो किस्ता सामाजिक सुरक्षा भत्ता वितरणको विवरण हेर्दा यस नगरपालिकामा रहेका ७२० जना जेष्ठ नागरिक, ८० दलित जेष्ठ नागरिक, ४८० जना विधवा, ५ जना एकल महिला, २२ पुर्ण अपाङ्ग, ३९ जना अति अपाङ्ग र १०८ जना दलित बालबालिका गरी जम्मा १,४५४ जनाले सामाजिक सुरक्षा भत्ता पाएका छन् जसको विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ ।

## ७.५ महिला तथा बालबालिका

### ७.५.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन् । महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकाय सम्मले कामहरू शसक्त रूपबाट भईरहेको छ । नेपालको संविधानमा समेत महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ देहाय बमोजिमको महिलाको हक प्रदान गरिएको छ ।

- प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

नेपाल सरकार तथा विभिन्न निकायहरुले महिला विकास तथा उत्थानको लागि नीति तथा कार्यक्रम अघि बढाईरहेता पनि परिवर्तन र सुधारको बाबजुत सामाजिक संरचनामा अझै पनि समान अवस्था देख्न सकिएको छैन । यसलाई कम गर्न सरकार तथा नागरिक मञ्च सबैको भूमिका अपरिहार्य रहन्छ ।

### ७.५.२ बालबालिका सम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरुलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ । बालबालिका भविष्यको कर्णधार हुन् । बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ । जसरी एउटा फालिएको काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरुलाई पनि अधिकाररुपी औजारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ । नेपालको संविधान २०७२ ले बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरु समेटेको छ । ङ्पालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हक व्यवस्था गरेको छ ।

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

- कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
- कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
- कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
- प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
- असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
- उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यो सँगै बालबालिकाहरुको अधिकारसम्बन्धी महासन्धिमा ५० औं देशहरुको हस्ताक्षर रहेकोमा नेपालले पनि सहमति जनाएको छ। संविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चिता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयास भएपनि घरेलु कामदारको रुपमा खटिएका बालबालिकाहरु, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरु, शिक्षा बाट बञ्चित रहेका बालबालिकाहरु, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरु र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरुको उदाहरणहरु समाजमा हामी साम् छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बञ्चित बालबालिका हरुको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ ।

### ७.५.३ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम

संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

जिरी नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ । नगरपालिका क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र नगरपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चितता गरी पूर्ण खोपयुक्त नगरपालिकाको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ ।

### ७.४.४ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितीगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका निती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा नगरपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

जिरी नगरपालिकामा वडा नागरिकमञ्च तथा विद्यालय व्यवस्थापन समितिको समन्वयमा ३४ सदस्यहरु रहेको २ वटा बालक्लव सञ्चालनमा रहेका छन् । बाल क्लबहरुले उल्लेखनिय रुपमा नगरका बालबालिकाको हितमा सेवा दिदै आएको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ७०:** बाल क्लब तथा वाल समुहले प्रतिनिधित्व गरेको संघ संस्थाहरु

| सि.नं. | समितिको नाम | लिङ्ग |  | जम्मा |
|---|---|---|---|---|
|  |  | महिला | पुरुष |  |
| १ | वडा नागरिकमंच | ११ | ११ | २२ |
| २ | विद्यालय व्यवस्थापन समिति | ६ | ६ | १२ |
| जम्मा |  | १७ | १७ | ३४ |

*श्रोत: जिल्ला समन्वय समिति, दोलखा*

## ७.५ टोल सुधार समिति

**तालिका नं ७१:** नगरपालिकामा रहेका टोल सुधार समिति सम्बन्धी विवरण

| क्र.सं. | टोल विकास समितिको नाम | अध्यक्ष |
|---|---|---|
| **वडा नं. १** |  |  |
| १ | पुम्पा टोल विकास समिति | गंगा ब. वि.क. |
| २ | ल्वासा  टोल विकास समिति | काजी शेर्पा |
| ३ | झोरीनि ढुङ्गे टोल विकास समिति | निमा साङ्गे शेर्पा |
| ४ | दोकाप टोल विकास समिति | खुस ब. कार्की |
| ५ | सिङवा टोल विकास समिति | हेम ब. खड्का |
| ६ | रावु घ्याम्चे टोल विकास समिति | शान्त ब. गुभाजु |
| **वडा नं.२** |  |  |
| १ | यलुङ टोल विकास समिति | आङडावा शेर्पा |
| २ | श्यामा टोल विकास समिति | दल ब. कार्की |
| ३ | छेमा्दिङ भीरखर्क बुकेनी टोल विकास समिति | भोजराज कार्की |
| ४ | पाखाटोल राबु भस्मे टोल विकास समिति | रुद्र ब. कार्की |
| **वडा नं. ३** |  |  |
| १ | सेवा तल्लो टोल विकास समिति | डवल तामाङ्ग |
| २ | महादेव टोल विकास समिति | शेर बहादुर खड्का |
| ३ | प्रगतिशिल टोल विकास समिति | शरण बहादुर खत्री |
| ४ | सिङलोमु टोल विकास समिति | रन्ज बहादुर बस्नेत |
| ५ | मालि दोभान खोलाखर्क टोल विकास समिति | नर बहादुर कार्की |
| ६ | सिद्धदेवी टोल विकास समिति | केशव खड्का |
| ७ | घुन्साफेदी टोल विकास समिति | प्रेम बहादुर कार्की |
| ८ | रोसी जुङमा टोल विकास समिति | लाक्पा तेन्जी शेर्पा |
| ९ | फेदी हाँडिखोला टोल विकास समिति | राजु थापा |

| क.सं. | टोल विकास समितिको नाम | अध्यक्ष |
|---|---|---|
| १० | मिलिजुली टोल विकास समिति | भोलाराम चापागाई |
| ११ | सुन्दर टोल विकास समिति | रामभक्त दहाल |
| | **वडा नं. ४** | |
| १ | बोत्ले टोल विकास समिति | विष्णु प्रकाश श्रेष्ठ |
| २ | ताक्पा टोल विकास समिति | टिका जिरेल |
| ३ | रातमाटे टोल विकास समिति | दल ब. जिरेल |
| ४ | सिउरानी टोल विकास समिति | हर्क ब. कार्की |
| ५ | कुने टोल विकास समिति | भिम प्रसाद शर्मा |
| | **वडा नं. ५** | |
| १ | लिंकन बजार टोल विकास समिति | सोनाम शेर्पा |
| २ | शान्ति मिलन टोल विकास समिति | दोर्जी शेर्पा |
| ३ | ढुङ्गे टोल विकास समिति | पदम बहादुर वि.क. |
| ४ | नाबोक ताक्पा टोल विकास समिति | टिका बहादुर जिरेल |
| ५ | नारेक लोसा | टहल बहादुर जिरेल |
| | **वडा नं. ६** | |
| १ | बुलडाँडा टोल विकास समिति | दावा शेर्पा |
| २ | यार्सा पल्लो टसिता टोल विकास समिति | पदम कुमारी जिरेल |
| ३ | पाटीटार टोल विकास समिति | सूर्य वि.क |
| ४ | भण्डार टोल विकास समिति | तेज बहादुर जिरेल |
| ५ | जिरी मानेडाँडा टोल विकास समिति | भूमिराज खड्का |
| ६ | पात्ले टोल विकास समिति | कुमार खत्री |
| ७ | चेप्टे सेतिदेवी टोल विकास समिति | रुद्र बहादुर जिरेल |
| ८ | रेन्जे धुन्सा सिजेल टोल विकास समिति | विष्णु कुमार श्रेष्ठ |
| ९ | माथिल्लो कोट टोल विकास समिति | मरिच ब. खड्का |
| १० | तल्लो कोट टोल विकास समिति | मन्जुल जिरेल |
| | **वडा नं. ७** | |
| १ | तल्लो सिक्री टोल विकास समिति | सूर्य ब. जिरेल |
| २ | मिलिजुली टोल विकास समिति | नुर्बु शेर्पा |
| ३ | आहाले नेपाने टोल विकास समिति | काईला शेर्पा |
| ४ | हिले नाथलौरि टोल विकास समिति | दिल बहादुर खड्का |
| ५ | कलङ्केश्वरी टोल विकास समिति | दिल बहादुर खड्का |
| ६ | भैंसेलिम्बु टोल विकास समिति | निर बहादुर जिरेल |
| ७ | नव बुद्ध टोल विकास समिति | सोनाम शेर्पा |
| ८ | जन जागरण टोल विकास समिति | धन बहादुर जिरेल |
| ९ | दुदुले लुकुवा सोदुर्म टोल विकास समिति | देविका वस्नेत जिरेल |
| १० | सुन्ट्याक मारे चेमाली टोल विकास समिति | ओलक बहादुर जिरेल |
| | **वडा नं. ८** | |

| क्र.सं. | टोल विकास समितिको नाम | अध्यक्ष |
|---|---|---|
| १ | निगाले राम्वोले पखेरे टोल विकास समिति | सुकु शेर्पा |
| २ | पुरानो गाउँ टोल विकास समिति | दिपक जिरेल |
| ३ | खरायोबन बजेनी टोल विकास समिति | झपट ब. योगी |
| ४ | होसिङ्ग लहरेमाने टोल विकास समिति | छत्र बहादुर कार्की |
| ५ | गेलापु, थलारी, धनमाले, भकिम्ले, च्यामाली, फुल्पिङ,त्रिशुले आहाल टोल विकास समिति | दुर्गा बहादुर सुनुवार |
| | **वडा नं. ९** | |
| १ | डाँडा खर्क लेखर्क टोल विकास समिति | भुपिन्द्रराज सुनुवार |
| २ | खोल्मे उर्नेलि टोल विकास समिति | हरिवहादुर नेपाली |
| ३ | भिसेपु टोल विकास समिति | भिमबहादुर सुनुवार |
| ४ | ओलिकाप्ती लिसे टोल विकास समिति | जम्के श्रेष्ठ |
| ५ | ठुलोपातल भुसुने टोल विकास समिति | टलक बहादुर तामाङ |
| ६ | सल्ले टोल विकास समिति | श्याम बहादुर तामाङ |
| ७ | खोलाखर्क चिपचिपे टोल विकास समिति | केन्द्र बहादुर सुनुवार |

*श्रोत : जिरी नगरपालिका, २०७५*

## ७.६ अपाङ्गताको विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।

२०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ।

नेपालको संविधान २०७२ को भाग ३ अन्तरर्गत धारा ३१ को उपधारा (३) मा अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउनेहक हुनेछ र उपधारा (४) मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ भने धारा ४२ को उपधारा (३) मा अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ भनी उल्लेख भएको छ ।

यद्यपि अपाङ्गता भएका व्यक्तिहरु परिवार समुदायमा अपहेलित र उपेक्षाको सिकार हुने गरेको पाईन्छ । हामी सामु खुला आकाशमा आफ्नै जीवन बोझ सम्झिएर भौंतारिएका आपाङ्गहरु प्रत्येक दिन बाटोमा अलपत्र अवश्थामा देखिन्छन् । हालसम्म समुदायमा अपाङ्गता भएकाहरुको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ साथै यी अपाङ्गता व्यक्तिहरुको सहभागिता, सुविधा तथा प्रतिनिधित्वको लागि तथा सुस्त मनस्थिति र पूर्ण अशक्तता भएका आमा बाबु वा प्रत्यक्ष रूपमा पालनपोषणमा संलग्न व्यक्ति, अभिभावक वा सरोकारवालाहरुले ध्यान दिनुपर्ने देखिन्छ । जिरी नगरपालिकामा भएको अपाङ्गता सम्बन्धी विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ७२:** अपाङ्गताको विवरण

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ११२ | ३३ | १६ | २ | १५ | ८ | ६ | १० | २०२ |
| महिला | ७५ | १५ | १६ | ३ | ५ | ८ | १ | ९ | १३२ |
| **जम्मा** | १८७ | ४८ | ३२ | ५ | २० | १६ | ७ | १९ | ३३४ |
| **प्रतिशत** | ५५.९९ | १४.३७ | ९.५८ | १.५० | ५.९९ | ४.७९ | २.१० | ५.६९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार जिरी नगरपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या २.१५ प्रतिशत (३३४ जना) रहेका छन् । जसमा शारिरीक अपाङ्गता भएका १८७ (५५.९९ प्रतिशत), दृष्टि सम्बन्धी अपाङ्गता भएका ४८ (१४.३७ प्रतिशत), श्रवण सम्बन्धी अपाङ्गता भएका ३२ जना (९.५८ प्रतिशत) भने दृष्टि र श्रवण सम्बन्धी अपाङ्गता भएका ५ जना (१.५० प्रतिशत), स्वर तथा बोलाई सम्बन्धी समस्या भएका २० जना (५.९९ प्रतिशत) देखिन्छन् र बौद्धिक अपाङ्गता भएका ७ जना (२.१० प्रतिशत) रहेको देखिन्छ । साथै मानसिक अपाङ्गता १६ जना (४.७९ प्रतिशत) र बहु अपाङ्गता १९ (५.६९ प्रतिशत) रहेका छन् ।




## ७.७ शान्ति सुरक्षा

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चत हुन्छ । संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ। हरेक राष्ट्रका नागरिकहरुलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो । नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ। यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपुर्ण भुमिका रहन्छ।

नगरपालिकामा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी डकैती लगायतका अन्य कार्यहरु यी सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ। यस नगरपालिकामा वर्षभरिमा कुनै अप्रिय घटना घटेको दर्ता खासै गरिएको देखिएन। नगरपालिकामा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसा घटनाहरु भएको स्थानीयबासीको भनाई छ । जिल्लामा शान्ति सुरक्षासँग सम्बन्धित निकायहरुमा नेपाली सेना तथा नेपाल प्रहरीका विभिन्न ईकाइहरु रहेका छन्। जिरी नगरपालिकाको शान्ति सुरक्षा तथा सुशासन कायम गर्न विभिन्न सेवा प्रदायक सरकारी तथा गैरसरकारी कार्यालयहरु सञ्चालनमा रहेका छन्। नगरपालिकामा सुशासन विपरीत हुने कार्य लाई रोक्न कार्यरत ईलाका कार्यालय तथा सम्बन्धित निकायले समाधान गरेको पाईन्छ।

जिरी नगरपालिको शान्ति सुरक्षा तथा सुशासन कायम गर्न नगरपालिकामा ईलाका प्रहरी कार्यालय जिरी, अस्थायी Post , सेनाको गुल्म रहेका छन्। नगरपालिकाको शान्ति सुरक्षा अझ व्यवस्थित बनाउन वडा नं. १ र २ मा प्रहरी Post आवस्यक रहेको देखिन्छ।

## ७.८ खानेपानी तथा सरसफाई

नगरपालिका स्वच्छ र सफा हुनुपर्छ। खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो। खानेपानी सुरक्षित नहँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ। खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ।

जलस्रोतमा सम्पन्न रहेको जिरी नगरपालिकामा खानेपानीको स्रोत प्रशस्त रहेको छ। नगरमा उपलब्ध खानेपानीको स्रोतलाई उचित व्यवस्थापन गर्न सकेको खण्डमा नगरबासीलाई खानेपानीको अपुर्ति माग अनुसार पर्याप्त हुन सक्ने मुहान तथा खानेपानीको स्रोत उपलब्ध छ। हाल जिरी नगरपालिकाको खानेपानीको स्थिति हेर्दा वडा नं. ९ र ३ मा खानेपानीको समस्या रहेको छ। नगरपालिकामा रहेको खानेपानीको स्रोतहरुको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ७३:** नगरपालिका क्षेत्रमा रहेका खानेपानीको स्रोतहरुको विवरण

| क्र.सं. | खानेपानी स्रोतको नाम | स्रोत रहेको स्थान | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| १ | खिम्ती खोला स्रोत | खिम्ती | ८ | |
| २ | पयुको खानेपानी मुहान | मेक्पा सडक | ४ | |
| ३ | देविथान खानेपानी मुहान १ | देविथान मक्पा | १९ | |
| ४ | थामडाँडा/सेतिदेवि/देविथान खानेपानी मुहान ए | माथिल्लो कुने | २० | |
| ५ | थामडाँडान बी | थामडाँडा | २० | |
| ६ | दोभान मुहान | कुने | १२ | |
| ७ | कटल स्वारे खानेपानी मुहान | माथिल्लो कुने | ५ | |
| ८ | फुइङ खानेपानी मुहान | माथिल्लो कुने | १० | |
| ९ | बाघडाँडा मुहान | बाघडाँडा | ८ | |
| १० | जिरेल धारा मुहान | सिउरेनी | ३५ | |
| ११ | जुके खानेपानी मुहान | तल्लो कुने | ८ | |
| १२ | जुके खानेपानी मुहान "ए" | सुरेनी घैटी स्वारा | १७ | |
| १३ | वेटीस्वारा मुहान "ए" | वेटीस्वारा | १ | |
| १४ | सुरेनी कुवा मुहान | सुरेनी | ४ | |
| १५ | निगालो खानेपानी मुहान | निगालो गाउँ, | १५ | |
| १६ | निगाले स्रोत | छहरे निगाले | १० | |
| १७ | पारिपाङ मुहान | पारिपाङ | ३५ | |
| १८ | छाहरी चौतारा स्रोत | छाहरे | ५ | |
| १९ | छहरु डाँडा मुहान | छाहरी | १ | |
| २० | चार्तेन मुहान | रातमाटे | २२ | |
| २१ | थामडाँडा खानेपानी मुहान | किटीखासा | ३ | |
| २२ | शिरिस मुनि स्रोत | छहारी | १० | |
| २३ | थोप्को खानेपानी मुहान | किटीखासा | २ | |
| २४ | भस्मे पाखा | जोरचौतारा | १५ | |

| क्र.सं. | खानेपानी स्रोतको नाम | स्रोत रहेको स्थान | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| २५ | चुडोस्ला खानेपानी मुहान | माथिल्लो चोर्तेन/विलिभर चर्च | २० | |
| २६ | जमदक हिले | जमदक तेपुङ्ग | ४ | |
| २७ | चुटेटे स्रोत | कप्टी नजिक | २० | |
| २८ | वेटीस्वारा मुहान "बी" | वेटीस्वारा | २० | |
| २९ | गरोचौर खानेपानी मुहान | पटासे | १० | |
| ३० | मुहान भीर/सिम खानेपानी मुहान | सिम जुङ्गले | १० | |
| ३१ | दोलङसा स्रोत | दोलङसा | १० | |
| ३२ | सनमदिग्मा मुहान | सनमदिग्मा गाउँ | ३ | |
| ३३ | सुन्तानरेक मुहान | सुन्ता नरे | ५० | |
| ३४ | देविथान सिउरानी मुहान | सिउरेनी | ५ | |
| ३५ | धारा खोला मुहान | सिउरेनी | ३ | |
| ३६ | बारीको सिम मुहान | सिउरेनी | २ | |
| ३७ | गुफा डाँडा स्रोत | सिउरेनी | २५ | |
| ३८ | सिन्धुपा स्रोत | सिउरेनी | ५ | |
| ३९ | बाघखोर | छापाडाँडा | १५० | |
| ४० | लोसा खानेपानी मुहान | लोसा | ११ | |
| ४१ | भीरकुन /चाँपाडाँडा /छके | ढुङ्गे | ३५ | |
| ४२ | जिरी ढुङ्गे खानेपानी मुहान | लिङ्कन बजार | ४५० | |
| ४३ | लोसा खानेपानी मुहान | गुम्बा टोल | २० | |
| ४४ | मुहान पाखा (gws) | मुहान पाखा | १७ | |
| ४५ | नाबोक (gws) | मुलाड्याङ | ३९ | |
| ४६ | फुग गहिरो | लोसा | ६ | |
| ४७ | टक्पा (gws) | मुलाड्याङ | ८ | |
| ४८ | दोगोप्पो | लाँकुरी डाँडा | ८ | |
| ४९ | पाल्लो टिस्टा | पल्लो टिस्टा | १२ | |
| ५० | छहरे खानेपानी मुहान | लामाटोल लाँकुरी डाँडा नजिक | २० | |
| ५१ | टिस्टा मुहान -३ चह | टिस्टा | १० | |
| ५२ | राते भण्डार खा.पा./रातेपाखा खानेपानी मुहान | राते | २० | |
| ५३ | टोड्के खानेपानी मुहान ि | बुलडाँडा | ४० | |

| क्र.सं. | खानेपानी स्रोतको नाम | स्रोत रहेको स्थान | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| ५४ | टिक्ते खानेपानी मुहान I | टिक्दे | १८ | |
| ५५ | टोकटे चौर मुहान | `गोम्बलु | १३ | |
| ५६ | लिडे खानेपानी मुहान | पटेले | २० | |
| ५७ | केसरी दोभान | गोलाइ | २२ | |
| ५८ | यासाङखाङ्बा खा.पा.मु. | यासाङखाङ्बा | १२ | |
| ५९ | थल थल | थल थल | १५ | |
| ६० | तल्लो कोट | लामाटोल | १० | |
| ६१ | भुमेथान खा.पा.मु. | भुमेथान लामाटोल | २५ | |
| ६२ | छौपिङ मुहान | भन्डार | ३ | |
| ६३ | अस्थला खानेपानी मुहान | आशथला | १० | |
| ६४ | स्कुलको स्रोत | कोट | १८ | |
| ६५ | खड्का टो ल मुहान नागथान | लामा टोल /तल्लो कोट | १८ | |
| ६६ | फलाँटे डाँडा मुहान | फलाँटे डाँडा | ६५० | |
| ६७ | किमान धुन्सा खानेपानी मुहान | गुन्सा | ८ | |
| ६८ | सिरु पाखा खा.पा. मुहान | गुन्सा सिजेल | १२ | |
| ६९ | ढुङेधार मुहान | राते | ५ | |
| ७० | देविथान | चिहान डाँडा | १ | |
| ७१ | जिरेल सिम /पाटीधारा | पाटीधारा | ३ | |
| ७२ | नर्सरी खा.पा.मु. | बुल डाँडा जुङगेल | ४० | |
| ७३ | पारी गहिरो खा.पा.मु. | चामपुर | १८ | |
| ७४ | नियुरो घारी खानेपानी मुहान | बिराले | ७ | |
| ७५ | रचनेखोला खानेपानी मुहान | रचने | १२ | |
| ७६ | रचनेखोला खानेपानी मुहान | रचने | १२ | |
| ७७ | सुन्त्याक खानेपानी मुहान | सुन्त्याक | २५ | |
| ७८ | चिलाउने खानेपानी मुहान | थुकडाँडा | २५ | |
| ७९ | पाटी गहिरो मुहान | पाटी गहिरो | २३ | |
| ८० | ग्याङ खोला मुहान | घ्याङ्ग | १८ | |
| ८१ | ढ्याङ खपामु | ढ्याङ | १० | |
| ८२ | महादेव खोला /फिसिङनासा स्रोत | छहरे | ४५ | |
| ८३ | महादेव खोला खाने | महादेव खोला | १५ | |

| क्र.सं. | खानेपानी स्रोतको नाम | स्रोत रहेको स्थान | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| ८४ | ओखर को फेद मुनि /सिमबारी (कलाङ) | कलाङ | ३ | |
| ८५ | रातोपानी मुहान | कलाङ | ५ | |
| ८६ | मनराम को बाँध | कलाङ | ११ | |
| ८७ | गैरी धारा दुधुले स्रोत २ | डुधुले | १५ | |
| ८८ | खलङ्गा खानेपानी मुहान | ठीबासी | २५ | |
| ८९ | पुतलीधारा खानेपानी मुहान | माथिल्लो आहाले | १० | |
| ९० | फोम्बो धारा मुहान | भालु फुक आहाले | १५ | |
| ९१ | राजा गधेरी | बिराले | ३ | |
| ९२ | भैंसी लिम्बु खोपानी मुहान | भैसि लिम्बु | १६ | |
| ९३ | वल्लो तीन तले मुहान | वल्को सुर्के | १२ | |
| ९४ | पल्लो तीन तले मुहान | पल्लो सुर्के | १० | |
| ९५ | हिमालय खोनेपानी मुहान | फिर्के कलाङ | १० | |
| ९६ | बोधुले खानेपानी मुहान | बोधुले | ८ | |
| ९७ | जोर धारा खानेपानी मुहान | तल्लो सिक्रि | ५ | |
| ९८ | फेदी खोला /आहाल डाँडा खानेपानी मुहान | फेदी खोला | ३० | |
| ९९ | घुरे/आहाले खानेपानी मुहान | माथिल्लो आहाले | २० | |
| १०० | हनुमन्ते /झोरेनी खानेपानी मुहान | हनुमन्ते | ३५० | |
| १०१ | हिले निगाले खानेपानी मुहान | निगाले खोला /पाखरे | २५ | |
| १०२ | बज्युस्थान खानेपानी मुहान | तल्लो सिक्रि | २५ | |
| १०३ | बजुस्थान खानेपानी मुहान | सिकारे | ५० | |
| १०४ | दोलाङ्गे बजेनी | खरायोवन | ४० | |
| १०५ | छप्पु खोला (हिले निगाले स्रोत | हिले | १५० | |
| १०६ | जामे गुक खानेपानी मुहान | जामे झुक | ५ | |
| १०७ | कबासे खानेपानी मुहान | कबासे | ५ | |
| १०८ | ठोक्पा मुहान | कलाङ | १२ | |
| १०९ | निगाले खोला /पाखरे | निगाले | १७ | |
| ११० | माथिल्लो राते स्रोत | कलाङ | ५ | |
| १११ | कप्टी खोला मुहान | छहरे | ५ | |
| ११२ | लचा/लासा धारा खानेपानी | लासा गहिरो | ७ | |
| ११३ | ठुलो सिम खा.पा. | भीरखर्क | ४५ | |

| क्र.सं. | खानेपानी स्रोतको नाम | स्रोत रहेको स्थान | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| ११४ | देविथान स्रोत (दिपक खड्का) | भीरखर्क | १ | |
| ११५ | बढाको धारा | स्याङ र भीरखर्क | ५ | |
| ११६ | धारा खोला मुहान | बि.के टोल | ५ | |
| ११७ | चुचाप्का (खुलालको बारी) | भीरखर्क खुल्लाको बारी | १० | |
| ११८ | सामुन्सा स्रोत | भीरखर्क | २ | |
| ११९ | पाङलिङ पाखा खानेपानी मुहान | बुकिनी गाउँ | ९ | |
| १२० | च्याने टार मुहान | च्यानेटार | ६ | |
| १२१ | सिँबु थुर्मा | सर्वखासा | ४ | |
| १२२ | पाँगिमा खानेपानी मुहान | सर्वखासा जंगल | २५ | |
| १२३ | ताचल खानेपानी मुहान | ताचल टोल | १० | |
| १२४ | चेर्मादिङ पानी मुहान | चेर्मादिङ | ३६ | |
| १२५ | देवाली खोला खोनेपानी मुहान | चेर्मादिङ | २ | |
| १२६ | रमिते खोला | चेर्मादिङ | ३६ | |
| १२७ | डल्ले ढुङा | बझारे गैरो | ३ | |
| १२८ | चङ्गमा खानेपानी मुहान | लासा/ फर्मा टोल | ४० | |
| १२९ | सिमबारी मुहान /सिम खा.पा. | बि.के टोल | २ | |
| १३० | पिची खोला मुहान | बुद्ध टार | १० | |
| १३१ | तोर्तु डाँडा | पर्मा टोल | २ | |
| १३२ | हाँगेमा धारा | कलपटार | ५ | |
| १३३ | धारा खोला मुहान | भीरखर्क | ३४ | |
| १३४ | देवि खत्री मुहान | भिरखर्क | १ | |
| १३५ | दोग्यागुल खा.पा. | चङ्गम पटासे नजिक | २० | |
| १३६ | देविथान | माली सरन सर नजिक | ४ | |
| १३७ | कर्से गहिरो खानेपानी | रोसी टोल | १५ | |
| १३८ | डोल्मा सिङ गैरे खानेपानी मुहान | डोल्मा सिङ बारी | १ | |
| १३९ | ठुलोसिम खोपानी स्रोत | ठुलोसिम गाउँ | १७ | |
| १४० | पखाली कुवा | सेवा | २ | |
| १४१ | बोजो गैरो | बाजो गैरो | ३ | |
| १४२ | थाइ गैरो खा.पा. | रोसी तल्लो गैरो | ५ | |
| १४३ | भट्राई खानेपानी स्रोत | भट्राई टोल | ६ | |
| १४४ | नसतार स्रोत | माली सरन सर नजिक | ३५ | |

| क्र.सं. | खानेपानी स्रोतको नाम | स्रोत रहेको स्थान | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| १४५ | गुम्बा टोल उत्तिसघारी स्रोत /बनेली स्रोत | गुम्बा टोल | २ | |
| १४६ | रोसी सिम पानी मुहान /कोटे मम्बु सिम पानी | रोसी | ५ | |
| १४७ | थासिङ पाखा स्रोत | खत्री टोल नजिक | २५ | |
| १४८ | लुङ गैरो /चुङ गैरो | खत्री टोल नजिक | १२ | |
| १४९ | हिटि स्रोत | माली | २१ | |
| १५० | आरुपाटे स्रोत | भट्राई टोल | ११ | |
| १५१ | गुम्बा टोल कुवा ठुलो सिम | ठुलो सिम | १ | |
| १५२ | खोला खर्क स्रोत | खोला खर्क | ५ | |
| १५३ | दौधुने स्रोत | माली सरन सर नजिक | ४ | |
| १५४ | चिलिमे कुवा | उत्तिस घारी | १ | |
| १५५ | चङगाम भीरमुनि खा.पा. | ग्याम गले , चङ्गम भीर | ६ | |
| १५६ | पयाम गैरो खा.पा. | पयाम गैरो जंगल | ४ | |
| १५७ | जुङमा खा.पा.मुहान | जुनमा जंगल | ६ | |
| १५८ | पधँैरो कुवा मुहान | बस्नेत टोल | २ | |
| १५९ | देविथान खानेपानी मुहान | सेवा/ बाहुन टोल | ५ | |
| १६० | बस्नेत टोल खानेपानी | बस्नेत टोल | ५ | |
| १६१ | बर्क खोला कुवा मुहान /सुटु तामाङ | सेवा | ३ | |
| १६२ | नादिङ ट्याङ्गी खानेपानी मुहान | बस्नेत टोल | ५ | |
| १६३ | आल सिम गैरे | बजेनी | ५ | |
| १६४ | कुडार/कमबास मुहान | कमबास | ८० | |
| १६५ | पधँेरी गैरे मुहान | आल डाँडा | ७ | |
| १६६ | च्यान गैरे मुहान | कुथामे | २ | |
| १६७ | सिम गैरे मुहान | कुथामे | २० | |
| १६८ | सिमघर खानेपानी मुहान | जुकेपानी /व्वारे | १ | |
| १६९ | कुथामे सिमबारी मुहान | कुथामे | ५० | |
| १७० | धारामाथि मुहान | कप्सा | ३ | |
| १७१ | हाँडीखोला मुहान | हाँडीखोला | ७ | |
| १७२ | बुलेट्री खोला मुहान | गुन्सा/बुलेट्री | ४ | |
| १७३ | फेदीटार खानेपानी मुहान | फेदी टोल | २ | |
| १७४ | सोसा धारा मुहान | खत्री टोल | ३० | |

| क्र.सं. | खानेपानी स्रोतको नाम | स्रोत रहेको स्थान | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| १७५ | तुन्द्रा धारा मुहान | शेर्पा टोल | २० | |
| १७६ | धाराघर खानेपानी मुहान | कात्तिके | १५ | |
| १७७ | द्वन्तेघारी /कागते मुहान | कात्तिके | २० | |
| १७८ | मेजुङ खानेपानी मुहान | माथिल्लो खरायोवन | १ | |
| १७९ | धारापाखा मुहान | खरायोवन | ७ | |
| १८० | पाटी खानेपानी मुहान | नेपाली टोल | ३५ | |
| १८१ | हिँउदे कुवा | आहाले टार | २ | |
| १८२ | दोलङ्गे बजेनी | निगाले | २५ | |
| १८३ | होदिङमा मुहान | च्यामाली | १२ | |
| १८४ | कोलडाँडा खा.पा. १ | कोलडाँडा | ९ | |
| १८५ | कोलडाँडा खा.पा. २ | कोलडाँडा | ६ | |
| १८६ | देविथान कुवा | फुल्पिङ | ४ | |
| १८७ | सिमखेत मुहान | सिमचौर | ७ | |
| १८८ | सिमबारी मुहान | सिमचौर | ५ | |
| १८९ | घर डाँडा कुवा | त्रिशुले | ८ | |
| १९० | जुके खा.पा.मु. | ढुङेनी पाखा | १० | |
| १९१ | माइथान खोला मुहान | पोखरी खर्क | १० | |
| १९२ | टोङ्गमार खा.पा. मुहान | तल्लो खरायोवन | ८ | |
| १९३ | ठुलो धारा खानेपानी मुहान | पुरानो गाउँ | २० | |
| १९४ | ढुङ्गेधारा | पुरानो गाउँ | ९ | |
| १९५ | भस्मे खोला खानेपानी मुहान | च्याने | १० | |
| १९६ | च्याने टोल | च्याने | ५ | |
| १९७ | फिलेमा | माथिल्लो /तल्लो खरायोवन | ३२ | |
| १९८ | तल्लो फिलेमा मुहान | माथिल्लो फिलेमा | १२ | |
| १९९ | माथिल्लो फिलेमा | फिलेमा खोला | १४ | |
| २०० | लोसे खानेपानी मुहान | लोसे खानेपानी मुहान | १५ | |
| २०१ | भालु बुढा खानेपानी मुहान | भालु बुढा | ७ | |
| २०२ | सुइरे धारा मुहान | सुइरे | ५ | |
| २०३ | पारी गहिरे खा.पा.मु. | ढुङ्गेनी | ४० | |
| २०४ | पानीगैरे खानेपानी | पानी गैरे | १८ | |
| २०५ | तिमलसिना कुवा | धनमाले | ३० | |

| क्र.सं. | खानेपानी स्रोतको नाम | स्रोत रहेको स्थान | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| २०६ | बचेबारी खानेपानी मुहान | बचेबारी | ५ | |
| २०७ | गैरि घर | गैरिघर | ४ | |
| २०८ | थलारी खा.पा.मुहान | थलारी | ३ | |
| २०९ | सिमचौर कुवा | सिमचौर | १० | |
| २१० | सिमचौर पैयुस्वारा | सिमचौर | १० | |
| २११ | थग्याङ्ग खोला २ | माथिल्लो जियोफा | १५ | |
| २१२ | थुङगेनी पाखा मुहान | त्रिशुले | १५ | |
| २१३ | थलारी गेल्फु | निगाले | १६ | |
| २१४ | थलारी खोप मुहान | भालु खोप मुहान | १० | |
| २१५ | चर्चरे खोला | त्रिशुले | १२ | |
| २१६ | कोसे खोला मुहान | चङ्गा माथि | २५ | |
| २१७ | सिम खानेपानी मुहान | नागी | २२ | |
| २१८ | थग्याङ्ग खोला १ | माथिल्लो जियोफा | १७ | |
| २१९ | तल्लो आरुपाटे | आरुपाटे | २५ | |
| २२० | केसरी खोला खानेपानी मुहान | केसरी खोला | ३० | |
| २२१ | पल्लो गहिरो कुवा | रामभोले | ८ | |
| २२२ | पहाघर गहिरो | रामभोले | १५ | |
| २२३ | निगालो खोला | निगालो | २६ | |
| २२४ | भैसि लिम्बु खानेपानी मुहान | बीच टोल | ३० | |
| २२५ | धारा गहिरो /धारा खोला | होसिङ्गा | १५ | |
| २२६ | माथिल्लो आरुपाटे | आरुपाटे | १५ | |
| २२७ | चुले भीर कालो खोला मुहान | रामभोले | ३० | |
| २२८ | देविथान ठुलो सिम /जिरी खिम्ती | होसिङ्गा | २१ | |
| २२९ | जिरी खिम्ती मुहान | ठुलो सिम | ४१ | |
| २३० | च्यान गैरे मुहान | कार्की टोल | १२ | |
| २३१ | आरुपाटे रातोपानी /नागथान | सुवेदी टोल | १७ | |
| २३२ | ठुलोपातल साउने पानी | ठुलोपातल साउने पानी | २० | |
| २३३ | छापखोला मुहान | सल्ले फेदी | ७ | |
| २३४ | कालीमाटी खोला खानेपानी मुहान | माथिल्लो सल्ले /कालीमाटी खोला | १५ | |
| २३५ | सल्ले फेदी मुहान | सल्ले फेदी | १२ | |
| २३६ | नौले घदेरी | सल्ले फेदी | १० | |
| २३७ | नक्कले खानेपानी मुहान | ठुलोपातल | १५ | |
| २३८ | गैरि मुहान (मिर्गे) लिसे | मिर्गे | ५५ | |
| २३९ | भुसाउने खोला खा.पा. | माथिल्लो भुसाउने | ६ | |

| क्र.सं. | खानेपानी स्रोतको नाम | स्रोत रहेको स्थान | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| २४० | सल्ले फेदी खानेपानी मुहान | सल्ले फेदी | १२ | |
| २४१ | खाल गैरे मुहान | खोला खर्क | २५ | |
| २४२ | ओडार मुनि मुहान | ओडार मुनि/माने भन्ज्याङ्ग | १४ | |
| २४३ | मिर्गे लिसे | लिसे | २५ | |
| २४४ | खोला खर्क मुहान | खोला खर्क | ११ | |
| २४५ | गैरिघर धारा मुहान | झर्के खोला | २५ | |
| २४६ | साउनेपानी खानेपानी मुहान | सल्ले | १ | |
| २४७ | आरुपाटे मुहान महभीर खोला | महाभीर (पातल खोला) | ५ | |
| २४८ | ओर्खेनी खोला मुहान | ओर्खेनी खोला मुहान | ५ | |
| २४९ | बाङ्गे मुहान | उर्लेनी | १२ | |
| २५० | बाङ्गे मुहान | उर्लेनी गाउँ | १३ | |
| २५१ | लोहोरे खोला मुहान | पखेरे | १५ | |
| २५२ | पातल मुहान | पातलको खोला | ७ | |
| २५३ | रातमाटा धारा मुहान | चिपचिपे | १८ | |
| २५४ | कमिरे जोरधारा | उर्लेनी | १६ | |
| २५५ | सिस्नेरी मुहान | सिस्नेरी /घिसेपु | २५ | |
| २५६ | मचिने धारा मुहान | खोला खर्क | २५ | |
| २५७ | ठाडे बारे पधेँरा | ठाडे बारी, पल्लो डाँडा खर्क | ५ | |
| २५८ | देविथान खानेपानी मुहान | कोलडाँडा | ८ | |
| २५९ | सकिने खानेपानी मुहान | सकिने | १३ | |
| २६० | दमै गाउँ खानेपानी | खोल्मे | १५ | |
